
# शिक्षा क्षेत्रको योजना -२०७८-२०८७

## Education Sector Plan - 2021-2030




धनकुटा

## धनकुटा नगरपालिका, धनकुटा

## प्रदेश नं. १, नेपाल

## २०७८

**दश वर्षे शिक्षा  योजना, धनकुटा नगरपालिका धनकुटा  २०७८ — २०८७**

**धनकुटा नगरपालिकाको  कार्यपालिकाबाट स्वीकृत तथा सिफारिस :मिति २०७८ असार १०गते**

**धनकुटा नगरपालिकाको नगरसभाबाट प्रमाणित : मिति २०७८ असार १० गते**

धनकुटा न.पा. शिक्षा योजना

**नगर शिक्षा योजना निर्माण कार्यदलका सदस्यहरु :**

श्री जम्सेर राई - संयोजक

श्री सिताराम गौतम  - सदस्य

श्री थोपा निरौला  - सदस्य

श्री यज्ञ प्रकाश चापागाईँ- सदस्य

श्री नगेन्द्रमणि श्रेष्ठ - सदस्य सचिव

**शिक्षा योजना लेखन समुह**

श्री नगेन्द्रमणि श्रेष्ठ (शा.अ धनकुटा नगरपालिका नगरकार्यपालिकाको कार्यालय, धनकुटा)

श्री नर बहादुर विश्वकर्मा (प्र.अ श्री श्रीमान् टंक मा. वि धनपा-२ भिरगाउँ)

श्री यज्ञ प्रकाश चापागाईँ (प्र.अ श्री गोकुण्डेश्वर मा.वि धनपा-६ सिरानबजार)

श्री दिपक पोख्रेल (प्र.अ श्री त्रिवेणी मा.वि धनपा-७ चुलिवन)

श्री लक्ष्मी प्रसाद सापकोटा (मा.शि  श्री गोकुण्डेश्वर मा.वि धनपा-६ सिरानबजार)

श्री गोविन्द राई (प्र.अ श्री भाषा मा.वि धनपा-३ कागते)

श्री नवराज खतिवडा (प्रा.स धनकुटा नगरपालिका नगरकार्यपालिकाको कार्यालय, धनकुटा)

**शिक्षा योजना लेखन पुनरालोकन तथा सुझाबकर्ता**

श्री राम बहादुर थापा उपसचिव, प्रमुख प्रशासकीय अधिकृत धनकुटा नगरपालिका

जिल्ला प्राविधिक कार्यदल सदस्य शिक्षा विकास तथा समन्वय इकाइ धनकुटा

**योजना निर्माणको प्राविधिक सहयोग**

श्री योगेन्द्र चापागाईं –  जिल्ला संयोजक तथा क्षेत्रिय प्राविधिक संयोजक,  EGRP II

नोट : NEGRP/EGRP II को प्राविधिक सहयोग तथा सहजीकरणमा यस नगरपालिकाबाट  विद्यालय शिक्षा क्षेत्रको समग्र विकासको लागि दश वर्षिय शिक्षा क्षेत्रको योजना तयार पारिएको छ।

धनकुटा न.पा. शिक्षा योजना



कुनै पनि पालिकाको शिक्षा योजनाले त्यस पालिकाको समग्र शिक्षाको मार्गदर्शन गरेको हुन्छ । यस धनकुटा नगरपालिका धनकुटाको नगरपालिकास्तरीय शिक्षा योजनामा नगरपालिका भित्रको समग्र शैक्षिक अवस्था समावेश गरीएको छ र त्यस अवस्थाका आधारमा दश वर्ष भित्रमा शिक्षा कुन अवश्थामा पुर्याउने भनी चित्रण गरिएको छ । यस शिक्षा योजनाले धनकुटा नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक सूचनाहरुको बस्तुस्थिति प्रस्तुत गर्नुका साथै धनकुटा जिल्लाको समग्र शैक्षिक पक्षलाई धनकुटा नगरपालिका सँग समेत तुलना गरी नगर शिक्षा योजना निर्माणका भावी रणनीतिक योजना कार्यान्वयनले महत्वपूर्ण भूमिका निर्वाह गर्नुका साथै भावी कार्यदिशा निर्धारणका लागि समेत उपयुक्त भएकाले यसको अपरिहार्यतालाई मध्यनजर गरी धनकुटा नगरपालिकाको अन्य स्थानिय तहहरुको शैक्षिक योजना निर्माण ,वार्षिक योजना तर्जुमा लगायतमा सहयोग पुगोस् भन्ने उद्देश्यका साथ धनकुटा नगरपालिकाले इजीआरपी – II को प्राविधिक सहयोगमा यो शिक्षा योजना तयार गरिएको छ ।

यस शिक्षा योजनमामा नगरपालिकाको शैक्षिक सूचना, घरधुरी तथा जनसङ्ख्या,पालिकाको साक्षरताको अवस्था, कार्यान्वयनमा आएका शैक्षिक कार्यक्रमहरु, शैक्षिक सुचांकको माध्यमिक तथा आधारभूत तहको विवरण, पालिकाको शिक्षाको दुरदृष्टि, धेय, लक्ष्य, उदेश्य, रणनीति तथा सिकाइ उपलब्धि विवरण २०७७ आदि शैक्षिक क्षेत्रका पक्षहरु समेटिएका छन् जसले वर्तमान शैक्षिक सूचनाहरुको अवस्थाका बारेमा जानकारी दिएको छ जसका आधारमा सुचकगत लक्ष्य निर्धारण समेत गरिएको छ । त्यस्तै यस शिक्षा योजनाले नगरपालिकास्तरीय स्थानिय वार्षिक योजना तर्जुमा,नीति तथा कार्यक्रम र कार्यविधिहरु निर्धारण गर्न समेत अहम् भूमिका निर्वाह गर्ने कुरामा म विश्वस्त छु ।

यो शिक्षा योजना तयार गर्नका लागि आर्थिक सहयोग गर्ने धनकुटा नगरपालिका नगरकार्यपालिकाको कार्यालय धनकुटा, प्राविधिक सहयोग उपलब्ध गराउनु हुने, सही सूचना उपल्ब्ध गराइ सहयोग गर्नु हुने तथा यस कार्यमा व्यवस्थापन तथा समन्वयकारी भूमिका निर्वाह गर्नु हुने सबै प्रति हार्दिक आभार प्रकट गर्दछु ।

**चिन्तन तामाङ्ग**
**नगर प्रमुख**

धनकुटा न.पा. शिक्षा योजना



शिक्षा मानव जीवनको उज्यालो ज्योति हो जसले मानिसलाई सामाजिक र व्यवहारिक बनाउदै सभ्यताको पहिचान दिलाई राज्यप्रति उत्तरदायी बनाउने भएकाले नागरिकको शैक्षिकस्तरले राज्य सञ्चालनमा प्रभावकारीता ल्याउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । विश्वमा भएका विकसित देशहरुमा परिर्वतनका आधार भनेकै शिक्षामा भएको गुणस्तरीयता र व्यवसायिकता नै हुन । जहाँ गुण्स्तरीय, प्रविधिमैत्री शिक्षाको विकास भएको छ त्यहाँ बेरोजगारी र गरिवी कम हुँदै आर्थिक तथा सामाजिक रुपमा समेत दिगो विकास भई समृद्ध राष्ट्र निर्माण भएको छ ।

नगरपालिका क्षेत्रमा बसोवास गर्ने नागरिकले पाएको शिक्षाको अवसरको विषयमा विस्तृत योजना तयार गर्नु अपरिहार्य रहेको परिप्रेक्ष्यमा धनकुटा नगरपालिकाको पहिलो पटक स्थानीय शिक्षा योजना तयार हुँदा अत्यन्तै खुसी लागेको छ । यो शिक्षा योजनालेले नगर क्षेत्रमा शिक्षाको क्षेत्रमा सवै नगरवासीले समान रुपमा सेवा पाइरहेका छन् छैनन्, हरेक जातजाति र समुदायको शिक्षाको क्षेत्रमा के कस्तो सहभागिता रहेको छ ? असक्त, फरक क्षमता भएका समुदाय, शिक्षाको समान अवसरवाट वञ्चित छन्, छैनन् ? गरिव तथा पिछाडिएको क्षेत्र र समुदायमा शिक्षाको गुणस्तर र सहभागिताको अवस्था कस्तो  छ ? सो विषयमा समेत  मध्यनजर गर्दै सुनिश्चितताका लागि नगरपालिकाले आगामी दिनमा शिक्षा सम्बन्धी नीति, वार्षिक बजेट तथा कार्यक्रम तयार गर्न सहयोग पुग्ने र शैक्षिक गुणस्तर प्राप्ति हुने विश्वास लिएको छु ।

स्थानीय तहलाई संबैधानिक तथा कानूनी रुपमा शिक्षा क्षेत्रमा प्राप्त भएको कानुनी अधिकारलाई संस्थागत गर्दै कार्यान्वयन गर्ने चरणमा धनकुटा नगरपालिकाले शिक्षा ऐन, २०७६ जारी गरी नगर शिक्षा समितिको संरचनागत व्यवस्था समेत गरिसकेको छ । नगरपालिकाले यही शिक्षा ऐनलाई आत्सात् गर्दै शिक्षा समितिको समन्वय र सहकार्यमा सम्पूर्ण शैक्षिक गतिविधिहरु समेत सञ्चालनमा रहेको हुँदा यो शिक्षा योजनाको आधारमा देखिएका सुधारका पक्षहरुलाई सूचकगत रुपमा वार्षिक कार्यक्रम बनाई हरेक वर्ष क्रमश शैक्षिक क्रियाकलापहरु सञ्चालन गरी शैक्षिक उपलव्धि हासिल हुने अपेक्षा गरेको छु ।

धनकुटा नगरपालिकाले इजीआरपी - II को प्राविधिक सहयोग तथा सहजीकरणमा तयार पारिएको यस शिक्षा योजना २०७८ तयार गर्नका लागि अहोरात्र रुपमा प्राविधिक सहयोग गर्नुहुने जिल्ला संयोजक योगेन्द्र चापागाई, यस कार्यका लागि स्थानीय सरकारको तर्फबाट समन्वय गर्नुहुने प्रमुख श्री चिन्तन तामाङज्यु , अध्ययन तथा व्यवस्थापकीय भूमिका निर्वाह गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत श्री राम बहादुर थापाज्यु, शैक्षिक प्रशासनमा कार्यरत कर्मचारी लगायत सवै प्रति उच्च सम्मान् प्रकट गर्दछु ।

**शकुन्तला बस्नेत**
**उपप्रमुख**



धनकुटा नगरपालिका, धनकुटाको नगरपालिकास्तरीय शिक्षा योजनामामा धनकुटा नगरपालिकाको आधार वर्षको शैक्षिक अवस्थ समावेश गरी दश वर्षको शैक्षिक योजाना तयार गरिएको छ । यस शिक्षा योजनामा आफ्नो पालिकाको परिचय, भौगोलिक अवस्था,सामाजिक तथा सांस्कृतीक अवस्था,समग्र शैक्षिक अवस्था,सिकाइ उपलब्धि सहित समग्र शैक्षिक अवस्था तथा अन्य विविध शैक्षिक जानकारीहरुलाई गतारीएको छ ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति सुशासन, विकास र समृद्धिको आकाङ्क्षा अनुसार शिक्षालाई वैज्ञानिक,प्राविधिक,व्यवसायिक,सिपमूलक, रोजगार मूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिष्पर्धी,नैतिक एवंम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य वनाई क्रमश निःशुल्क बनाउने राज्यको नीति बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको लागि आधारभूततह अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनी मौलिक हकको व्यवस्था गरिएको छ । शिक्षाका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरुलाई पूरा गर्न स्थानीय सरकारद्वारा निमार्ण गरिएको यस पालिका स्तरयि शिक्षा योजनाले नगरपालिकाको समग्र दश वर्षे शैक्षिक कार्यक्रम लागु गरी शैक्षिक सुधार हुने कुरामा म विशस्त रहेको छु ।

अन्त्यमा यस नगरपालिपकाको शिक्षा योजना बनाउनका लागि सहयोग गर्ने विशेषत धनकुटा नगरपालिका नगरकायपालिकाको कार्यालय, शिक्षा योजना निर्माण समिति, लेखन समिति तथा यस शिक्षा योजना निर्माणका लगिा प्रविधिक सहयोग तथा सहजीकरण प्रदान गर्नुहुने ई.जी. आर.पी - II तथा तथ्याङक सङ्कलनकर्ता लगायत आ–आफ्नो तर्फबाट सहयोग गर्नुहुने सम्पूर्ण सरोकारबाला पक्षहरुमा विशेष धन्यवाद व्यक्त गर्दछु ।

**प्रमुख प्रशासकीय अधिकृत**

**(राम बहादुर थापा)**

# विषयसूचि

## Contents


कार्यकारी सारांश ........ **Error! Bookmark not defined.**

परिच्छेद १ : परिचय ........ 1

१.१ पृष्ठभूमि ........ 1

१.२ नगरपालिकाको सन्दर्भ ........ 2

१.२.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ ........ 2

१.२.२आर्थिक सन्दर्भ........ 3

१.२.३ भौगोलिक तथा जनसांख्कीय स्वरुप ........ 4

१.३ नगरपालिकाको शैक्षिक सन्दर्भ ........ 5

१.३.१ नीतिगत प्रबन्ध ........ 6

१.३.२ अवस्था, उपलब्धी र अन्तर ........ 10

१.३.२.१ अवस्था ........ 10

१.३.२.२ उपलब्धी र अन्तर ........ 11

१.३.३ प्रमुख समस्या ........ 15

१.३.४ चुनौतिहरु तथा अवसरहरु ........ 16

१.४  योजना निर्माणको प्रक्रिया ........ 16

परिच्छेद २: दुरदृष्टी, ध्येय, उद्देश्य तथा प्रमुख उपलब्धी सुचकहरु ........ 18

२.१ राष्ट्रिय दीर्घकालिन सोच ........ 18

२.२ प्रदेशको दीर्घकालिन सोच ........ 18

२.३ नगरपालिका दीर्घकालिन सोच ........ 18

२.४ नगरपालिका लक्ष्य ........ 18

२.५ नगरपालिकाको उद्देश्यहरु ........ 18

२.६ नगरपालिकाको रणनीतिहरु ........ 19

२.७ मुख्य कार्यसम्पादन सुचकहरु ........ 21

परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु ........ 24

३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा ........ 24

३.१.१ परिचय ........ 24

३.१.२ वर्तमान अवस्था ........ 25

३.१.३ अवसर र चुनौतिहरु ........ 25

३.१.४ उद्देश्य ........ 26

३.१.५ रणनीति ........ 26

३.१.६ उपलब्धी तथा प्रमुख नतिजाहरु ........ 27


धनकुटा न.पा. शिक्षा योजना

(क) उपलब्धी........................................................................................................................................................ 27

(ख) नतिजा ........................................................................................................................................................ 27

३.१.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु........................................................................................................... 28

३.२ आधारभूत शिक्षा ............................................................................................................................................ 30

३.२.१ परिचय ........................................................................................................................................................ 30

३.२.२ वर्तमान अवस्था ............................................................................................................................................ 32

(तथ्यांक स्रोत CEHRD Flash Reports : 2074/75 to 20776/77 धनपा शिक्षा शाखा २०७८)........................................... 33

३.२.३ अवसर र चुनौतिहरु........................................................................................................................................ 33

३.२.४ उद्देश्य ........................................................................................................................................................ 34

३.२.६ उपलब्धि र नतिजा......................................................................................................................................... 35

(क) उपलब्धि........................................................................................................................................................ 35

(ख) नतिजा ........................................................................................................................................................ 35

३.२.७ प्रमुख क्रियापलाप तथा लक्ष्यहरु ................................................................................................................... 35

३.३ माध्यमिक शिक्षा............................................................................................................................................... 38

३.३.१ परिचय ........................................................................................................................................................ 38

३.३.२ वर्तमान अवस्था ............................................................................................................................................ 39

(तथ्यांक स्रोत CEHRD Flash Reports : 2074/75 to 20776/77)............................................................................ 40

३.३.३ अवसर र चुनौती ............................................................................................................................................ 40

३.४ पाठ्यक्रम र मूल्याङ्कन......................................................................................................................................... 45

परिच्छेद : ४ अन्तर सम्बन्धित क्षेत्रहरु ....................................................................................................................... 64

४.१ समावेशी तथा समता ........................................................................................................................................ 64

४. २ दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रम ......................................................................................................... 70

४.३ छात्रवृत्ति........................................................................................................................................................ 75

४.४ आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा ....................................................................................................... 78

४.५ विद्यालयको भौतिक पुर्वाधार विकास ..................................................................................................................... 84

४.६ शिक्षामा सूचना र प्रविधि .................................................................................................................................... 88

परिछेद ५ विद्यालय सुशासन तथा व्यवस्थापन ............................................................................................................. 92

५.१ परिचय ........................................................................................................................................................... 92

५.१.१ संस्थागत संरचना र क्षमता विकास........................................................................................................................ 92

५.१.२ वर्तमान अवस्था ............................................................................................................................................. 93

५.१.३ उद्देश्य .......................................................................................................................................................... 93

५.१.४ रणनीतिहरु...................................................................................................................................................... 94

५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप ................................................................................................................... 94

५.१.६ प्रमुख क्रियाकलापहरु र लक्ष्यहरु ...................................................................................................................... 95

परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन ......................................................................................................................... 97

धनकुटा न. पा. शिक्षा योजना

६.१ परिचय ........ 97
६.२ वर्तमान अवस्था ........ 98
६.३ उद्देश्य........ 100
परिच्छेद ७ : कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समन्वय तथा सहजीकरण ........ 105
७.१ परिचय ........ 105
७.२ वर्तमान अवस्था........ 106
७.३ चुनौति र अवसर ........ 107
७.४ उद्देश्य ........ 108
७.५ रणनीतिहरु........ 108
७.६ उपलब्धि ,नतिजा........ 109
७.७ समन्वय र सहजीकरणः........ 110
७.८ मुख्य क्रियाकलाप र लक्ष्य........ 111
परिच्छेद ८ : योजनाको नतिजा खाका ........ 113
८.१ परिचय ........ **Error! Bookmark not defined.**

धनकुटा न. पा. शिक्षा योजना

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

शिक्षा सामाजिक तथा आर्थिक रुपान्तरणको मुल आधार हो। शिक्षाको माध्यम बाट नै व्यक्तिले आफु, आफ्नो समुदाय र राष्ट्रको परिवर्तनको लागि सशक्त भूमिका खेल्न सक्छ। त्यसैले समाज रुपान्तरण तथा परिवर्तन, सामाजीकिकरण, सामाजिक न्याय, शान्ति स्थापनाको आधारका साथै आर्थिक वृद्धि तथा वातावरणीय संरक्षणको एक प्रभावशाली शक्ति, उत्प्रेरक, माध्यमका रुपमा शिक्षा रहँदै आएको छ। शिक्षाले राष्ट्र निर्माण तथा विकासको लागि चाहिने मानव संसाधनको विकासमा अहम् भूमिका राख्दछ। नगरपालिकाको शिक्षा विकास नै समग्र नगरको विकासको एक प्रमुख आधार हो।

नेपालको वर्तमान संविधानले आधारभूत तह सम्मको शिक्षालाई अनिवार्य र निःशुल्क गरेको छ। माध्यमिक तह सम्मको शिक्षालाई निःशुल्क गर्ने हकको सुनिश्चतता गरेको छ। त्यसैगरी, अपाङ्गता भएका तथा आर्थिक रुपले पिछाडिएका बालबालिकाहरुको शिक्षामा कानुन बमोजिम निःशुल्क गर्ने कुराको समेत सुनिश्चत गरेको छ। संघीय स्वरुपको राज्य व्यवस्था भए अनुरुप तीनै तहका सरकारहरु स्थापना भइ क्रियाशिल अवस्थामा छन्। सबै सरकारहरुका आ-आफ्ना परिवेश भए अनुरुप र प्राप्त अधिकार बमोजिम शिक्षा क्षेत्रलाई फरक ढङ्गबाट सम्वोधन गर्नुपर्ने अवस्था सिर्जना भइसकेको छ। तीनै तहका सरकारहरुले समन्वयात्मक ढंगबाट शिक्षा क्षेत्रको विकासको लागि योजना बनाइ परिवर्तित मर्म र गन्तव्यहरुलाई उक्त योजनामा प्रतिबिम्वित गर्दै राष्ट्रले लिएका लक्ष्यहरु पुरा गर्नु आजको आवश्यकता हो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ (२४) मा योजना तयारको सन्दर्भमा नीतिगत व्यवस्था भएको छ। जसमा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक, वार्षिक, क्षेत्रगत योजनाहरु बनाउनुपर्ने, यसरी योजना बनाउँदा संघ र प्रदेश सरकारको नीति, लक्ष्य तथा उद्देश्यसँग तादात्म्यता कायम गर्नुपर्ने, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिनुपर्ने, छिटो र उच्च प्रतिफल दिने, रोजगारीमूलक, दीगो एवं सामाजिक न्याय अभिवृद्धि गर्ने विषयलाई प्राथमिकता दिने, स्थानीय तहले मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची (Project Bank) तयार गर्नुपर्ने, सहभागितामूलक योजना तर्जुमाको पद्धति अवलम्बन गर्ने र सरोकारवालाहरुको अधिकतम सहभागिता सुनिश्चित गर्नेजस्ता विषयहरुका विषयमा नीतिगत भए बमोजिम नै क्षेत्रगत योजना तयार गर्नु नीतिगत व्यवस्था छ।

नेपाललाई वि.सं. २०७९ (सन् २०२२) सम्ममा अल्पविकसित राष्ट्रको स्तरबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्न र वि.सं. २०८७ (सन् २०३०) सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरण गर्न आवश्यक जनशक्ति उत्पादन गर्नका साथै नेपालले सरकारले राखेको २५ वर्षिय दीर्घकालिन सोच संमृद्ध नेपाल सुखी नेपाली सहितको राष्ट्रको विकासमा पनि शिक्षा क्षेत्रको विकास र सुधार आजको अपरिहार्यता रहेको छ। संघीय शासन प्रणाली अन्तरगत सहकारिता समन्वय र सह-अस्तित्वको मुल मर्मलाई आत्मसात गर्दै 'समृद्ध नेपाल सुखी नेपाली'को लक्ष्य प्राप्तिमा स्थानीय सरकारको सहभागिता र योगदान सुनिश्चत गर्न स्थानीय सरकारले सहयोग पुर्याउनु आजको अपरिहार्यता रहेको छ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ अधिकारहरु को व्यवस्थाको प्रभावकारी कार्यान्वनयका साथै, नेपाल सरकारले तय गरेका शिक्षा क्षेत्रको १० वर्ष योजना, शिक्षा नीति २०७६, विद्यालय सबलीकरण दशक (२०७६ -२०८५), १५ वर्षे दिगो विकासको लक्ष्य, १५ औं आवधिक योजनाले तय  गरेका लक्ष्यहरु पुरा गर्न का लागि र त्यसको कार्यान्वनयमा पनि स्थानीय सरकारले सहयोग समन्वय तथा आत्मीकरण गर्नु आवश्यक रहेको छ। त्यसैगरी सन् २०३० सम्म प्राप्त गर्ने भनेर तय भएको १७ वटा दिगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य नं. ४ मा सबैका लागि समावेशी र समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरु प्रोत्साहित गर्ने लक्ष्य निर्धारण गरेको छ। जसको लागि ७ उद्देश्य तथा ३ माध्यमहरु तय गरेको छ। त्यसको साथै यस नगरपालिकाले पनि समग्र पालिकाको विकास र परिवर्तनका लागि केहि सोच, लक्ष्य, उद्देश्य सहित शिक्षा क्षेत्रको नीति तय गरेको छ।

हरेक आ.व. मा स्थानीय सरकारले वार्षिक वजेट तथा कार्यक्रम तयार गर्नु पर्ने हुन्छ र आगमि दिनमा एकमुष्ट संघीय सरकारबाट वजेट प्राप्त हुने र त्यसबाट स्थानीय सरकार आँफैले  वार्षिक कार्यक्रम बनाउनु पर्ने सन्दर्भ रहेको छ। हालै कोभिड १९ ले शिक्षा क्षेत्रमा पारेको प्रभावलाई मध्यनजर गर्दै शिक्षा क्षेत्रको सुधारका लागि  एवम् नगरपालिकामा भएका सिमित स्रोत साधन तथा शिक्षा क्षेत्रको सुधारका असिमित आवश्यकता तथा समस्याहरुको सम्बोधनका लागि पनि  व्यवहारिक रुपमा कार्यान्वनयन योग्य योजनाको विकल्प नभएको हालको अवस्था रहेको छ ।

उल्लेखित सन्दर्भमा राज्यको शिक्षा सम्बन्धी नीति,कार्यक्रम,लक्ष्य,तथा उद्देश्य पुरा गर्न स्थानीय नगरपालिकाका आवश्यकताहरु पुरा गर्न नगरपालिकाको आफ्नो परिवेश अनुसारको शिक्षा क्षेत्रको १० वर्ष योजना तयार गर्नु आजको आवश्यकता रहेको निष्कर्ष रहेको छ। साथै प्रारम्भिक कक्षा पढाइ कार्यक्रम II को प्राविधिक तथा व्यवस्थापन तथा शिक्षा विकास तथा समन्वय इकाइ धनकुटाको आयोजनामा मिति २०७७ माघ ११ देखि १५ सम्म हिलेमा सञ्चालित ५ दिने क्षमता विकास कार्यक्रमको क्रममा समेत सबै सहभागिहरु बाट जिल्लाका सबै स्थानीय सरकारहरुले शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न पालिका स्तरमा शिक्षा प्रोफाइल तथा शिक्षा योजना अति नै आवश्यक रहेको र तयार गर्ने प्रतिबद्धता गरे बमोजिम योजना निर्माणको कार्यलाई अगाडि बढाइएको हो।

## १.२ नगरपालिकाको सन्दर्भ

### १.२.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ

धनकुटा नगरपालिका एक सामाजिक तथा सांस्कृतिक रुपमा विविधता पूर्ण स्थानीय सरकार हो। विभिन्न जातजातिको बसोबास भएको यो नगर आ-आफ्नै परम्परा र संस्कृतिको केन्द्र बनेर हालसम्म रहेको छ । हाल यहाँ आठपहरिया,नेवार,ब्राह्मण,क्षेत्री,राई,लिम्बू,मगर,शेर्पा,तामाङ्ग,दमाई,कामी,सार्की लगायतका जातजातिहरूको बसोबास छ।यस नगरपालिकामा सबै भन्दा बढी जनजाति समुहको मानिसहरुको बहुल्यता रहेको छ। ब्रमाण क्षेत्री प्रतिशत, जनजाती प्रतिशत, दलित प्रतिशत, मधेसी प्रतिशत र अन्य प्रतिशतको क्रमशः ३१.७२, ५९.२१, ७.१४, १.०८, ०.८५ रहेको छ। (स्रोत : गाँउपालिका/नगरपालिकाको रुपरेखा  धनकुटा २०७४, जिल्ला तथ्याङ्क कार्यालय ) धनकुटा नगरपालिकाको घरधुरी सर्वेक्षण २०७५ अनुसार क्षेत्री,राई,आठपहरिया,नेवार,तामाङ, ब्राह्मण,मगर,कामी,लिम्बू, दमाई, सार्की, भुजेल, ठकुरी, अन्य, उल्लेखनगरीएका, विदेशीको प्रतिशत क्रमशः २२.९२, १४.६, १२.४४, ८.६१, ८.३१, ७.६९, ७.६२, ४.४९, ३.८४, १.८९, १.४२, १.१४, १.०९, ३.४०, ०.४६०.०६ रहेको छ।  त्यसैगरी, यस नगरपालिकामा सबै भन्दा धैरै नेपालीभाषा

बोल्ने ७३.४२ प्रतिशत मानिसको बसोबास रहेको छ भने त्यसपछि राई भाषा बोल्ने १२.५७ प्रतिशत मानिसहरु रहेका छन् । त्यसैगरी नेवार २.९७, तामाङ्ग २.३८, मगर १.९६ भोजपुरी १.९० र लिम्बू १.०९ प्रतिशत मानिसहरुको बसोबास रहेको छ । (स्रोत घरधुरी सर्वेक्षण नगरपालिका २०७५ )

## १.२.२आर्थिक सन्दर्भ

नगरवासीका अन्नत आवश्यकता र चाहानाका विच आवश्यकताको प्राथमिकीकरण गर्दै क्रमश: आवश्यकता र चाहनाहरुलाई सम्वोधन गरी धनकुटा नगरपालिकाले विभिन्न आर्थिक योजना तथा क्रियाकलापलाई संचालन गरेको छ । कम आय भएको मुलुकबाट नेपाललाई मध्यम आय भएको राष्ट्रमा पुर्याउने सरकारको महत्वकांक्षी योजनालाई साकार बनाउन धनकुटा नगरपालिका क्षेत्र भित्र पूर्वाधार विकासका साथ साथै  कृषि पर्यटन माध्यमबाट नगरवासीको जीवनस्तर सुधारमा सहयोग पुर्याउने कार्यक्रम  सञ्चालन भइरहेका छन् । साथै १० वर्षे नगर शिक्षा योजना लाई पुरा गर्नका लागि शिक्षामा प्राप्त संघ,प्रदेश तथा स्थानिय तहको स्रोतको  समन्वयात्मक ढंगले परिचालित गरीने र आवश्यकताको आधारमा शिक्षा क्षेत्रको वजेटलाई वृद्धि गर्दै लैजाने साथै विभिन्न सहयोगी सरकारी गैरसरकारी साझेदार संघ संस्था तथा  दाता निकायको सहकार्यमा शिक्षा क्षेत्रको आर्थिक पक्षलाई सुदृढ बनाउदै लैजाने लक्ष्य रहेको छ । साथै धनकुटा नगरपालिकाले आ. व. २०७८\२०७९ मा  तपशिल बमोजिमको वजेट विनियोजन  गरेको छ ।

धनकुटा नगरपालिका नगरकार्यपालिकाको कार्यालय,धनकुटा

आ.व २०७८/०७९को शिक्षा क्षेत्रको वजेट तथा कार्यक्रम

| क्र. स | योजना/कार्यक्रमको नाम | विनियोजित वजेट |
|---|---|---|
| १ | बाल विकास केन्द्रका स.का र विद्यालय कर्मचारिको तलब साझेदारी | ८६४५००० |
| २ | मार्गेश्वरी प्रा.वि किन्ताङ विद्यालय घेराबारा | २००००० |
| ३ | बौद्ध शिक्षा पाठशाला व्यवस्थापन | ५००००० |
| ४ | श्रीमान टक मा.वि विद्यालय घेराबारा | ४००००० |
| ५ | जनता आ. वि शैक्षिक गुणस्तर सुधार | २००००० |
| ६ | देउराली मा. वि शैक्षिक गुणस्तर व्यवस्थापन | २००००० |
| ७ | चुलिवन प्रा. वि शैक्षिक गुणस्तर व्यवस्थापन | १००००० |
| ८ | मार्गेश्वरी प्रा. वि शैक्षिक  व्यवस्थापन | ४००००० |
| ९ | नगर शिक्षा योजना तयारी | १००००० |
| १० | शैक्षिक विकास कार्यक्रम | ४००००० |
| जम्मा | | ११९४५००० |

## १.२.३ भौगोलिक तथा जनसांख्कीय स्वरुप

धनकुटा नगरपालिका पूर्वि नेपालको महाभारत पर्वत श्रृङ्खलामा अवस्थित एक सुन्दर पहाडी नगरी हो । यस नगरपालिका नेपालको पुरानो राजनैतिक संरचना अनुसार पूर्वाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम पनि हो र हाल यो नगरपालिका प्रदेश नं १ अन्तर्गत पर्दछ । यो नगरपालिका धनकुटा जिल्लाको सदरमुकाम पनि रहेको छ । यसको विकास क्रमलाई हेर्दा यहाँ करिव ४०० वर्ष पहिलेदेखि बस्ती बसेको मानिन्छ । यस नगरपालिकाको वडा नं ७ हुलाकटोलको पुछारमा शिरवानी भन्ने ठाउँमा रहेको मेजर पाटी नाउँले चिनिने पाटीभित्र नटाँसिएको शिलालेख अनुसार वि. सं. १८८३ सालमा त्यो पाटि र त्यहाँ देखि अलि तल घुमाउने चौतारा थापा थर भएको मान्छेले बनाएको शिलालेखमा प्रष्ट छ । त्यस बखत त्यहाँ यस्माली मगरहरूको बसोबास र पछि भादगाउँबाट आएका नेवारहरूको बसोबास भएको देखिन्छ ।

विश्वमान चित्रमा एशिया महादेशभित्रको दक्षिण एशियामा अवस्थित सानो भुपरिवेष्ठित मुलुक नेपालको पूर्वी पहाडमा अवस्थित धनकुटा नगरपालिका भौगोलिक अवस्थितिको हिसावले २६ डिग्री ५९ मिनेट देखि २७ डिग्री ०२ मिनेट उत्तरी अक्षांश र ८६ डिग्री १७ मिनेट देखि २७ डिग्री २३ मिनेट पूर्वी देशान्तरमा अवस्थित छ ।धनकुटा नगरपालिका धनकुटा जिल्लाका ७ वटा स्थानीय तहमध्ये एक हो । कूल १११.०८ व.कि.मी. क्षेत्रफलमा फैलिएको यो नगरपालिकाले धनकुटा जिल्ला (८८७.७ व.कि.मी.) को १२.५% र नेपालको कूल भू–भाग (१,४७,१८१ व.कि.मी.) को०.०७५% क्षेत्रफल ओगटेको छ ।

धनकुटा जिल्लाको मध्य भागमा अवस्थित यो नगर समुन्द्री सतहबाट २५० मीटर देखि २१४४ मीटर सम्मको उचाईमा अवस्थित छ । डाँडाको थाप्लोदेखि तल पुच्छारसम्म बस्ती फैलिएको हुनाले भौगोलिक बनावटको आधारमा यस नगरपालिका लाई पहाडी प्रदेश र बेसी प्रदेशमा विभाजन गर्न सकिन्छ । अधिकांश भूभाग भिरालो र दक्षिणी मोहडातिर फैलिएको छ । डाँडामै अवस्थित भएको कारणले यसको पानी निकास दक्षिण दिशातिर हुने गरेको छ । सबै खोलाहरु तमोर नदी भई नगरपालिकाको पश्चिमदेखि दक्षिणबाट बाहिर निस्किन्छ । पहुँच को सुविधाको हिसाबले धनकुटालाई सुगम मान्नुपर्छ । विराटनगर, धरान, इटहरी जस्ता ठूला शहरबाट कोशी राजमार्ग हुँदै धनकुटा पुग्न सजिलो छ भने ध.न.पा.को हिले बजार हुँदै संखुवासभा र तेह्रथुम जिल्ला पुग्न सकिन्छ । छिमेकी धरान शहरबाट यो नगरपालिकाको केन्द्र ५२ कि.मी. उत्तरतर्फ रहेको छ ।यस नगरपालिकाको सिमाना पूर्वमा छथर जोरपाटी गाउँपालिका, पश्चिममा शहिदभूमी गाउँपालिका, उत्तरमा पाख्रीबास नगरपालिका तथा दक्षिणमा सांगुरीगढी गाउँपालिका रहेका छन् ।

यहाँको हावापानी समशितोष्ण मनसुन प्रकारको रहेको छ । जाडोमा अलि जाडो र गर्मी महिनामा सामान्य गर्मी हुनु यहाँको विशेषता हो । यहाँ चैत्र देखि आश्विन सम्म गर्मी रहन्छ भने कार्तिक देखि माघ सम्म जाडो मौसम रहन्छ । सबैभन्दा जाडो महिना पुष – माघमा अधिकतम तापक्रम ३ देखि ७० सेल्सियससम्म झर्छ भने सबैभन्दा गर्मी महिना जेठमा तापक्रम २७ देखि ३२० सेल्सियस सम्म पुग्छ । नगरको सबै भन्दा गर्मी ठाउँ मुलघाट र सवै भन्दा जाडो ठाउँ पर्यटकीय स्थान हिले बजार हो । त्यसैगरी, यस नगरपालिकामा औषत वर्षा १००० देखि १२०० मिलीमीटर रहेको छ । यहाँको प्रमुख नदीनालाहरु तमोर नदी, ताङ्खुवा खोला, पात्ले खोला, निबुवा खोला, सिस्ने खोला र ठोका खोला हुन् । प्रशासनिक रुपमा सेवा प्रवाह गर्न यो नगरलाई १० वटा वडाहरुमा विभाजन गरीएको छ । समुदायस्तरमा सामाजिक आर्थिक विकासका लागि १७७ वटा टोल विकास संस्थाहरु, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रहरु गठन गरी सामाजिक परिचालनका कार्यहरु भइरहेको छ ।

२०७५ सालमा धनकुटा नगरपालिकामा सम्पन्न गरीएको घरधुरी तथ्याङ्क सङ्कलनबाट प्राप्त तथ्याङ्क अनुसार दश वटा वडाको कूल ११०.८५ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको ८,६५३ घरपरिवारमा कूल ३४,१५६ जनसङ्ख्या रहेको छ। तथ्याङ्कलाई हेर्दा लैङ्गिक अनुपात प्रति १०० जना महिलाहरूमा पुरुषको जनसङ्ख्या भने कम अर्थात ८९.४८ जना रहेको देखिन्छ। अर्को तर्फ प्रतिवर्ग किलोमिटर क्षेत्रफलमा ३०८ जनाको दरमा जनघनत्व रहेको देखिन्छ। यस नगरपालिकाको भौगोलिका तथा जनसाङ्ख्यकीय विवरण तल प्रस्तुत गरीएको छ।

| **वडा** | **परिवार सङ्ख्या** | पुरुष | महिला | जम्मा | लैङ्गिक अनुपात | औषत परिवार आकार | क्षेत्रफल वर्ग किमि | जनघनत्व प्रतिवर्ग किमि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १६३९ | ३०९७ | ३३६७ | ६४६४ | ९१.९८ | ३.९४ | ७.४७ | ८६५ | |
| २ | ९६२ | १८५९ | २०९९ | ३९५८ | ८८.५७ | ४.११ | २०.९६ | १८९ | |
| ३ | ५०६ | ९८३ | १०७७ | २०६० | ९१.२७ | ४.०७ | ११.३१ | १८२ | |
| ४ | ६५७ | ११३२ | १३५६ | २४८८ | ८३.४८ | ३.७९ | ३.५७ | ६९७ | |
| ५ | ७१९ | ११६३ | १४६६ | २६२९ | ७९.३३ | ३.६६ | ३.८७ | ६७९ | |
| ६ | ९८९ | १७११ | १८६१ | ३५७२ | ९१.९४ | ३.६१ | ६.५४ | ५४६ | |
| ७ | ११६२ | १९०२ | २३३२ | ४२३४ | ८१.५६ | ३.६४ | ३.१७ | १३३६ | |
| ८ | ४५९ | ९०६ | १०६७ | १९७३ | ८४.९१ | ४.३० | १२.४१ | १५९ | |
| ९ | ९४३ | २१४९ | २०९७ | ४२४६ | १०२.४८ | ४.५० | २९.९९ | १४२ | |
| १० | ६१७ | १२२८ | १३०४ | २५३२ | ९४.१७ | ४.१० | ११.५६ | २१९ | |
| **जम्मा** | **८६५३** | **१६१३०** | **१८०२६** | **३४१५६** | **८९.४८** | **३.९५** | **११०.८५** | **३०८** | |

स्रोत घरधुरी सर्वेक्षण २०७५ नगरपालिका

जनगणना २०६८ को तथ्याङ्कको आधारमा हेर्ने हो भने ३० प्रतिशत बालबालिकाहरु १५ वर्ष मुनिका रहेको विवरण देखिन्छ। बालबालिकाहरुको सङ्ख्याको आधारमा नै शैक्षिक योजनाको विकास गर्नुपर्ने हुन्छ । जनसङ्ख्याको यस प्रकारको प्रकृतिको र प्रदेशको भौगोलिक स्वरुपले पनि शिक्षा योजना कार्यान्वनयमा प्रभाव पर्ने हुँदा यसलाई पनि विश्लेषण गर्दै शिक्षा योजना तयारको प्रक्रियाको विकास भएको छ।

## १.३ नगरपालिकाको शैक्षिक सन्दर्भ

नेपालको शैक्षिक संरचनाको दृष्टि हेर्दा विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ। एक वर्ष अवधिको प्रारम्भिक बालविकास तथा शिक्षा पछि कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायम गरीएको छ भने कक्षा कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरीएको छ। माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने व्यवस्था गरीएको छ।

आधारभूत तहलाई अनिवार्य तथा निःशुल्क गरीएको छ भने माध्यमिक तहलाई निःशुल्क रहने व्यवस्था गरीएको छ। विद्यालय शिक्षालाई दुई तरीका निजी लगानी र सरकारी लगानी बाट व्यवस्थापन गरीएको छ।

## १.३.१ नीतिगत प्रबन्ध

विभिन्न समयमा जारी भएका नेपालका संविधान सँगै हाल कार्यान्वनमा रहेको नेपालको संविधान २०७२ ले पनि शिक्षालाई प्राथमिकतामा रहेको पाइन्छ। नेपालको संविधानको २०७२ को भाग ३ मा मौलिक हकको व्यवस्था गरीएको छ। जस अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ। धारा ३१ मा शिक्षालाई नागरिकको आधारभूत अधिकारको रुपमा व्यवस्था गरीएको देखिन्छ भने प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुने, अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने कुरा उल्लेख गरीएको छ।

त्यसैगरी संविधानको धारा ३८ महिलाको हक अन्तरगत उपधारा(५) मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ। नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हक अन्तर्गत उपधारा (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा,स्वास्थ्य,पालनपोषण,उचित स्याहार,खेलकूद,मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ भन्ने उल्लेख गरीएको छ। साथै सोही धाराको उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक उल्लेख छ र उपधारा ७ मा कुनै पनि बालबालिकालाई घर,विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्यकुनै किसिमको यातना दिनपाइने छैन भनी उल्लेख गरीएको छ। त्यसैगरी संविधानको धारा ४० मा दलितको हक अन्तरगत उपधारा (२) मा दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षा सम्म कानुन बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ साथै प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितको लागि कानुन बमोजिम विशेष व्यवस्था गरीने छ भन्ने व्यवस्था गरीएको छ। संविधानको धारा ४२ मा सामाजिक न्यायको हक अन्तरगत उपधारा (२) मा आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण,उत्थान,सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ भनी उल्लेख भएको छ। संविधानको धारा ४७ मा मौलिकहकहरुको कार्यान्वयन लागि आवश्यकता अनुसार राज्यले संविधान प्रारम्भ भएको तीनवर्ष भित्र कानुनी व्यवस्था गर्नेछ भनी उल्लेख भएको छ।

त्यस्तै गरी संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त तथा राज्यका नीतिहरु अन्तर्गत धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति भित्र शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक रोजगार मूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एंव राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई

सहज, गुणस्तरीय र पहुँच योग्य बनाइ क्रमशः निःशुल्क बनाउँदै लैजाने, नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने भनी उल्लेख भएको छ।

नेपालको संविधानको अनुसूचि ५ मा केन्द्र सरकार वा संघको अधिकार सूचि भित्र शिक्षा सम्बन्धी अधिकारहरुमा केन्द्रीय विश्वविद्यालय,केन्द्रीय स्तरको प्रज्ञाप्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन तथा केन्द्रीय पुस्तकालय तोकिएको छ । त्यस्तै गरी संविधानको अनुसूचि ६ मा प्रदेशको अधिकारसूचि भित्र शिक्षा सम्बन्धी अधिकार मा प्रदेश विश्वविद्यालय, उच्चशिक्षा, पुस्तकालय, संग्रहालय तोकिएको छ साथै संविधानको अनुसूचि ८ मा स्थानीयतहको अधिकार सूचि भित्र शिक्षा सम्बन्धी अधिकारहरुमा आधारभूतर माध्यमिक शिक्षा तोकिएको छ साथै संविधानको अनुसूचि ७ र ९ मा संघ,प्रदेश र स्थानीय तहको अधिकारका साझा सूचि भित्र शिक्षा समेत समावेश गरीएको छ । नेपालको संविधानले संघ प्रदेश तथा स्थानीय तहलाई निर्दष्ट गरेका एकल वा साझा अधिकारहरुको व्यवहारिक रुपमा कार्यान्वनय गर्दै राष्ट्रले लिएका शैक्षिक नतिजाहरुको लागि आपसी समन्वय, सहकार्य र सह-अस्तित्व आजको आवश्यकता हो ।

त्यसैगरी चालु अवस्थामा रहेको १५ औं आवधिक योजनाले शिक्षा क्षेत्रको विकासको लागि स्पष्ट मार्गनिर्देशन गरेको छ । यस योजनाले पनि गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य लिएको छ भने उद्देश्यहरुमा सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय,जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु,प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु,पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनसुन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउँदै ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु, सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नु तथा संघीय संरचना अनुरूप सबै तहका शैक्षिक-प्रशासनिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्नु रहेका छन् ।

शिक्षा क्षेत्रको सुधार तथा विकासको लागि नेपाल सरकारले शिक्षा नीति २०७६ पनि जारी गरेको छ । उक्त नीतिले शिक्षा क्षेत्रमा सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने लक्ष्य राखेको छ । त्यसैगरी यस नीतिले उद्देश्यहरुमा बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु, आधारभूत शिक्षामा सबैको सहज एवं समतामूलक पहूँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्नु, गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहूँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवं समतामूलक पहूँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति तयार पार्नु, ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहूँच र गुणस्तर अभिवृद्धि गरी विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष वैज्ञानिक, नवप्रवर्तनात्मक, अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संशाधन विकास गर्नु, नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु ,सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्नु,

शिक्षा प्रणालीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरूको पेसागत योग्यता, सक्षमता,इमान्दारिता, प्रतिबद्धता र जवाफदेहीता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु, सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यास Best (practices) लाई सम्मिलन (fusion) गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सवलीकरण गर्नु,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु, औपचारिक, अनौपचारिक र अरीतिक शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता, गतिशिलता र पारगम्यता सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु,शिक्षा प्राप्तिको संवैधानिक र कानूनी दायित्व पूरा गर्न राष्ट्रिय प्राथमिकताका आधारमा पर्याप्तता समन्यायिकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नुर व्यक्तिमा वैज्ञानिक चिन्तन र व्यवहार विकास गर्न विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकिकरण गर्दै परम्परागत एवं आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्नु राखेको छ।

दिगो विकास लक्ष्यहरू सन् २०१५ को सेप्टेम्बरमा संसारका १९३ वटा राष्ट्रहरूले संयुक्त रूपमा अङ्गीकार गरेका आवधिक विकासका दस्ताबेजहरू हुन्। संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूको सहमतिमा अघि सारिएका १७ वटा दिगो विकासका लक्ष्यहरू सन् २०१६ को जनवरी १ बाट कार्यान्वय आएको र नेपाल सरकारले पनि यसका लक्ष्यहरु पुरा गर्न प्रतिवद्धता ब्यक्त गरीसकेको अवस्थमा यस ले तय गरेको शिक्षाको लक्ष्य नम्बर चारमा रहेको समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवद्र्धन गर्ने लक्ष्यले पनि प्रदेशको शिक्षा योजना निर्माणमा निर्देशन प्रदान गर्दछ।

त्यसैगरी यस नगरपालिकाको शिक्षा क्षेत्रमा तलका अधिकारहरु रहेकाछन्।

- प्रारम्भिक वाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन।
- सामुदायिक,संस्थागत,गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन र नियमन।
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमती, अनुगमन र नियमन।
- गाभिएका वा बन्द गरीएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
- गाउँ तथा नगर शिक्षा समिति गठन र व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामाकरण,

धुनकुटा न.पा. शिक्षा योजना

- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व,सम्पत्तिको अभिलेख,संरक्षण र व्यवस्थापन
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्य सामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक एवं कर्मचारीको दरबन्दी मिलान,
- विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
- विद्यार्थी सिकाइको उपलब्धिको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीय स्तरका शैक्षिक ज्ञान,सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक विद्यालयलाई दिइने अनुदान तथा सोको व्यवस्थापन,विद्यालयको आय व्यायको लेखा अनुशासन कायम,अनुगमन र नियमन,
- शिक्षण सिकाइ र शिक्षक र कर्मचारीको तथा क्षमता विकास,
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन।

त्यसैगरी यस धनकुटा नगरपालिकाले स्थापनाकाल देखि नै विद्यालयको गुणस्तर सुधारमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। मुलत विद्यालयको भौतिक सुधार प्रारम्भिक बालविकास तथा प्रारम्भिक कक्षाको पठनसीप सहित सिकाइ सुधारमा जोड दिदै आएको छ। विद्यालयको शैक्षिक उपलब्धि वृद्धि तथा अन्य विविध पक्षहरुको अनुगमन गरी गुणस्तर सुधारका लागि विद्यालय अनुगमन गरी सुझावहरु प्रदान गरीएको छ। शिक्षकको अनुपात मिलान गर्न दरबन्दी मिलानको कार्यलाई प्राथामिकता साथ अगाडि बढाउदै लगिएको छ। अध्ययापनरत शिक्षकलाई बदलिदो परिस्थिति अनुसार समसासयिक बनाउन छोटो अवधिका तालिमहरु सञ्चालन गरीएको छ। ICT को तालिम प्रदान गरी विद्यालयलाई प्रविधिमैत्री बनाउने प्रयासहरु भएका छन्। विद्यालयमा CC Camera जडान तथा प्रयोग कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला ,पुस्तकालय व्यवस्थापन र प्रयोगमउ जोड दिइदै आईएको छ। विद्यालय भवन निर्माण, शौचालय निर्माण, घेराबारा खानेपानी आदिको व्यवस्थापनमा सुधार गरीदै लगिएको छ। सामुदायिक विद्यालयका ६-१२ कक्षाका छात्राहरुलाई

धनकुटा न.पा. शिक्षा योजना

निःशुल्क सेनिटरी प्याडको उचित व्यवस्थापन भएको छ। पूर्व  प्रा.वि देखि कक्षा ५ सम्मका बालबालिकाहरुका लागि दिवा खजाको प्रवन्ध मिलाईएको छ। यसै गरी छात्रा, दलित तथा अपांङ्गता भएका बालबालिकाका लागि छात्रवृतीको व्यवस्था रहेको छ। उल्लेखित शैक्षिक सुधारका लागि गरीएका प्रयासहरुका बाबजुद पनि शिक्षामा सुधारका लागि गरीनुपर्ने कार्यहरु अझै प्रस्तुत रहेका छन् । सालवसाली नियमित गर्नुपर्ने कार्यलाई निरन्तरता दिदै आवश्यकता अनुसार थप शैक्षिक सुधारका लागि कार्यक्रमहरु क्रमशः लागू गर्दै लगिने छ।

## १.३.२ अवस्था, उपलब्धी र अन्तर

### १.३.२.१ अवस्था

शैक्षिक सत्र २०७७ सम्ममा यस नगरपालिकामा ४८ वटा प्रारम्भिक बाल विकास केन्द्रहरु रहेकाछन्। त्यसै गरी साधारण विद्यालयहरु ५६ वटा विद्यालयहरु रहेकाछन्। त्यसमा ३९ वटा सामुदायिक र १७ वटा संस्थागत विद्यालयहरु रहेका छन्। त्यसमा पनि सामुदायिक विद्यालय अन्तर्गत आधारभूत तहको विद्यालयको प्रतिशत ७७ रहेको छ भने माध्यमिक तहका विद्यालयको सङ्ख्या प्रतिशत २३ रहेको छ। त्यसैगरी संस्थागत आधारभूत तहको विद्यालयको प्रतिशत ४१ रहेको छ भने माध्यमिक तहका विद्यालयको सङ्ख्या प्रतिशत ५९ रहेको छ। समग्रमा यस नगरपालिकामा६६ प्रतिशत विद्यालयहरु आधारभूत तहका रहेका छन् भने ३४ प्रतिशत विद्यालयहरु माध्यमिक तहका रहेका छन्। त्यसमा पनि नगरपालिकाको कुल विद्यालयहरु मध्ये ३० प्रतिशत विद्यालयहरु संस्थागत विद्यालयहरु रहेका छन्। यस नगरपालिकामा अन्तर्गत  भने प्राविधिक विद्यालय कक्षा ९ बाट १२ का विद्यालय सङ्ख्या १ रहेको छ। त्यसैगरी CTEVT अन्तर्गतका प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र ३ वटा रहेका छन् भने खुल्ला विद्यालय १ वटा रहेको छ। त्यसैगरी यस नगरपालिकामा ४ वटा सामुदायिक र २ वटा संस्थागत गरी छ वटा  क्याम्पसहरु रहेको छ।त्यसैगरी ४ वटा सिकाइ केन्द्र र बहुकक्षा बहुस्तर कार्यक्रम लागु भएका १ वटा र बहु भाषिक कार्यक्रम लागु भएका ३ वाट र स्रोत कक्षा लागु भएका विद्यालयको सङ्ख्या ५ वटा रहेको छ। (स्रोत धनकुटा नगरपलिका धनकुटाको  शिक्षा पार्श्वचित्र  २०७८ )

विद्यार्थी सङ्ख्याको हिसाबले यस नगरपालिकामा शैक्षिक सत्र २०७७ मा कक्षा १ बाट १२ सम्म ९३०५जना विद्यार्थीहरु रहेकाछन्। जसमध्ये ५९१७ जना सामुदायिक र ३३८८ जना संस्थागत विद्यालयमा अध्ययनरत रहेकाछन्। अर्थात ६४ प्रतिशत बालबालिकाहरु सामुदायिक विद्यालयमा अध्ययनरत छन् भने ३६ प्रतिशत बालबालिकाहरु संस्थागत विद्यालयमा छन्। शिक्षकको तथ्याङ्क हेर्दा कक्षा १ बाट १२ सम्ममा ३१९जना सामुदायिक विद्यालयका शिक्षकहरु रहेकाछन्। त्यस मध्ये पनि ७५ प्रतिशत स्थायी शिक्षकहरु रहेका छन् भने १५ प्रतिशत राहत, १० प्रतिशत अस्थायी रहेका छन् । त्यसैगरी,नगरपालिकको कुल शिक्षकको आधारभूत तह कक्षा १-५ मा ६१ प्रतिशत, आधारभूत तह कक्षा ६-८ मा १८ प्रतिशत, माध्यमिक तह कक्षा ९-१० मा १२ प्रतिशत र माध्यमिक तह कक्षा ११-१२ मा ८ प्रतिशत शिक्षक रहेकाछन्। (स्रोत धनकुटा नगरपलिका धनकुटाको  शिक्षा पार्श्वचित्र  २०७८ )

त्यसैगरी जनगणना २०६८ अनुसारको पालिकाको साक्षरता प्रतिशत तपसील बमोजिम रहेको छ।

| | | |
|---|---|---|
| **पुरुष** | जम्मापाँच वर्ष माथि | १५६२९ |
| | पढ्न लेख्न सक्ने साक्षर | १३८७० |



धनकुटा न.पा. शिक्षा योजना

| | | |
|---|---|---|
| | **साक्षरता प्रतिशत** | **८८.७५** |
| | पढ्न मात्र सक्ने | १८६ |
| | पढ्न लेख्न नसक्ने | १५६७ |
| | उल्लेख नभएको | ६ |
| **महिला** | जम्मा पाँचवर्ष माथि | १७९७० |
| | पढ्न लेख्न सक्ने साक्षर | १३५९१ |
| | **साक्षरता प्रतिशत** | **७५.६३** |
| | पढ्न मात्र सक्ने | ३०७ |
| | पढ्न लेख्न नसक्ने | ४०६५ |
| | उल्लेख नभएको | ७ |
| **जम्मा** | जम्मा पाँचवर्ष माथि | ३३५९९ |
| | पढ्न लेख्न सक्ने  साक्षर | २७४६१ |
| | **साक्षरता प्रतिशत** | **८१.७३** |
| | पढ्न मात्र सक्ने | ४९३ |
| | पढ्न लेख्न नसक्ने | ५६३२ |
| | उल्लेख नभएको | १३ |

(स्रोत धनकुटा नगरपलिका धनकुटाको  शिक्षा पार्श्वचित्र  २०७८)

## १.३.२.२ उपलब्धी र अन्तर

यस नगरपालिकाले नगरपालिका  स्थापना सँगै शिक्षामा जोड दिदै आएको छ ।  हरेक वर्ष शिक्षा क्षेत्रको वजेटमा विस्तार गरीदै आएको छ ।  विद्यालय शिक्षालाई गहन रुपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चतता एक मुख्य चुनौतिको विषय हो ।

पहुँचका नजरबाट पालिकाको शिक्षा अवस्था विश्लेषण गर्दा अझै पनि केहि बालकालिकाहरु विद्यालय शिक्षाको पहुँचमा आउन नसकिरहेको अवस्था छ । पालिका शिक्षा प्रोफाइल २०७८ अनुसार कक्षा १ को खुद प्रवेशदर ९८.० छ भने कक्षा १ मा इसीडिको अनुभव सहितको भर्ना गर्नेको दर ८४.० प्रतिशत रहेको छ । आधारभूत तहमा २.९ प्रतिशत बालबालिकाहरु शिक्षाको पहुँचमा आउन सकेका देखिदैनन् । त्यस्ता बालबालिकाहरु अति गरीब सिमान्तकृत तथा अभिभावकको संरक्षण नभएका बालबालिकाहरु रहेको देखिन्छ । त्यसैगरी माध्यमिक तहमा ४६.५ प्रतिशत बालबालिकाहरु शिक्षाको पहुँचमा आउन सकेका छैनन् । त्यसैगरी यस पालिकाको समग्र सिकाइ उलब्धी ५५.३ प्रतिशत मात्र रहेको देखिन्छ भने ३.२ माथि को ग्रेड ल्याउन विद्यार्थी प्रतिशत ३.६० प्रतिशत मात्र रहेको छ । छोड्ने दर आधारभूत तह कक्षा १-५  २.५ आधारभूत तह कक्षा ६-८ मा १.४ र माध्यमिक तह कक्षा ९-१० मा १.४ रहेको अवस्था छ ।

| **Indicator** | **Level** | **Pakhribas Municipality** |
|---|---|---|
| **ECD Experience in G1** | Girls | 87.2 |

धनकुटा न.पा. शिक्षा योजना

| | | |
|---|---|---|
| | Boys | 96.5 |
| | Total | 91.7 |
| **GIR in Grade 1** | Girls | 108.3 |
| | Boys | 112.5 |
| | Total | 110.3 |
| **GER in Lower basic** | Girls | 111.5 |
| | Boys | 126.1 |
| | Total | 118.7 |
| **GER in Upper basic** | Girls | 110.4 |
| | Boys | 102.9 |
| | Total | 106.4 |
| **GER in Basic** | Girls | 111.0 |
| | Boys | 116.2 |
| | Total | 113.7 |
| **GER in Secondary (G9-10)** | Girls | 121.0 |
| | Boys | 122.6 |
| | Total | 121.8 |
| **GER in Secondary (G11-12)** | Girls | 76.3 |
| | Boys | 63.0 |
| | Total | 69.9 |
| **GER in Secondary (G9-12)** | Girls | 89.3 |
| | Boys | 81.4 |
| | Total | 85.4 |
| **NIR in Grade 1** | Girls | 98.4 |
| | Boys | 98.3 |
| | Total | 98.4 |
| **NER in Lower basic** | Girls | 96.4 |
| | Boys | 98.6 |
| | Total | 97.5 |

| | | |
|---|---|---|
| **NER in Upper basic** | Girls | 97.5 |
| | Boys | 95.7 |
| | Total | 96.6 |
| **NER in Basic level** | Girls | 96.9 |
| | Boys | 97.1 |
| | Total | 97.0 |
| **NER in Secondary (G9-10)** | Girls | 86.3 |
| | Boys | 83.4 |
| | Total | 84.9 |
| **NER in Secondary (G11-12)** | Girls | 31.8 |
| | Boys | 32.7 |
| | Total | 32.2 |
| **NER in Secondary (G9-12)** | Girls | 59.0 |
| | Boys | 58.1 |
| | Total | 58.6 |
| **Net Intake Rate 1** | Girls | 87.2 |
| | Boys | 96.5 |
| | Total | 91.7 |
| **ECD GER** | Girls | 124.4 |
| | Boys | 143.6 |
| | Total | 134.6 |
| **ECD NER** | Girls | 89.6 |
| | Boys | 83.9 |
| | Total | 86.6 |
| **G1-5 Promotion** | Girls | 94.9 |
| | Boys | 92.4 |
| | Total | 93.6 |
| **G1-5 Repetition** | Girls | 3.2 |
| | Boys | 4.6 |

| | | |
|---|---|---|
| | Total | 4.0 |
| **G1-5 Dropout** | Girls | 1.9 |
| | Boys | 3.0 |
| | Total | 2.5 |
| **G6-8 Promotion** | Girls | 96.7 |
| | Boys | 95.4 |
| | Total | 96.1 |
| **G6-8 Repetition** | Girls | 2.2 |
| | Boys | 2.9 |
| | Total | 2.5 |
| **G6-8 Dropout** | Girls | 1.1 |
| | Boys | 1.7 |
| | Total | 1.4 |
| **G9-10 Promotion** | Girls | 96.9 |
| | Boys | 98.2 |
| | Total | 97.6 |
| **G9-10 Repetition** | Girls | 1.7 |
| | Boys | 0.2 |
| | Total | 1.0 |
| **G9-10 Dropout** | Girls | 1.4 |
| | Boys | 1.5 |
| | Total | 1.5 |
| **Survival Rate to Grade 5** | Girls | 95.7 |
| | Boys | 88.9 |
| | Total | 92.3 |
| **Coefficient of internal efficiency at Lower basic level** | Girls | 95.0 |
| | Boys | 91.7 |
| | Total | 93.4 |
| **Survival Rate to Grade 8** | Girls | 89.9 |

| | | |
|---|---|---|
| | Boys | 83.7 |
| | Total | 86.8 |
| **Coefficient of internal efficiency in Basic Level** | Girls | 83.9 |
| | Boys | 82.9 |
| | Total | 84.7 |
| **Survival Rate to Grade 10** | Girls | 83.0 |
| | Boys | 74.9 |
| | Total | 79.0 |
| **Coefficient of internal efficiency in Secondary Level** | Girls | 67.4 |
| | Boys | 66.5 |
| | Total | 67.7 |
| **Learning Achievement Rate 2076 (Overall)** | Total | 55.3 |
| **2076 मा कक्षा ८ २.८ बाट ३.२ ग्रेड ल्याउने %** | Total | 19.4 |
| **2076 मा कक्षा ८ ३.२ बाट ३.६ ग्रेड ल्याउने %** | Total | 9.2 |
| **2076 मा कक्षा ८ ३.६ बाट ४.० ग्रेड ल्याउने %** | Total | 3.5 |
| **2076 मा कक्षा ८ २.८ तलको ग्रेड ल्याउने %** | Total | 67.9 |
| **2075 मा कक्षा SEE २.८ बाट ३.२ ग्रेड ल्याउने %** | Total | 5.0 |
| **2075 मा कक्षा SEE ३.२ बाट ३.६ ग्रेड ल्याउने %** | Total | 3.6 |
| **2075 मा कक्षा SEE ३.६ बाट ४.० ग्रेड ल्याउने %** | Total | 1.4 |
| **2075 मा कक्षा SEE २.८ तलको ग्रेड ल्याउने %** | Total | 90.0 |

तथ्यांक स्रोत CEHRD Flash Reports : 2074/75 to 20776/77

## १.३.३ प्रमुख समस्या

समग्रमा पालिकाका मुख्य समस्याहरुमा विद्यालयतहका सबै बालबालिकाहरुको शिक्षामा पहुँच नहुनु, मुलत पछाडिएको तथा आर्थिक रुपमा विपन्न वर्गका बालबालिकाहरुको पहुँच कम हुनु, प्राविधिक शिक्षामा विद्यार्थीको पहुँचमा कमी, भर्ना भएका पनि विद्यार्थीहरुलाई टिकाइ राख्न नसक्नु, तहगत, क्षेत्रगत एवम् विषयगत रूपमा सबै विद्यालयमा शिक्षक

व्यवस्थापन गर्न नसक्नु, तोकिएको शैक्षिक वर्षमा तह पार गर्नेको सङ्ख्या कम हुनु , सिकाइ उपलब्धि स्तर कमी हुनु , पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त शिक्षाका लागि सार्वजनिक पुस्तकालयको विस्तारमा कमी हुनु, सुशासन, जिम्मेवारी तथा जवाफदेयिताको प्रत्याभुति गर्न नसकिनु, सार्वजनिक र निजि लगानीका शैक्षिक संस्थाको उचित व्यवस्थापन गर्न नसक्नु, शिक्षण सिकाइ तथा मुल्यांकन प्रक्रियामा परिवर्तन ल्याउन नसक्नु जस्ता समस्याहरु रहेका छन् । त्यसैले विद्यालय शिक्षामा सबैको पहुँच समता गुणस्तर सुशासन व्यवस्थापन तथा सिकाइका लागि न्यूनत्तम वातावरण तथा निरन्तर सिकाइसँग समस्या केन्द्रित रहेका छन् ।

### १.३.४ चुनौतिहरु तथा अवसरहरु

त्यस्तै चुनौतिका रुपमा विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पुर्वाधारको विकास, सामन्यायिकता, गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिवृद्धि गर्नु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुर्नवितरण गर्नु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धी हासिल गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

अवसरका रुपमा हेर्दा यस नगरपालिकाको स्थापनाकाल देखि नै शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकता दिदै सुधारका विविध कार्यक्रमहरु लागु गरीएको, शिक्षा तीनवटै तहका सरकारको साझा अधिकार क्षेत्रको रूपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिवृद्धि गर्न सकिने अवस्था देखिनु, विद्यालय शिक्षामा सुधारका लागि पालिकामा विभिन्न कार्यक्रमहरु लागु हुनु जस्तै राष्टिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम, केहि मात्रामा भए पनि सार्वजनिक विद्यालय प्रतिको चासो र जनअपेक्षा बढ्दै जानु, शैक्षिक सुचांकहरुको प्रगति सकारात्मक दिशा तिर हुनु यस क्षेत्रका प्रमुख अवसर हुन् ।

## १.४ योजना निर्माणको प्रक्रिया

कुनै पनि कार्य सम्पन्न गर्न गरीने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तह सम्म पुर्याउन प्रतिफल दिने प्रक्रियाहरूको समिश्रण नै योजना हो । योजना आफैमा निर्मित हुने होइन र यो एउटा जटिल र चुनौतिपूर्ण कार्य पनि हो । यस कार्यलाई व्यवस्थित रुपमा अगाडि बढाउनको लागि तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भिरता पूर्वक अवलम्वन र अनुसरण गरीएको छ:

राष्टिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमलाई प्राविधिक सहयोगकर्ताको रुपमा सहयोग गर्ने संस्था प्रारम्भिक कक्षा पढाइ कार्यक्रम दोश्रोले ५ शिक्षा विकास तथा समन्वय इकाइ धनकुटाको आयोजनामा शिक्षा योजना निर्माण तथा क्षमता विकास सम्बन्धी ५ दिने कार्यक्रम सञ्चालन मिति २०७७ माघ ११ बाट १५ सम्म सञ्चालन गरीएको र पालिकाले शिक्षा योजना तयार गर्ने प्रतिवद्धता व्यक्त गरीएको ।

- कार्यपालिकाको मिति २०७७ चैत्र २४ गतेको बैठकले शिक्षा योजना निमार्णका लागि कार्यादेश सहितको ०५ सदस्यीय निर्माण कार्यदलको गठन भएको ।

- कार्यदलको मिति २०७८ वैशाख १७ गते बैठक बसी शिक्षा प्रोफाइल तथा शिक्षा योजनाको लागि कार्ययोजना बनाइ कामको बाँडफाड गरीएको ।
- कार्यदलले शिक्षा प्रोफाइल तथा योजना लेखनको लागि लेखन समुह निर्माण गरी लेखन समूहलाई अभिमूखीकरण गरी कामको विभाजन गरीएको ।
- विभिन्न चरणको छलफल तथा अन्तरक्रियाबाट शिक्षा प्रोफाइलको विकास तथा प्रमाणित गरीएको ।
- शिक्षा योजना लेखन समुह (अर्थात पालिका तथा शिक्षकहरुको एक टीम) बाट योजनाको लेखन तथा लेखन समुहको छलफल तथा अन्तरक्रियाबाट पहिलो डाफ्ट तयार गरीएको ।
- त्यस पश्चात योजना लेखन कार्यमा सहयोग पुर्याउन गठित जिल्ला प्राविधिक कार्यदलको सदस्यहरुबाट अध्ययन तथा सुझाब प्रदान ।
- मुख्य सरोकारवालाहरुबाट योजनामा सुझाबको लागि २ दिने कार्यशाला सञ्चालन गरीएको ।
- सुझाबको लागि पालिकाको वेभसाइटमा डाफ्टलाई गरीएको ।
- अन्तर पालिकाको टिम र जिल्ला प्राविधिक कार्यदलको सदस्यहरु समेत रहेको टिमबाट लेखन कार्यको प्राविधिक अध्ययन तथा डाफ्टको अन्तिमिकरण गरीएको ।
- तयार भएको शिक्षा योजनाको डाफ्टलाई मुख्य सरोकारवालाहरु माझ अन्तिम सुझाबको लागि १ दिने कार्यक्रम सञ्चालन गरीएको ।
- कार्यपालिकाबाट स्वीकृति तथा सिफारिस हुँदै ९ औ नगरसभा मिति २०७८ पुस १० गते प्रमाणित गरीएको ।

धनकुटा न. पा. शिक्षा योजना

# परिच्छेद २ः दुरदृष्टी, ध्येय, उद्देश्य तथा प्रमुख उपलब्धी सुचकहरु

## २.१ राष्ट्रिय दीर्घकालिन सोच

- आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकास सहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने ।

## २.२ प्रदेशको दीर्घकालिन सोच

- साक्षर,शिक्षित र सीपयुक्त मानवस्रोतको विकास : समृद्ध प्रदेश नं १ को आधार

## २.३ नगरपालिका दीर्घकालिन सोच

- धनकुटा नगरपालिकाको इच्छा, समृद्दिका लागि गुणस्तरीय शिक्षा

## २.४ नगरपालिका लक्ष्य

- माध्यमिक तह सम्मको शिक्षामा समावेशीता सहितको पहुँच, समता र सक्षमता आधारित गुणस्तरीय जीवनउपयोगी शिक्षा सुनिश्चत गर्ने ।

## २.५ नगरपालिकाको उद्देश्यहरु

- प्रारम्भिक बालविकास देखि माध्यमिक शिक्षामा निःशुल्क समन्यायिक पहुँच विस्तार गर्नु
- विद्यालय शिक्षाको सिकाइ उपलब्धीमा सुधार गर्नु ।
- सिकाइ क्रियाकलाप सञ्चालनको लागि न्यूनतम सिकाइ वातावरणको स्थापनामा अभिवृद्दि गर्नु ।
- विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु ।
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरुलाई विस्तार गर्नु ।
- आपतकालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि गर्नु ।
- प्राविधिक व्यवसायिक तथा प्रविधिमैत्री शिक्षाको आधार तयार गर्ने ।



धनकुटा न.पा. शिक्षा योजना

## २.६ नगरपालिकाको रणनीतिहरु

- एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा लागु गरी त्यसलाई निरन्तरता दिइने छ।
- आवश्यकताको आधारमा विद्यालयको नक्साङ्कन, समायोजन र पुनर्वितरण गरीनेछ।
- पहुँचको सुनिश्चितताको लागि "एउटा बच्चाको भर्ना : मेरो सामाजिक दायित्व" कार्यक्रम लागु गरीनेछ।
- बालबालिकाहरुको पहुँच सुनिश्चतताका लागि बालविकास कक्षा भर्ना भएकाको लागि "प्रति बच्चा प्रति दिन रु १० बचत पालिका प्रमुख कार्यक्रम" सञ्चालन गरी बालबालिकाहरुको शैक्षिक सहयोग कार्यक्रम सञ्चालनमा ल्याइने छ।
- सिमान्तकृत वर्गका तथा कार्यगत सिमितता भएका बालबालिकाहरुको पहिचान गरी शैक्षिक सहयोग कार्यक्रम लागु गरीने छ।
- वडा तथा पालिकास्तरमा सत प्रति विद्यालय पहुँच घोषणा कार्यक्रम सञ्चालन गरीनेछ।
- प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई कार्यान्वयनमा ल्याइने छ।
- प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि सिक्नको लागि पढ्ने धारणा सहित क्रमिक सिकाइ सहजीकरण रणनीति लाई निरन्तरता दिंदै लगिने छ।
- सिकाइ सुधारको लागि प्रविधिमैत्री तथा बालमैत्री शिक्षणसिकाइ क्रियाकलाप क्रमशः लागु गरीनेछ।
- विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि सबै कक्षाहरुमा शिक्षक विद्यार्थी तथा अभिभाकबाट निर्मित No cost and low cost कार्यक्रम लागु गरीने छ।
- बालबालिकाहरुको चौतर्फिक विकासको लागि सह क्रियाकलापलाई सिकाइको अभिन्न अङ्ग बनाइने छ।
- शैक्षिक गुणस्तर अभिवृद्दिका लागि सरोकारवाला विच विद्यालय स्तरमा अन्तरक्रिया कार्यक्रम लागु गरीने छ।
- शिक्षकको पेशागत सहयोगको लागि पालिकास्तरमा स्थानीय विज्ञ समुह को परिचालन, कलस्टर तथा विद्यालस्तरमा विषयगत शिक्षक समुहको निर्माण तथा परिचालन सहित मासिक घुम्ति शिक्षण कार्यक्रम लागु गरीने छ।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको पालिकास्तर निश्चित कार्यविधि बनाइ एक जना व्यक्तिलाई तोक्ने वा एक व्यक्तिको व्यवस्था गरीनेछ।
- शिक्षकको क्षमता विकासको लागि मागमा आधारित छोटा अवधिका तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरीने छ।
- स्थानीय तहले एक विद्यालय कम्तिमा एक शिक्षकलाई प्रविधिसम्बन्धी तालिम (आधारभूत कम्पुप्यूटर सम्बन्धी तालिम) सञ्चालन गरीने छ।
- सामाजिक सन्जाललाई शिक्षण सिकाइ कार्यमा आवद्द गर्दै लगिने छ।

धनकुटा न.पा. शिक्षा योजना

- कक्षाकोठामा शिक्षक र विद्यार्थीको शैक्षिक अन्तरक्रिया बढाउनको लागि अनिवार्य रुपमा शिक्षकले कक्षाकोठामा विताउने समय (TST) थप प्रभावकारी गरी कार्यान्वयनमा ल्याइने छ।
- सिकाइको लागि निरन्तर मुल्यांकनकालाई अनिवार्य गरी कक्षा ३, ५ र ८ मा पालिका स्तरीय परीक्षा सञ्चालन गरीनेछ।
- विद्यालयको शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनको लागि सिकाइ वातावरणको सुनिश्चत गर्न आवश्यकता तथा प्रस्ताबनामा आधारित पालिका प्रमुख शैक्षिक सुधार कार्यक्रम लागु गरीनेछ।
- स्थानीय तहका सबै विद्यालयको PMECs (कक्षाकोठा, न्युनत्तम शिक्षक, निशुल्क एक सेट पाठ्यपुस्तक तथा पाठ्यक्रम, पानि सहितको छात्रा शैचालय र न्यनत्तम शैक्षिक सामग्री सहितको बुक कर्नर) लाई सुनिश्चित गरीने छ।
- आवश्यकता अनुसार दरबन्दि मिलान गर्दै शिक्षा ऐन तथा नियमावलिमा  तोकिए अनुसार प्रअ व्यवस्था पन गरी प्रअलाई शैक्षिक तथा शैक्षणिक नेतृत्वकर्ताका रुपमा विकास गर्दै लगिने छ।
- शिक्षक संख्या कम भएका विद्यालयहरुमा स्वयमसेवक शिक्षक वा करार शिक्षकको व्यवस्था गरी विद्यालयलाई आवश्यक शिक्षकको व्यवस्था क्रमशः गर्दै लगिने छ।
- प्र.अलाई शिक्षण सिकाइ सुधारको लागि एक विद्यालय एक शैक्षणिक नेतृत्वकर्ताको रुपमा तोकि कार्यान्वयनमा ल्याइने तथा तहगत तथा क्षेत्रगत इन्चार्जको व्यवस्था  गरीने छ।
- विद्यालयको सुशासन, जवाफदेयिता तथा व्यवस्थापनमा प्रभावकारी ल्याउन विभिन्न रणनीतिहरु कार्यान्वयनमा ल्याइनेछ ।
- विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम ।
- विद्यालय आचारसंहिता निर्माण र कार्यान्वयन।
- कार्यसम्पादन करार सम्भौता गरी पुरस्कार र दण्ड।
- शिक्षा युवा तथा खेलकुद शाखाबाट हरेक वर्ष विद्यालयको कार्य सम्पादन मुल्यांकन।
- सामाजिक परीक्षणलाई थप प्रभावकारी बनाउने।
- सामाजिक परीक्षण, लेखापरीक्षण र वार्षिक हुने विद्यालयको कार्यसम्पादन मुल्यांकनको आधारमा विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोड्दै अनिवार्य र प्रभावकारी बनाइने।
- विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरुको जानकारीको प्रतिवेदन मासिक रुपमा सूचना प्रविधि मार्फत लिने प्रबन्ध।
- बालबालिकाहरुको सिकाइका लागि अभिभाबक सशक्तिकरण तथा प्रोत्साहन कार्यक्रम लागु गरीने छ।
- बालबालिकाहरुको सिकाइ सुधारको लागि आमा प्रोत्साहन कार्यक्रम कार्यविधि तयार गरी लागु गरीने छ।
- निरन्तर सिकाइको लागि सामुदायिक सिकाइ केन्द्रको थप सुदृढीकरण गरी निरन्तर सिकाइ तथा जीवनउपयोगी सिपका कार्यक्रम सञ्चालनको पुर्ण जिम्मेवारी प्रदान गदै लगिने छ।

- माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई तोकिएको कुनै एक विषयको प्रयोगात्मक कार्यका लागि निरन्तर सिकाइका कार्यक्रममा सहभागि गराउदै लगिने छ।
- एक वडा एक सिकाइ केन्द्रलाई विस्तार गदै निरन्तर सिकाइ तथा जीवनउपयोगी सिपका कार्यक्रमलाई लागु गरीने छ।
- संकटको बेलामा पनि शिक्षण सिकाइ सञ्चालन गर्न पालिका स्तरमा कार्यविधि तयार गरी विद्यालय विपद् सहायताकोष सञ्चालन गरीने छ।
- विपदमा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक सिकाइ सहजीकरणका लागि तत्कालिन आवश्यकता र परिस्थिति अनुसार वडा वा पालिका मार्फत उपयुक्त किसिमको वैकल्पिक माध्यम छनौट गरी कार्यान्वयनमा ल्याइने छ।
- प्राविधिक तथा व्यवसायिक विषय अध्ययन गर्न चाहने विद्यार्थीहरुको लागि प्रोत्साहन स्वरुप छात्रवृति प्रदान गरीने छ।
- अभिभावक , समुदाय, सरकारी तथा गैरसरकारी निकायबीच समन्वय गरी साझेदारीको आधारमा शैक्षिक तथा शैक्षणिक कार्यक्रम कार्यान्वयन गरीने छ।

## २.७ मुख्य कार्यसम्पादन सुचकहरु

| मुख्य कार्यसम्पादन सुचक | | | | | |
|---|---|---|---|---|---|
| क्रस | **तह** | **सुचांक** | **आधारवर्ष २०७७** | **२०८२** | **२०८७** |
| 1.1 | **प्रारम्भिक बाल विकास** | प्रारम्भिकबालविकास र शिक्षामा कूल भर्ना दर* (%) | १४३.१ | १२५.० | ११०.० |
| 1.2 | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | ८६.६ | 90.० | ९५.० |
| 1.3 | | न्यूनतम योग्यता पुरा भएका शिक्षकको प्रतिशत | ९०.० | १००.० | १००.० |
| 1.4 | | आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत | ९५.० | १०० .० | १००.० |
| 1.5 | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्नाभएका बालबालिका* (%) | ८४.० | ९२.० | १००.० |
| 2.1 | **आधारभूततह** | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९८.० | १००.० | १००.० |
| 2.2 | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १०८.३ | १०५.० | १००.० |
| 2.3 | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९७.५ | ९८.० | १००.० |
| 2.4 | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | १२४.० | ११०.० | १००.० |

| | | | | | |
|---|---|---|---|---|---|
| 2.5 | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर* (%) | ९६.६ | ९८.० | १००.० |
| 2.6 | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | ९८.१ | ९९.० | १००.० |
| 2.7 | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९७.१ | ९८.५ | १००.० |
| 2.8 | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | ११२.८ | १०५.० | १००.० |
| 2.9 | | आधारभूततह(कक्षा १-८) खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | १.०० | १.०० | १.०० |
| 2.10 | | आधारभूततहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ८६.८ | ९२.० | १००.० |
| 2.11 | | आधारभूततहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | N/A | ९३.० | १००.० |
| 2.12 | | विद्यालयवाहिर रहेका बालबालिका* (%) कक्षा १-८ | ०.५ | ० | ० |
| 3.1 | | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | ८४.९ | ९४.५ | १००.० |
| 3.2 | | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर* (%) | १२१.८ | ११०.० | १००.० |
| 3.3 | | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर* (%) | ३२.२ | ४५ .० | ६०.० |
| 3.4 | | माध्यमिक तह (कक्षा ११-१२) मा कूल भर्ना दर* (%) | ६९.९ | ७७.५ | ८४.० |
| 3.5 | **माध्यमिक तह** | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ५८.६ | ६९.५ | ८२.५ |
| 3.6 | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | ८५.४ | ९३.६ | ९७.० |
| 3.7 | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने टिकाउदर (%) | ७९.० | ८५ .० | ९०.० |
| 3.8 | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने टिकाउ दर (%) | ६७.६ | ७१.० | ८४.० |
| 3.9 | | कक्षा १-१२को खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | १.०१ | १.०१ | १.०१ |
| 4.1 | | ५ वर्षमाथिको साक्षरता दर | ८१.७३ | ८५ .० | ९०.० |
| 4.2 | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | ५-२४वर्षको साक्षरता दर | ७८.० | ८१.० | ८६.० |
| 4.3 | | १५ वर्षमाथिको साक्षरता दर | ७४.० | ७९.० | ८४.५ |
| 5.1 | **महिला शिक्षक प्रतिशत** | आधारभूत तह (कक्षा १-८) | ५० | ५०.० | ५०.० |
| 5.2 | | माध्यमिक तह (कक्षा९-१२) | १८ | ३०.० | ५०.० |

धनकुटा न.पा. शिक्षा योजना

| | | | | | |
|---|---|---|---|---|---|
| 6.1 | **PMEC पुरा गरेका विद्यालयको प्रतिशत** | बालविकास | ६५.० | ७०.० | ९०.० |
| 6.2 | | आधारभूत | ८०.० | ९० .० | १००.० |
| 6.3 | | माध्यमिक | ९०.० | ९५.० | १००.० |
| 7.0 | **स्थानीय तहमा शिक्षाको वजेट प्रतिशत** | कूल वजेटको शिक्षा क्षेत्रमा विनियोजित वजेट*(%) | १.० | १२.० | १६.० |
| 8. 1 | **छोड्नेदर** | आधारभूत तह (कक्षा१-८) | २.० | १.५ | १.० |
| 8.2 | | माध्यमिकतह (कक्षा ९-१०) | १.५ | १.० | ०.५ |
| 9.1 | **दोर्याउनेदर** | आधारभूत तह (कक्षा १-८) | ३.३ | २.५ | १.२ |
| 9.2 | | माध्यमिकतह (कक्षा ९-१०) | १.० | ०.८ | ०.५ |
| 10.1 | **सिकाइ उपलब्धी दर** | कक्षा ८ मा३.२ बाट ३.६ ग्रेड ल्याउने % | ९.२ | १२ | १५.५ |
| 10.2 | | कक्षा ८ मा३.६ बाट ४.० ग्रेड ल्याउने % | ३.५ | ५.५ | १० |
| 10.3 | | कक्षा SEE मा ३.२ बाट ३.६ ग्रेड ल्याउने % | ३.६ | ५.७ | १०.५ |
| 10.4 | | कक्षा SEE मा ३.६ बाट ४.० ग्रेड ल्याउने % | १.४ | ३.६ | ७.० |
| 11.1 | **प्रारम्भिक कक्षाको पठनसीप** | CB EGRA कक्षा १ समग्र | ७८.५ | ८३.६ | ८६.८ |
| 11.2 | | CB EGRA कक्षा २ समग्र | ७१.० | ७७.० | ८०.० |
| 11.3 | | CB EGRA कक्षा ३ समग्र | ७४.० | ७९.० | ८४.३ |

तथ्यांक स्रोत CEHRD Flash Reports : 2074/75 to 20776/77

धनकुटा न.पा. शिक्षा योजना

# परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा

### ३.१.१ परिचय

प्रारम्भिक बाल विकास तथा शिक्षा आधारभूत तहको एक महत्वपुर्ण उपक्षेत्र हो। चार वर्ष उमेर पुगेका बालबालिकालाई दिईने शिक्षालाई प्रारम्भिक बालशिक्षा भनिन्छ। शारीरिक,मानसिक (बौद्धिक), संवेगात्मक र सामाजिक क्षेत्रको समुचित विकासलाई नै बाल विकासको आधारमा रुपमा लिएको छ। हाल बालविकास केन्द्र विद्यालयमा आधारित तथा समुदायमा आधारित २ प्रकारका रहेका छन्। प्रारम्भिक बालविकास कक्षादेखि १२ सम्मलाई सरकारले विद्यालय शिक्षाको संरचनामा राखेको छ।

पाठ्यक्रम प्रारुप २०७६ का अनुसार चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरीने कुरा उल्लेख गरीएको छ भने चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ। प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनु र कक्षा १ मा प्रवेशका लागि तयार पार्नु हुने छ भन्ने कुरा उल्लेख गरीएको छ। प्रारम्भिक बालविकास र शिक्षाका ७ सक्षमताहरू मा सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार सिपको विकास रहेका छन्।

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरीनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्तव थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आजको आवश्यकता रहेको छ।

विद्यालय क्षेत्र विकास कार्यक्रमले प्रारम्भिक शिक्षामा पहुँच तथा गुणस्तरमा जोड दिइएको छ। शिक्षा नीति २०७६ ले बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु पर्ने उद्देश्य लिएको छ। उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने तथा तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने रणनीति लिएको छ। त्यस्तैगरी १५ औ योजनाले प्रारम्भिक शिक्षा लाई विद्यालय शिक्षाको अभिन्न अंगका रुपमा लिइ सबै बालबालिकाहरुको पहुँचको सुनिश्चित

गर्ने रणनीति लिइएको छ । कार्यनितिका रुपमा बालविकासको लागि लगानी साझेदारी गर्ने ,दक्ष तथा योग्यता पुगेका शिक्षकबाट सेवा प्रदान गर्ने, प्रारम्भिक शिक्षाको व्यवस्थापनको न्यूनतम मापदण्ड पुरा गर्नेलाई लिएको छ।

## ३.१.२ वर्तमान अवस्था

धनकुटा नगरपालिकामा जम्मा ४८ वटा बालविकास केन्द्र रहेका छन् भने ४८ जना बालविकास सहजकर्ता रहेको अवस्था छन्। यस नगरपालिकामा अधिकांश बालविकास केन्द्रहरु सरकारले तोकेका मापदण्ड पुरा गर्न प्रयासरत रहेको, बालविकास शिक्षामा सबै बालबालिकाहरुको पहुँचमा अझै पनि नआएको देखिन्छ भने इसीडिको अनुभव सहित कक्षामा १ मा भर्ना हुनेको प्रतिशत ८४ मात्र भएको पाइन्छ। त्यसैगरी बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनुपर्नेमा सो नभई कुनै स्थानमा २ वा सो भन्दा बढी र कुनै स्थानमा एउटा पनि बालविकास केन्द्र नभएको अवस्था रहेको छ । भूगोल, जनसंख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन, स्थानान्तरण एवं नयाँ स्थापना गर्नुपर्ने जरुरी हुन आउँछ । यसै गरी स्थापना भएका बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न जरुरी छ भने नयाँ स्थापना हुने बालविकास केन्द्रहरूको स्थापना लगायत क्षमता अभिवृद्धि गर्दै जानु जरुरी हुन आउँछ।

| क्षेत्रहरु | आव ०७४/७५ | आव ०७५/७६ | आव ०७६/७७ | आव ०७७/७८ |
|---|---|---|---|---|
| सामुदायिक विद्यालय को संख्या | - | - | - | 39 |
| सस्थागत विद्यालयको संख्या | - | - | - | 17 |
| ECD को विद्यार्थी संख्या (सामुदायिक) | 604 | 689 | 836 | 778 |
| प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | 96.5 | 145.0 | 143.1 | 134.6 |
| प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | - | - | - | 86.6 |
| प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | 62.9 | 84.1 | 84.0 | 91.7 |

(तथ्यांक स्रोत CEHRD Flash Reports : 2074/75 to 20776/77)

## ३.१.३ अवसर र चुनौतिहरु

बालविकासको क्षेत्रमा प्रत्येक वर्ष प्रति विद्यार्थी रु ५०० का दरले अनुदान विद्यालयले प्राप्त गर्नु प्रदेश सरकारले यस क्षेत्रमा जोड दिदै आउनु, यस नगरपालिकाले बालविकासमा जोड दिनु, खाजा कार्यक्रम लागु हुनु बालविकास केन्द्रको लागि धेरै विद्यालयहरुमा छुट्टै कक्षाकोठा हुनु अभिभावकहरुमा क्रमशः ४ वर्ष पछि बालविकासमा भर्ना गर्नु पर्छ भन्ने चेतना बढ्दै जानु, स्थानीय सरकारले स्थानीय शिक्षा ऐन जारी गरी व्यवस्थापन प्रक्रिया शुरु गर्नु लागायतका गतिविधिले यस क्षेत्रको सुधार र विकासको स्पष्ट अवसर देखिन्छ।

यस क्षेत्रको चुनौतिका रुपमा सहजकर्ताहरुले विद्यालयमा शिक्षकको अभावले अन्य कक्षाहरु पनि सहजिकरण गर्नु पर्ने, बाल विकास सहजकर्ताले कम पारिश्रमिक प्राप्त गर्नु, बालविकास केन्द्रहरुको वर्गीकरण नगर्नु, धैरै बालविकास केन्द्रहरुका सरकारले तोकेका न्यूनत्तम मापदण्ड पनि पुरा गर्न नसकीरहेको अवस्थामा रहेका छन् । मुलत यस क्षेत्रका मुख्य समस्या तथा चुनौतिहरुमा यस प्रकार रहेका छन् ।

- प्रारम्भिक बाल विकास केन्द्रको न्यूनत्तम मापदण्ड पुरा गर्दै बालबालिकाहरुको सर्वाङ्गिण विकास गर्नु ,
- पिछाडीएका वर्गका बालबालिकाहरुलाई बाल शिक्षाको पहुँचमा सुनिश्चत गर्नु ,
- योग्यता तथा तालिम प्राप्त सहजकर्ताको व्यवस्था गर्नु तथा टिकाइ राख्नु ,
- सबै बालविकास केन्द्रहरुमा तोकिएको पाठ्यक्रम अनुरुप सहजीकरण गर्नु ,
- प्रारम्भिक बालहेरचाहा पोषण सुरक्षा तथा सिकाइका सम्बन्धमा अभिभावक जागरण गर्नु ।

## ३.१.४ उद्देश्य

यस पालिकाको प्रारभ्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा देहाय बमोजिमको हुने छः

- ५ वर्ष मुनिको सबै बालबालिकाहरुलाई प्रारभ्भिक बालविकास तथा शिक्षामा पहुँचमा सुधार ल्याउनु ।
- बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ को मापदण्ड अनुसार बनाएर गुणस्तरीय बनाउनु ।
- सबै बालबालिकाहरुलाई प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षालाईको अनुभव सहित कक्षा १ मा प्रवेशको गराउनु ।

## ३.१.५ रणनीति

यस नगरपालिकाले सबै बालविकास केन्द्र तथा शिक्षालाई गुणस्तरीय बनाउदै सबैको पहुँचलाई विस्तार गर्ने रणनीति लिनेछ । जसको लागि तलका कार्यनीतिहरु कार्यान्वयनमा ल्याउने छ ।

- १ विद्यालय १ बालविकास केन्द्रको अभियान सञ्चालन गरीने छ ।
- अभिभावक सचेतना कार्यक्रमलाई जोड दिइने छ ।
- बालविकासका सहजकर्ताहरुको क्षमता विकास सँगै प्रोत्साहन का गतिविधिहरु सञ्चालन गरीने छ ।
- बालविकास केन्द्रलाई व्यवस्थित बनाउनको लागि अभिभावक तथा समुदायलाई समेत परिचालन गरीने छ ।
- प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरूप बसाइँ व्यवस्था र सरसफाइलाई ध्यान दिई खेलसामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्री सहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरीनेछ ।

धनकुटा न.पा. शिक्षा योजना

- प्रारम्भिक बालविकास तथा शिक्षाका शिक्षकको क्षमता विकासमा ध्यान दिदै तालिम प्राप्त योग्य शिक्षकबाट सेवा प्रवाह हुने व्यवस्था गरीनेछ ।
- एक वडा एक नमुना बालविकास केन्द्रको निमार्ण गर्दै लगिने छ ।
- प्रत्येक वडा वा टोलमा बालबालिकाहरूलाई स्थानीय स्तरका तथा कम लागतका खेल्ने र मनोरञ्जन गर्ने सामग्रीहरू सहितको क्रमशः बालउद्यान निर्माण गरीनेछ ।
- बालविकास केन्द्रमा संघले तयार गरेको पाठ्यक्रम मार्फत सिकाइ सहजीकरण अनिवार्य गरीने छ ।
- नियमित अनुगमन तथा समीक्षा बैठक सञ्चालन गरीने छ ।
- बालविकास सहजकर्तासँग कार्यसम्पादन करार सम्झौता गरी निश्चित सुचकको आधारमा पुरस्कार तथा दण्डको कार्यक्रम लागु गरीने छ ।

## ३.१.६ उपलब्धी तथा प्रमुख नतिजाहरु

### (क) उपलब्धी

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने

### (ख) नतिजा

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकारूलाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुने
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनभव सहित कक्षा १ भा प्रवेश गर्ने अवसर हुने
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेका हुने
- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने
- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास हुने
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी संघसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुने

धनकुटा न. पा. शिक्षा योजना

## ३.१.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

| क्रश | कार्यक्रम/क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | भौतिक लक्ष्य ( दोश्रे ५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | भर्ना अभियान सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | अभिभावक सचेतना शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सामग्रीहरुको सहयोग गर्ने । | पटक | | | | १ | १ | २ | |
| ४ | प्रस्तावनाको आधारमा न्यूनतम मापदण्ड सहितको बालविकासको सुनिश्चतताका लागि सहयोग कार्यक्रम सञ्चालन गर्ने । | केन्द्र | १ | १ | १ | १ | १ | ५ | |
| ५ | बाल शिक्षालाई थप गुणस्तर को लागि थप शिक्षकको व्यवस्था गर्ने । | जना | | | | | | २ | |
| ६ | बालविकासको सहजकर्ताको पारिश्रमिकमा थप प्रोत्साहन भत्ताको व्यवस्था गर्ने । | जना | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ | |
| ७ | बालविकास सहजकर्ताको क्षमता विकासको लागि क्षमताविकास कार्यक्रम सञ्चालन गर्ने । | जना | | | ४८ | | ४८ | ४८ | |
| ८ | समुदायको वस्ती, बालबालिकाको संख्या र बालविकास केन्द्रको दूरीलाई आधारमानी बालविकास केन्द्र संख्या समायोजन गर्ने । | पटक | | | | १ | | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | नमुना बालविकास केन्द्रको स्थापना कार्यक्रम गर्ने। | वडा | १ | १ | १ | १ | १ | ५ | |
| १० | वडा स्तरीय बाल बालउद्यान निर्माण गर्ने। | वडा | | | | | १ | ३ | |
| ११ | प्रारम्भिक बाल शिक्षाको पाठ्यक्रम मार्फत अनिवार्य रुपमा शिक्षण गर्ने। | केन्द्र | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ | |
| १२ | वि.व्य.स वा रोस्टरबाट निश्चित सुचकको आधारमा मासिक अनुगमन गरी समीक्षा बैठक सञ्चालन गर्ने। | केन्द्र | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ | |
| १३ | सहजकर्ताहरु सँग समीक्षा तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | जना | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ | |
| १४ | वार्षिक उत्कृष्ट बालविकास सहजकर्ता लाई सम्मान गर्ने। | जना | १ | १ | १ | १ | १ | ५ | |

धनकुटा न. पा. शिक्षा योजना

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

मानव जीवनयापनका लागि चाहिने आधारभूत सीप र ज्ञान आर्जन गरी घरपरिवार तथा समुदायमा आफ्ना कुरा अभिव्यक्त गर्न र समाजमा घुलमिल भइ जीवनयापन गर्न सहज बनाउने शिक्षा नै आधारभूत शिक्षा हो।  नेपालको विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ। एक वर्ष अवधिको प्रारम्भिक बालविकास तथा बाल शिक्षा पछि कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायम गरीएको छ। माध्यमिक तहमा कक्षा ९ देखि १२ सम्म गरी जम्मा ४ वर्षको माध्यमिक शिक्षा कायम गरीएको छ।

धनकुटा न.पा. शिक्षा योजना

पाठक्रम प्रारुप २०७७ अनुसार आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्नुपर्छ  भन्ने कुरा उल्लेख गरीएको छ । यसको मूल उद्देश्य राष्ट्र प्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने,अधिकार र कर्तव्यको पालना सहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरण प्रति सचेत भई मानवीय मूल्य र मान्यता अनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरीसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान हुनेछन् । आधारभूत शिक्षाका १२ सक्षमताहरुमा देशप्रेम र राष्ट्रिय एकताको भावनाबाट ओतप्रोत एवम् लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारको विकास व्यवहारमा प्रदर्शन, भाषिक तथा सञ्चार सिपको विकास र व्यवहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग, चना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग, तार्किक तथा व्यवहारिक गणितीय ज्ञान, सिप एवम अभिवृत्ति विकास र प्रयोग, वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यवहारिक जीवनमा प्रयोग, मानवमूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजग, जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकास बिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग, शारीरिक तन्दुरुस्ती, स्वास्थ्यकर जीवनशैली र जीवनोपयोगी सिपको विकास, स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिपको प्रयोग, नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सह-अस्तित्व बोध तथा स्वीकार, दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान रहेका छन् ।

१५ औं आवधिक योजनाले आधारभूत तहको क्षेत्रमा सबैका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्ने, विद्यालय छाड्ने तथा टिकाइ राख्न खाजा कार्यक्रमलाई जोड दिने, अपुग विषयगत दरबन्दीको व्यवस्था गर्ने , शिक्षण संस्थाहरूको प्रविधि सहितको भौतिक पूर्वाधार विकासमा जोड दिने, पढ्नका लागि सिक्ने तथा सिक्नका लागि पढ्ने प्रक्रियालाई प्रोत्साहित गर्न विद्यालयमा उचित प्रयोगशाला र पुस्तकालय तथा सिकाइ कुनाको व्यवस्था गर्ने, आवधिक रूपमा विद्यार्थी उपलब्धि परीक्षण गरी स्तरीकृत परीक्षणबाट प्राप्त नतिजाका आधारमा परिमार्जित विद्यालय सुधार योजना कार्यान्वयनमा ल्याइने जस्ता कुरामा जोड दिदै अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न सरकारका सबै तहलाई क्षमतावान र जवाफदेही बनाउने तथा विद्यालय शिक्षामा गुणस्तर मापदण्ड र प्रत्ययन प्रणाली(Accreditation System)विकास गरी विद्यालयमा समान गुणस्तर कायम गर्ने कुरालाई मुख्य रणनितिका रुपमा लिएको छ ।

त्यस्तै शिक्षा निति २०७६ ले आधारभूत शिक्षामा सबैको सहज एवं समतामूलक पहूँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्ने कुरामा जोड दिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमले सबै बालबालिकाका लागि गुणात्मक आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्नु भन्ने कुरालाई जोड दिएको छ ।

त्यस्तै नेपालको संविधान २०७२ ले पनि सबैले आधारभूत शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चत गर्दै आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य गरेको छ ।

## ३.२.२ वर्तमान अवस्था

यस धनकुटा नगरपालिका भित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयमा आधारभूत तह ( कक्षा बालविकास देखि कक्षा ८ ) मा आधारभूत विद्यालयहरु ३७ वटा रहेका छन् । जस अन्तरगत कक्षा १ देखि ८ सम्म सञ्चालित विद्यालय १३ वटा रहेका छन् । त्यस्तै गरी कक्षा १ देखि ५ सम्म सञ्चालित विद्यालय २४ वटा रहेका छन् । यस पालिकामा आधारभूत तह सञ्चालित सामुदायिक विद्यालय ३० वटा रहेका छन् । कक्षा १ देखि ८ सम्म ९ वटा तथा कक्षा १ देखि ५ सम्म २१ वटा विद्यालयहरु सञ्चालित रहेका छन् । यस पालिकामा सञ्चालनमा रहेका आधारभूत तह संस्थागत विद्यालय ७ वटा रहेका छन् । कक्षा १देखि ८ सम्म ४ तथा कक्षा १ देखि ५ सम्म ३ वटा विद्यालयहरु सञ्चालित रहेका छन् ।

यस पालिकामा रहेका सामुदायिक तथा संस्थागत विद्यालयका आधारभूत तहमा विद्यार्थी निम्न अनुसार छन्

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| कक्षा १ –५ | १७५० | २०६८ | ३८१८ |
| कक्षा १–८ | २८९२ | ३०३७ | ५९२९ |

*(स्रोतः धनकुटा नगरपलिका धनकुटाको शिक्षा पार्श्वचित्र २०७८)*

सामुदायिक विद्यालयमा आधारभूत तहमा रहेका विद्यार्थी सङ्ख्या

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| कक्षा १ –५ | ९५९ | ९७५ | १९४३ |
| कक्षा १–८ | १६३१ | १६६८ | ३२९९ |

*(स्रोतः धनकुटा नगरपलिका धनकुटाको शिक्षा पार्श्वचित्र २०७८)*

संस्थागत विद्यालयमा आधारभूत तहमा रहेका विद्यार्थी सङ्ख्या

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| कक्षा १ –५ | ७९१ | १०९३ | १८८४ |
| कक्षा १–८ | १२६९ | १३३६ | २६०५ |

*(स्रोतः धनकुटा नगरपलिका धनकुटाको शिक्षा पार्श्वचित्र २०७८)*

आधारभूत तहको शैक्षिक सूचक तथा प्रक्षेपण

| क्षेत्रहरु | आव ०७४/७५ | आव ०७५/७६ | आव ०७६/७७ | आव ०७७/७८ |
|---|---|---|---|---|
| सामुदायिक विद्यालय को संख्या | NA | NA | NA | 39 |
| सस्थागत विद्यालयको संख्या | NA | NA | NA | 17 |
| कक्षा १-३ को सामुदायिक विदयालयको विद्यार्थी संख्या | 521 | 1063 | 1054 | 1160 |
| कक्षा १-८ को सामुदायिक विदयालयको विद्यार्थी संख्या | 3546 | 3359 | 3272 | 3299 |
| प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | 62.9 | 84.1 | 84.0 | 91.7 |
| कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | 97.0 | 98.0 | 98.0 | 98.4 |
| आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | 97.5 | 97.5 | 97.5 | 97.5 |
| आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर* (%) | 95.1 | 96.6 | 96.6 | 96.6 |
| आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | 97.5 | 97.0 | 97.1 | 97.0 |
| समग्र सिकाइ उपलब्धि स्तर | 50.0 | 55.2 | 55.3 | 55.3 |
| कक्षा ५ सम्मको टिकाउदर | | | | 92.3 |
| कक्षा ८ सम्मको टिकाउदर | | NA | NA | 86.8 |
| आधारभूत तहमा महिला शिक्षक अनुपात | NA | NA | NA | 50 |
| आधारभूत तहमा  शिक्षक विद्यार्थी अनुपात | NA | NA | NA | NA |
| आधारभूत तहको आन्तरिक सक्षमता | NA | NA | NA | 84.7 |
| 2076 मा कक्षा ८ २.८ बाट ३.२ ग्रेड ल्याउने % | NA | NA | 19.4 | NA |
| 2076 मा कक्षा ८ ३.२ बाट ३.६ ग्रेड ल्याउने % | NA | NA | 9.2 | NA |
| 2076 मा कक्षा ८ ३.६ बाट ४.० ग्रेड ल्याउने % | NA | NA | 3.5 | NA |
| 2076 मा कक्षा ८ २.८ तलको ग्रेड ल्याउने % | NA | NA | 67.9 | NA |

(तथ्यांक स्रोत CEHRD Flash Reports : 2074/75 to 20776/77,धनपा शिक्षा शाखा २०७८)

धनकुटा न.पा. शिक्षा योजना

## ३.२.३ अवसर र चुनौतिहरु

यस क्षेत्रका समस्या तथा चुनौतिहरुमा निम्न रहेका छन् ।

- पछाडिएको तथा न्युन-आय भएका समुदायका बालबालिकाहरुको पहुँचलाई सुनिश्चत गर्नु ।
- सबैमा बालबालिकाहरुमा सिकाइ उपलब्धी सुनिश्चत गर्नु ।
- विद्यार्थी अनुसारको विषयगत शिक्षकको व्यवस्था गर्नु ।

- सिकाइका लागि उपयुक्त वातावरणको व्यवस्था गर्नु।
- शिक्षक नियुक्ति, पेशागत विकास तथा सहयोगको प्रभावकारी रुपमा व्यवस्थापन गर्नु।
- शिक्षणसिकाइको अनुगमन मुल्यांकन र सुपरीवेक्षणलाई सिकाइको अभिन्नका रुपमा बनाउनु ।
- अनिवार्य तथा निःशुल्क आधाभूत शिक्षाको सुनिश्चितता गर्नु।

## ३.२.४ उद्देश्य

- ५—१२ वर्ष उमेर समुहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको सुनिश्चितता गर्ने।
- आधारभूत तहको सिकाइउपलब्धीमा वृद्धि गर्ने।
- कक्षा १ मा भर्ना भएका सबै बालबालिकालाई कक्षा ८ सम्मको शिक्षा अनिवार्य रूपमा पूरा गराउने।
- निर्धारित सिकाइ सक्षमता हासिल गरेका विद्यार्थीहरूलाई माध्यमिक शिक्षामा प्रवेशका लागि तयारी गराउनु।
- विद्यालय शिक्षाको व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउने।
- विद्यालय पद्धतिलाई विविधता अनुकुल उत्थानशील र जवाफदेही बनाउने।
- आधारभूत तहको विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने।

## ३.२.५ रणनिति

- ५ देखि १२ वर्ष समूहका सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षाको पहुँचमा पुर्याउने।
- आधारभूत तहमा आन्तरिक सक्षमतामा सुधार ल्याउने।
- सिकाइका लागि न्यूनतम आधारभूत पूर्वाधारमा सुधार गर्ने।
- शिक्षणसिकाइ क्रियाकलापमा सुधार गर्ने ।
- प्रारम्भिक कक्षा पढाइ सीपको अभिवृद्धि गर्ने।
- आधारभूत तहको परीक्षा प्रणालीमा सुधार ल्याउने।
- प्रारम्भिक कक्षा पढाइ सीपको अभिवृद्धि गर्ने।
- अभिभावक तथा समुदायको जिम्मेबारिता लाई वृद्धि गर्ने।

धनकुटा न.पा. शिक्षा योजना

## ३.२.६ उपलब्धि र नतिजा

### (क) उपलब्धि

- अनिवार्य तथा आधारभूत शिक्षाको पहुँच तथा सहभागिता सुनिश्चितता गरी गुणस्तरमा वृद्दि हुने।

### (ख) नतिजा

- सबै बालबालिकाहरूको आधारभूत शिक्षामा पहुँच सुनिश्चितता हुने।
- ५ देखि १२ वर्ष समूहका सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षाको पहुँचमा पुर्याउने तथा खुद भर्नादर र टिकाउदरमा वृद्दि हुने ।
- आधारभूत शिक्षा प्राप्त गर्ने बालबालिकाहरुले न्यूनतम सिकाइ उपलब्धी हासिल गर्ने।
- सिकाइका न्यूनतम आधारभूत पूर्वाधारमा सुधार गरी बालबालिकाहरुको सिकइ स्तरमा अभिवृद्धि हुने।
- आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासान कायम हुने।
- आधारभूत तहका विद्यालयहरुको न्यूनतम मापदण्ड पुरा गरेको हुने।

धनकुटा न. पा. शिक्षा योजना

## ३.२.७ प्रमुख क्रियापलाप तथा लक्ष्यहरु

| क्रस | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | बाँकी ५ बर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विषयगत तथा व्यवस्थापन तालिम | पटक | | | १ | | १ | २ | २ | |
| २ | बालमैत्री शिक्षण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्रियाकलापमा सञ्चालन | | | | | | | | | |
| ३ | आधारभूत तहको परीक्षा ,नतिजा सार्वजनिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | सिमान्तकृत तथा विद्यालय बाहिर रहेका बालबालबालिकाको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | पटक | | | | १ | | १ | १ | |
| ६ | आवश्यकताको आधारमा लागत सहभागिताकोको आधारमा भौतिक पुर्वधारका कार्यक्रम सञ्चालन गर्ने (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | विद्यालयलाई शैक्षिक सामग्री सहयोग कार्यक्रम | विद्यालय | | | | १ | | १ | २ | |
| ८ | कक्षा १ देखि ३ सम्मको पठनसीप तथा गणितीय सीप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरु सहितको छापायुक्त कक्षाकोठा ब्यवस्थापन सञ्चालन | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | प्रारम्भिक कक्षाको शिक्षणका क्रमिक सिकाइ रणनितिको निरन्तरता सहित प्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइका लागि शैक्षिक सामग्री सहयोग कार्यक्रम | विद्यालय | | | | १ | १ | २ | २ | |
| १० | बालबालिकाहरुको पठन सहित सिकाइ सुधारमा योगदान पुर्याउने उत्कृष्ट अभिभावक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

धनकुटा न.पा. शिक्षा योजना

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | कक्षा १ ३ मा कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठाइ तथा गणितिय सीप परिक्षण सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १२ | बार्षिक रुपमा विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १३ | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रदशनी मेला सञ्चालन | पटक | | | १ | | १ | २ | २ | |
| १४ | उत्कृष्ट शिक्षक छनोट गरी सम्मान कार्यक्रम | जना | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १५ | शैक्षिक सुशासन कायम गर्नका लागि छलफल तथा अन्तर क्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १६ | शैक्षिक सामग्री निर्माण कार्यशाला गोष्ठी कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १७ | शिक्षकले कक्षाकोठामा विताउने समयको पुर्ण कार्यान्वयनमा सहयोग | विद्यालय | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| १८ | शिक्षकको क्षमता विकासको लागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | जना | | | १ | | १ | २ | २ | |

धनकुटा न.पा. शिक्षा योजना

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

विद्यालय तहमा विगत लामो समयदेखि माध्यमिक शिक्षा कक्षा ९ - १० (८०० पुर्णाङ्क) र कक्षा ११-१२ (विभिन्न विधागत) उच्च माध्यमिक तहको रुपमा अभ्यासमा रहे तापनि हाल राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले कक्षा ९ देखि १२ लाई माध्यमिक शिक्षा कायम गरेको छ। जुन वि.स. २०७७ को शैक्षिक शत्रवाट कार्यन्वयनमा रहेको छ। प्रारुपले गुरुकुल, गोन्पा विहार, मदर्सा, मुन्धुम लगायतका परम्परागत शिक्षा पद्धतिलाई माध्यमिक शिक्षामा समेटिएको छ । माध्यमिक शिक्षालाई साधरण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तिन प्रकारको हुने व्यवस्था गरेको छ । माध्यमिक शिक्षाको पाठ्यक्रम संरचना एकलपथको हुनेछ। कक्षा ९ र १० को साधरण धारतर्फ प्रत्येक कक्षामा नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान तथा प्रविधि र सामाजिक अध्ययन गरी पाँचवटा अनिवार्य विषयहरु र २ वटा ऐच्छिक विषयहरु रहनेछन। यसै गरी कक्षा ११ र १२ को साधरण शिक्षातर्फ अनिवार्य विषयका रुपमा अङ्ग्रेजी, नेपाली र सामाजिक अध्ययन तथा जिवनपयोगी शिक्षा/अनिवार्य गणित अनिवार्य विषयका रुपमा छन भने तिनओटा ऐच्छिक विषय समावेश गरीएको छ। यसको अतिरिक्त कक्षा ११ र १२ मा एच्छिक विषयको रुपमा अतिरिक्त एक एच्छिक विषय थप गर्न सकिने छ। प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास समेटिनेछ। शिक्षण सिकाइ क्रियाकलापका लागी पाठ्यभारको सट्टा कक्षा ९ र १० का लागि १०२४ घण्टाको पाठ्यघण्टा र कक्षा ११ र १२ का लागी जम्मा ८६४ घण्टाको पाठ्यघण्टाको व्यवस्था गरीएको छ। साथै उमेरगत रुपमा १३ र १४ वर्षसम्म कक्षा ९-१० र १५ र १६ वर्षसम्म कक्षा ११-१२ लाई तथा तहगत रुपमा तह चार र पाँच मानिनेछ।

नेपालको संविधान २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ जसअनुसार माध्यमिक तह सम्म निशुल्क शिक्षा पाउने हक सुनिश्चित गरेको छ । नेपालमा विद्यालय शिक्षामा पहुच बढाउन तथा गुणस्तरमा सुधार ल्याउन राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरु हुदै आएकामा सन् १९९० को दशक पश्चात यसले अझ गति लिएको देखिन्छ। यस अवधिमा राष्ट्रिय विकास योजना र शिक्षासम्बन्धी राष्ट्रिय स्तरका योजनाहरुमा विद्यालय शिक्षा सुधारका लागि नीति, रणनीति, कार्यनीति, कार्यक्रम र कार्ययोजनाहरु अगाडि सारिएका छन। यसै सन्दर्भमा विद्यालय क्षेत्रको योजना, २०२१-२०३० सम्मको दश वर्षे विद्यालय क्षेत्रको योजना स्वीकृत भई कार्यन्वयनमा रहेको छ। यस योजनाले नेपाललाई वि.स. २०८७ सम्ममा अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा, निशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता तथा जीवन पर्यन्त सिकाइ जस्ता विषयमा जोड दिएको छ।

पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१) को आधार पत्रमा शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरी आधारभूत तहसम्म अनिवार्य र निशुल्क तथा माध्यमिक तहको शिक्षा निशुल्क पाउने व्वस्थामा जोड दिउएको छ । शिक्षालाई रोजगारमुलक बनाउदै लैजान सिपमुलक तथा व्यावसायिक शिक्षाको विस्तारमा जोड दिई लगानी वृद्धि गर्ने,

जनशक्तिलाई अन्तराष्ट्रिय स्तरमा समकक्षी र प्रतिस्पर्धी बनाउने, प्राविधिक शिक्षालाई हरेक स्थानीय तहसम्म सर्वसुलभ गराउनेकुरा यस आधार पत्रमा उल्लेख गरीएको छ । यस योजनाले गुणस्तरीय शैक्षिक वातावरण सिर्जना, खोज तथा अनुसन्धान, सामाजिक तथा आर्थिक रुपान्तरणका लागि मानव संसाधन विकास , उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास, सबैलाई जीवनपर्यन्त शिक्षाको अवसर एवम शैक्षिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्ने जस्ता पक्षलाई प्राथमिकतामा राखेको छ।

## ३.३.२ वर्तमान अवस्था

संघिय संरचना अनुरुप तिनवटै; संघ, प्रदेश र स्थानीय; तह वाट शिक्षाको व्यवस्थापन गर्ने कार्य भए पनि माध्यमिक तहसम्मको शिक्षा मूलत: स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ। शिक्षा क्षेत्रको विकास तथा व्यवस्थापनका लागि सोहिअनुसार शिक्षाका संरचनाहरु बन्ने क्रममा छन । प्रत्येक स्थानीय तहमा शिक्षा व्यवस्थापनका लागि शिक्षा शाखा स्थापना गरी सोही शाखावाट शिक्षासँग सम्वन्धित सेवा प्रवाह गरीरहेको छ। गुणस्तरीय शिक्षाको सुनिश्चितता अभिवृद्धिका लागि विद्यालय शिक्षामा इन्टरनेटको पहुँचमा प्रगति, सूचनातथा सञ्चार प्रविधि (ICT) सुविधामा विस्तार, कम्प्यूटर तथा विज्ञान प्रयोगशालाको स्थापनामा जोड दिइरहेको अवस्था छ। विद्यालयको अनुगमन तथा सुपरिवेक्षण र शैक्षिक सहयोगको जिम्मा स्थानीय तहका कर्मचारीलाई दिए पनि प्रशासनिक कार्य वोझका कारण सायद शिक्षाको पेशागत सहयोग पर्याप्त देखिदैन।

धनकुटा नगरपालिकाको माध्यमिक तहको शैक्षिक झलक :-

| क्र.स. | विद्यालय | सञ्चालित कक्षा | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|---|
| १ | माध्यमिक | ECD - १० | १ | ७ | ८ |
| २ | माध्यमिक | ECD - १२ | ८ | ३ | ११ |
| ३ | माध्यमिक | ११-१२ | ० | ० | ० |
| ४ | प्राविधिक | ९-१२ | १ | ० | १ |
| ५ | खुला | ९-१० | १ | ० | १ |
| ६ | नमुना विद्यालय | ECD - १२ | १ | ० | १ |

*(स्रोत: धनकुटा नगरपलिका शिक्षा शाखा २०७८)*

| क्षेत्रहरु | आव ०७४/७५ | आव ०७५/७६ | आव ०७६/७७ | आव ०७७/७८ |
|---|---|---|---|---|
| माध्यमिक विद्यालयको संख्या सामुदायिक | | | | 9 |
| माध्यमिक विद्यालयको संख्या संस्थागत | | | | 10 |

धनकुटा न.पा. शिक्षा योजना

| | | | | |
|---|---|---|---|---|
| कक्षा ९-१२ को सामुदायिक विदयालयको विद्यार्थी संख्या | 2802 | 2651 | 2354 | 2605 |
| माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | NA | NA | 82.1 | 85.2 |
| माध्यमिक तह (कक्षा ९-१०) मा कुल भर्ना दर* (%) | NA | NA | 119.6 | 121.8 |
| माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर* (%) | NA | NA | 24.8 | 32.2 |
| माध्यमिक तह (कक्षा ११-१२) मा कुल भर्ना दर* (%) | NA | NA | 50.4 | 69.9 |
| माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | 48.8 | 51.5 | 53.5 | 32.2 |
| माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर* (%) | NA | NA | 72.1 | 85.4 |
| समग्र सिकाइ उपलब्धि स्तर | 53.0 | 56.9 | 56.1 | |
| कक्षा १० सम्मको टिकाउदर | NA | NA | NA | 79.0 |
| माध्यमिक तहमा महिला शिक्षक अनुपात | NA | NA | NA | 18 |
| माध्यमिक तहको आन्तरिक सक्षमता | NA | NA | NA | 67.7 |
| 2075 मा कक्षा SEE २.८ बाट ३.२ ग्रेड ल्याउने % | NA | NA | 5.0 | NA |
| 2075 मा कक्षा SEE ३.२ बाट ३.६ ग्रेड ल्याउने % | NA | NA | 3.6 | NA |
| 2075 मा कक्षा SEE ३.६ बाट ४.० ग्रेड ल्याउने % | NA | NA | 1.4 | NA |
| 2075 मा कक्षा SEE २.८ तलको ग्रेड ल्याउने % | NA | NA | 5.0 | NA |

(तथ्यांक स्रोत CEHRD Flash Reports : 2074/75 to 20776/77)

### ३.३.३ अवसर र चुनौती

सार्वजनिक शिक्षा प्रणालीमा गुणस्तर अभवृद्धि गर्नु, सरोकारवालाहरुविच अपनत्व कायम गर्नु, शिक्षा र रोजगारीविच तालमेल कायम गर्नु,शिक्षक र शिक्षाक्षेत्रको जनशक्तिमा जवाफदेहिता सुनिश्चित गर्नु, सार्वजनिक शिक्षामा सर्वसाधरण नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु जस्ता सवालहरु शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरु रहेका छन । यसका अलावा तपशिल अनुसार अवसर र चुनौतीहरु उल्लेख गरीएका छन :

१) संघीय संरचना अनुरुप माध्यमिक शिक्षाको व्यवस्थापन र सञ्चालनमा नितिगत, कानुनी तथा संरचनागत स्वरुपको विकास तथा कार्यन्वयन गर्ने र संस्थागत क्षमता विकास गर्ने ।
२) नि:शुल्क माध्यमिक शिक्षालाई कार्यन्वयन गर्ने र माध्यमिक शिक्षाको पहुँचवाट वाहिर रहेको संख्यालाई विद्यालयमा ल्याउने ।
३) विद्यालय छोड्ने (Drop Out) विद्यार्थीको अ वस्था जान्नका लागि Child Tracking System कायम नहुनु ।
४) आवश्यक विषयगत शिक्षक दरवन्दिको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य जनशक्ति व्यवस्थापन गर्नु ।
५) शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र विद्यार्थीको सिकाइप्रति उत्तरदायी वनाउने ।
६) सूचनातथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार, शिक्षकको दक्षतामा वृद्धि र शिक्षण सिकाइमा प्रभावकारिता अभिवृद्धि गरी विद्यार्थी सिकाइ उपलब्धिमा सुधार ।

### ३.३.४. उदेश्यहरु

१) धनकुटा नगरपालिकाको माध्यमिक तहको शिक्षाको विद्यमान अवस्थाको विश्लेषण गर्नु ।
२) माध्यमिक तहको शिक्षामा देखिएका समस्या तथा समस्या समाधानको उपायहरु पहिचान गर्नु ।
३) शैक्षिक उपलब्धि र गुणस्तर अभिवृद्धि गर्नु ।
४) लक्षित वर्गका विद्यार्थीहरुको पहुँच अभिवृद्धि गरी नैतिकवान , व्यवहारिक, सिपयुक्त र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्नु ।
५) विद्यालय वाहिर रहेका बालबालिकालाई विद्यालयमा भित्राउने, टिकाउने र सिकाउने राष्ट्रिय लक्ष्यलाई सहयोग गर्नु ।
६) सिकाइ सुधारका लागि शैक्षिक तथा भौतिक वातावरणलाई बालमैत्री बनाउनु ।
७) उच्च शिक्षाको प्रवेशको लागि आधार तयार गर्नु ।
८) माध्यमिक तहमा प्राविधिक तथा व्यवसायिक शिक्षामा उल्लेखनिय सुधार ल्याउनु ।

## ३.३.५ रणनिति

योजनाका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनितिहरु अवलम्वन गरीनेछ :

१) संघीय मापदण्ड अनुसार स्थानीय तहले समन्वय गरी विद्यालय नक्साङ्कन मार्फत सवै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरुलाई पुनर्वितरण, समायोजन तथा स्थापना गरीने ।
२) माध्यमिक तहमा खुद भर्ना दर र टिकाउ दर वढाउन वैकल्पिक माध्यमको प्रयोग तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरीने ।
३) सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रुपमा एकिकृत गरी  प्रविधिमैत्री, व्यवहारिक र नतिजामुलक वनाइने ।

धनकुटा न.पा. शिक्षा योजना

४) शिक्षक निरन्तर अध्यावधिक हुन र उत्प्रेरणा वढाउने कार्यक्रम सञ्चालन गरी दक्ष विषय शिक्षकको व्यवस्था लाई वढावा दिइने ।
५) सवै विद्यालयहरुमा विद्यालयहरुको न्यूनतम भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई वालमैत्री विद्यालय वनाइनेछ ।
६) विद्यालय शिक्षामा स्थानीय सरकारको लगानी वृद्धि गरीने ।
७) शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण संस्थाहरुको निरन्तर अनुगमन, निरीक्षण तथा मूल्याङ्कनको व्यवस्था गरीने साथै माध्यमिक विद्यालयहरुलाई पुरस्कृत गर्न तथा नियमन गर्न उत्तरदायित्व र कार्यसम्पादन परीक्षण पद्धति लागु गरीने ।
८) माधयमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्र.अको व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापन प्रति प्र.अलाई उत्तरदायी वनाउने ।
९) शिक्षक तयारी, विकास र सहायता प्रणालीलाई पुनःसंरचित गरीने ।

## ३.३.६ उपलब्धि तथा प्रमुख नतिजाहरु

### (क) उपलब्धि *(Outcomes)*

माध्यमिक शिक्षामा सवैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

### (ख) नतिजा *(Results)*

१) शिक्षण सिकाइ तथा विद्यार्थी सिकाइ उपलब्धिमा लैङ्गिक, सामाजिक तथा आर्थिक लगायतका सुचकहरुमा सुधार हुने ।
२) सवै बालबालिकाहरुलाई नि:शुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना दर तथा टिकाउ दरमा वृद्धि हुने ।
३) सवै माध्यमिक विद्यालयहरुले आधारभूत मापदण्ड पुरा गरेको हुने ।
४) विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइ सहजिकरणलाई सहयोग हुने ।
५) शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।
६) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामाग्रीको उचित व्यवस्थापन, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र सिकाइ वातावरणको निर्माण भएको हुने ।
७) माध्यमिक विद्यालयहरुमा अध्यापन गरीने विभिन्न विधाका विषयहरुमा सुदृढिकरण गरीने ।

धनकुटा न.पा. शिक्षा योजना

## ३.३.७ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्रस | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | बाँकी ५ बर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि सहजीकरण | केन्द्र | | | | | | | | |
| 2 | सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा क्षमता विकास तालिम | पटक | | | १ | | १ | २ | २ | |
| ३ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक व्यवस्थापन | नियमित | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | माध्मिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार बसको व्यवस्था | वटा | | | | १ | १ | २ | २ | |
| ५ | सरोकार सम्बद्ध पक्षहरुका बिचमा समन्वय, छलफल र अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | आवश्यकताको आधारमा लागत सहभागिताको आधारमा भौतिक पुर्वधारका कार्यक्रम सञ्चालन गर्ने (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | विद्यालयलाई शैक्षिक सामग्री सहयोग कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि अनुगमन, सुपरिवेक्षण तथा प्र.अ तथा शिषकलाई सहयोग | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

धनकुटा न.पा. शिक्षा योजना

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | प्रारम्भिक कक्षाको शिक्षणका क्रमिक सिकाइ रणनितिको निरन्तरता सहित प्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइका लागि शैक्षिक सामग्री सहयोग कार्यक्रम | पटक | | | १ | | १ | २ | २ | |
| १० | बाल समुह गठन ,क्षमता विकास र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १२ | बार्षिक रुपमा विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १३ | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रदशनी मेला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १५ | उत्कृष्ट  विद्यालयको प्रअ  सम्मान कार्यक्रम | जना | | | १ | | १ | २ | २ | |
| १६ | विद्यालयको शिअसंघ विब्यसको टिमको क्षमता विकास कार्कक्रम | पटक | | | | १ | १ | २ | २ | |
| १७ | शिक्षकले कक्षाकोठामा विताउने समयको पुर्ण कार्यान्वयनमा सहयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| १८ | शिक्षकको क्षमता विकासको लागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | पटक | | | १ | | १ | २ | २ | |
| १९ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | नियमित | १ | १ | १ | १ | १ | ५ | ५ | |

धनकुटा न.पा. शिक्षा योजना

## ३.४ पाठ्यक्रम र मूल्याङ्कन

### ३.४.१ परिचय

मानिसले आफ्ना ज्ञान, सिप, सामाजिक मुल्य मान्यता र अनुभवहरुलाई एक पिँढि बाट अर्को पिँढिमा स्थानान्तरण गर्दै आएको हुन्छ । यहि अनुभव स्थानान्त्रण गर्ने कार्यलाई शिक्षा भनिएको हो । शिक्षा पद्धतिलाई मार्ग दर्शन गर्ने महत्वपुर्ण आधार पाठ्यक्रम हो । बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने ज्ञान, सिप, र अनुभवको विस्तृत योजनालाई पाठ्यक्रम भनिन्छ । पाठ्यक्रमले बालबलिकाको सम्पुर्ण शैक्षिक अनुभवलाई समेट्ने प्रयास गर्दछ । पाठ्यक्रममा कुन विषयवस्तु सिकाउने भन्ने मात्र नभई विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गरी मूल्याङ्कन निर्धारण गर्ने महत्वपुर्ण आधार हो । बालबालिकाहरुका आवश्यकता, क्षमता र रुचि अनुसार विषयवस्तु दिईन्छ भने त्यस्ता विषयवस्तुको सामाजिक महत्व पनि रहन्छ । पाठ्यक्रमको माध्यमबाट प्राप्त शिक्षाको माध्यमबाट व्यक्तिलाई समाज र विश्वपरिवेश अनुकुल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यवसाय गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनु पर्छ ।

पाठ्यक्रमले राखेको उद्देश्य प्राप्तिका लागि शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन पश्चात उद्देश्य अनुरुप विद्यार्थीहरुको व्यवहारमा के कति परिवर्तनहरु आएका छन् वा छैनन् र निर्धारित उद्देश्यहरु के कति मात्रामा पूरा भए भनी लेखाजोखा गर्नु नै मूल्याङ्कन हो । पाठ्यक्रमद्वारा निर्देशित ज्ञान, सिप तथा अभिवृत्ति प्राप्तिमा विद्यार्थी सक्षम बनाउने दिशामा शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रिया सञ्चालित हुनु पर्छ ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०७५ ले विद्यालय संरचना परिवर्तन भई प्रारम्भिक कक्षा देखि कक्षा ८ सम्म आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्म माद्यमिक शिक्षा कायम भएको अवस्थामा संघीय संरचना अनुकुल हुने गरी विद्यालय

शिक्षाको पाठ्यक्रमको पुर्नसंरचना हुन आवश्यक रहेको उल्लेख छ । पाठ्यक्रमलाई समयानुकुल परिवर्तन गर्दै जीवनाकुल बनाउनु जरुरी देखिन्छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले विद्यालय शिक्षामा नीतिगत तथा संरचनागत नविन आयाम समावेश गरी कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रम तथा कक्षा १२ सम्म एकल पथिय पाठ्यक्रम ढाँचा अवलम्वन गर्ने कुरा सुझाएको छ । यसरी हेर्दा पाठ्यक्रम एउटा शिक्षा प्रणालिलाई मार्ग दर्शन गर्ने आधार भएकोले मानवीय आवश्यकता, बालबालिकाका रुचि, सामाजिक मुल्य मान्यता र समाज तथा विश्वपरिवेशमा विकास भएका ज्ञान, सिप तथा प्रविधि अनुकुल पाठ्यक्रमलाई एउटा गतिशिल र लचिलो प्रक्रियाको रुपमा लिन आवश्यक छ ।

## ३.४.२ वर्तमान अवस्था

धनकुटा नगरपलिकामा जम्मा ३९ सामुदायिक विद्यालयहरु रहेका छन् भने १७ वटा संस्थागत विद्यालयहरु रहेका छन् । त्यस्तै गरेर ५ स्रोत कक्षा विद्यालयहरु र ४८ वटा बालविकास केन्द्रहरु रहेका छन् भने ती विद्यालयहरु मध्ये एउटा नमुना विद्यालय रहेको छ र एक प्रविधिक धार संचालन भएको विद्यालय रहेको छ । यस पालिका भित्र सामुदायिक र संस्था विद्यालयहरुमा जम्मा ९३२२ विद्यार्थीहरु अध्ययनरत छन् । (स्रोतः धनकुटा नगरपलिका धनकुटाको शिक्षा पार्श्वचित्र २०७८) नगरपालिका भित्रका १७ वटा संस्थागत विद्यालयहरुले आ-आफ्नै तरिकाले निजी क्षेत्रबाट प्रकाशित पाठ्यपुस्तकहरुको पठनपाठन गराईरहेको भने सामुदायिक विद्यालयहरुमा पाठ्यक्रम विकास केन्द्रले तय गरेको पाठ्यपुस्तक पठनपाठन भईरहेको छ । यस पालिका भित्र वर्तमान परिस्थितीमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयनमा रहेको छ जस अन्तर्गत शैक्षिक वर्ष २०७७ देखि १ र ११ मा नयाँ पाठ्यक्रम अनुरुप अध्ययन अध्यापन कार्य गरिँदै आईरहिएको छ । केहि सामुदायिक विद्यलायहरुले केहि तल्लो कक्षा र केहिले माथिल्लो कक्षा ९ सम्म अंग्रेजी माध्यममा अध्ययन अध्यापन गराईरहेका छन । सामुदायिक विदयालयहरुको आधारभूत तहको (कक्षा १-५) तर्फ स्थानीय पाठ्यक्रम लागु गर्नु पर्ने कार्यविधि अनुसार कुनै विद्यालयले अंग्रेजी भाषाको अध्यापन गराईरहेका छन् भने कुनै विद्यालयहरुले स्थानीय मातृभाषाको अध्यापन गराईरहेको छन् । यसै क्रममा यस पालिका भित्र NEGRP अन्तर्गत २०७३ साल देखि कक्षा १-३ तर्फ नेपली भाषिक ज्ञानलाई सुधार गर्न छुटै पाठ्यसामाग्री विकास गरी लागु भएको छ ।

यसै गरी यस पालिका भित्रका विद्यालयहरुमा पाठ्यक्रमको उद्देश्य प्राप्तिमा सहयोग होस् भन्ने हेतुले नेपाल सरकार र स्थानीय गैर सरकारी संस्था हुसाडेक नेपालको साझेदारीमा सबैका लागि पढाई कार्यक्रम यसै शैक्षिक वर्ष २०७८ देखि लागु हुने चरणमा रहेको छ । यस पालिका भित्रका माद्यमिक तहका सामुदायिक विद्यालयहरुमा नगरपालिका द्वारा CCTV वितरण तथा प्रदेशको सामाजिक विकास मन्त्रालय र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमद्वारा विज्ञान प्रयोगशाला र ICT LAB वितरणका कार्यक्रमहरु हुँदै आएका छन् । जस अन्तर्गत यस पालिका भित्रका विभिन्न सामुदायिक विद्यालयहरुमा Interactive board र Smart TV जडान गर्ने कार्य भएका छन् । यसै गरेर पालिका र शिक्षा विकास तथा समन्वय ईकाइ द्वारा पनि बेला बेलामा सामुदायिक विद्यालयका शिक्षकहरुलाई पेशागत क्षमता विकास सम्बन्धी विभिन्न गोष्ठि र तालिमहरु गराई शिक्षण सिकाइमा सुधारको प्रयास गरीएको छ तापनि परिवर्तित समय र परिस्थिती अनुरुप शिक्षण सिकाइ कार्यको प्रभावकारिता र शिक्षकको तयारी , विकास , कार्यकुशलता र उत्प्रेरणका पक्षमा सुधारको जरुरी देखिन्छ ।

पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तक तथा सन्दर्भ सामाग्रीहरुको विद्युतीय प्रति तयार गरी वेवसाइटमा राखेको छ । सहज अवस्थामा मुद्रित पाठ्यपुस्तक तथा पाठ्यसामाग्रीको पहुँचमा खासै समस्या नदेखिए तापनि विभिन्न किसिमको महामारी र विपदको वेलामा विभिन्न विधि र माध्यममा पाठ्यसामाग्रीको पहुँचमा वृद्धि गर्नुपर्ने अवस्था कोभिड -१९ को प्रभावले सिकाइमा भएको अवरोध तथा सिकाइ सामाग्रीको अपर्याप्तता देखाएको छ । सधैँ आमनेसामने विधिमा मात्र भर नपरी शिक्षण तथा मूल्याङ्कनका क्रममा पनि वैकल्पिक विधि र माध्यम आवश्यकता जरुरी देखिन आउँछ ।

## ३.४.३ अवसर र चुनौतीहरु

नेपालमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को कार्यान्वयन गर्ने सन्दर्भमा देशभरका विद्यालयहरुमा शैक्षिक वर्ष २०७७ देखि कक्षा १ र ११ मा नयाँ पाठ्यक्रम लागु भइसकेको छ साथै यस पालिकामा पनि सोहि अनुरुपको अध्ययन- अध्यापनको कार्य भइरहेको छ भने २०७८ देखि कक्षा ६ र १२ मा नयाँ पाठ्यक्रम अन्तर्गतको पाठ्यपुस्तक लागु हुँदैछ । प्रत्येक सामुदायिक विद्यालयका सम्पुर्ण विद्यार्थीहरुले कक्षा १० सम्म निःशुल्क पाठ्यपुस्तक प्राप्त गर्नु , अपाङ्गता, दलित तथा छात्रा छात्रवृतिको व्यवस्था गरीनु, पालिका भित्रका बाल शिक्षकहरुले तालिम प्राप्त गर्नु , कक्षा ११ र १२ सञ्चालित सबै सामुदायिक विद्यालयहरुले ५० हजारका दरले पाठ्यपुस्तक खरिद रकम अनुदान प्राप्त गर्नु , स्रोत कक्षा संचालन भएका विद्यलयहरुमा वार्षिक ५० हजारका दरले विद्यालयले प्राप्त गर्नु , स्थानीय तह र प्रदेश सरकारले विज्ञान प्रयोगशाला र ICT LAB को व्यवस्थापनमा सहयोग गर्नु , स्रोत कक्षा सञ्चालित विद्यालयहरुमा दृष्टिविहिन बालबालिकाहरुका लागि ब्रेल लिपिको पाठ्यपुस्तक व्यवस्था गरीनु ,परिस्थिति अनुकुल वर्तमान समयमा संस्थागत तथा सामुदायिक विद्यालयहरुमा वैकल्पिक विधिको प्रयोगद्वारा अनलाईन परिक्षा संचालन,Online Class, Messenger Group द्वारा वैकल्पिक कक्षा संचालन हुनु , कतिपय संस्थागत विद्यालयहरुमा आफ्नै वेवसाईट र शैक्षिक मोबाईल एप हुनु , कक्षा ७ सम्म निरन्तर मूल्याङ्कन पद्धति लागु हुनु , सशर्त अनुदान अन्तर्गत पालिकाद्वारा सामुदायिक विद्यालयहरुमा बुक कर्नरका लागि रकम निकासा हुनु लगायतका गतिविधि र कार्यक्रमहरुले यस क्षेत्रका सुधारको अवसर अनुभुत गराउँछ । यस पक्षको चुनौतिको रुपमा शिक्षण सिकाइ कार्यको प्रभावकारिता, शिक्षाको तयारी , शिक्षण सिकाइ उद्देश्य प्राप्तिका लागि शैक्षिक सामाग्रीको निर्माण र प्रयोग , समय व्यवस्थापन , विद्यार्थीहरुको नियमितता , कक्षाकोठा व्यवस्थापन , ग्रमिण भेगका विद्यार्थीहरुको विद्यालय उपस्थितिमा नियमितता नहुनु, ग्रामिण भेगका बालबालिकाहरुको पाठ्यपुस्तक उपलब्धतामा ढिलाई हुनु , विद्यालयमा प्रर्याप्त तहगत पाठ्यक्रम र शिक्षक निर्देशिकाको अभाव हुनु आदि रहेका छन् भने यस क्षेत्रका मुख्य समस्या र चुनौतिहरुलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ ।

- नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था गर्न ।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामाग्री निर्माण र कार्यान्वयनको व्यवस्थापन गर्न ।
- सबै शिक्षकहरुलाई नयाँ पाठ्यक्रम र पाठ्यसामाग्री सम्बन्धी अभिमुखिकरण गराउन ।
- प्रारम्भिक कक्षाहरुमा उद्देश्य प्राप्ति अनुरुको मातृभाषा, बहुभाषा र स्थानीय भाषा प्रयोगमा कठिनाई हुनु ।
- अपाङ्गता भएका बालबलिकाहरुका लागि पाठ्यक्रम तथा सिकाइ सामाग्रीहरुको उपलब्धता र अपाङ्गताको प्रकृति अनुसारको लचकता प्रदान गर्नु ।

- पाठ्यपुस्तकको सुधार र गुणस्तर, स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्नु ।
- विद्यार्थीहरुका लागि मुद्रित तथा डिजिटल साथै प्रविधिमैत्री सामाग्रीको विकास र उपलब्धता हुनु ।
- मूल्याङ्कन पद्धतिलाई सिकाइ र जीवनउपयोगी सिप सँग जोडन ।
- सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग गर्न ।
- स्रोत कक्षा संचलालित विद्यालयको शिक्षकहरुलाई अपाङ्गताको प्रकृति अनुसारको तालिमको व्यवस्था गर्नु ।
- पालिका भित्रका सबै विद्यालयहरुमा प्रविधि मैत्री शिक्षण सिकाइका लागि ईन्टरनेटको व्यवस्थापन गर्नु ।
- मातृभाषामा शिक्षा लिन पाउने प्राथमिक तहका बालबालिकाहरको अवसरलाई दक्ष जनशक्ति व्यवस्थापन गर्नु ।
- नगरपालिका भित्रका विद्यालयहरुमा विद्यार्थी संख्या , भौगोलिक अवस्था अनुकुलको शिक्षक तथा दरबन्दी उपयुक्त वितरण गर्नु ।
- वेवसाइटहरुमा उपलब्ध सामाग्रीहरुमा विद्यालय, अभिभावक र विद्यार्थीहरुको पहुँचमा सुनिश्चित गर्नु ।
- विपद र महामारीको समयमा विभिन्न विधि र प्रविधिको प्रयोग तथा पहुँचको व्यवस्थापन र टोलबस्ती घुम्ति तथा रेडियो टेलिभिजन शैक्षिक कार्यक्रमको सुनिश्चिततामा पहुँच पुर्याउन ।

## ३.४.४ उद्देश्य

यस योजनाले पालिका भित्र पाठ्यक्रम र मूल्याङ्कन सम्बन्धी निम्न लिखित उद्देश्यहरु राखेको छः

- पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, गुणस्तर प्राप्तिका लागि प्रभावकारी ढंगले कार्यान्वयन गर्नु ।
- स्थानिय परिवेश बमोजिम तोकिएका तहमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्नु ।
- सिकाइलाई दैनिक जीवनसंग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक परिवेश अनुसार बालबालिकाहरुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु ।
- पाठ्यक्रमलाई जीवन्त अनुभवमा आधारित सिप सँग जोडी विकास र कार्यान्वयन गर्नु ।
- पाठ्यक्रमलाई प्रविधि सँग सम्वन्धित गराई प्रविधमैत्री सिपयुक्त सक्षम जनशक्ति तयार गर्नु ।

## ३.४.५ रणनितिहरु

उल्लेखित उद्देश्यहरु हासिल गर्नका लागि निम्न रणनितिहरु अवलम्बन गरीनेछः

➢ पाठ्यक्रमको उद्देश्य प्राप्तिका लागि पालिका भित्रका विद्यायलयहरुमा यसको मूल्याङ्कन र कार्यान्वनको पक्षको सुनिश्चित गरीनेछ।

➢ सिकाइलाई दैनिक जीवनसंग जोडन स्थानीय परिवेश र भौगिलिक अवस्था अनुकुलको विषयवस्तुलाई सिकाइ क्रियाकलापमा समावेश गरीनेछ।

➢ बालबालिकाहरुमा स्थानीय र आधुनिक परिवेश अनुसारको  सिक्षण सिकाइ सहजिकरण गरी ज्ञान, सिप, र व्यबहार विकासमा टेवा पुर्याईनेछ।

➢ स्थानीय परिवेश र भौगोलिक अवस्थाका आधारमा बालबालिकाहरुमा विभिन्न सिपसंग सम्बन्धित चरणबद्धरुपा तालिम र परियोजना कार्यहरु सञ्चालन गरीनेछ।

➢ पालिका भित्रका आधारभूत र माध्यमिक विद्यालयहरुमा क्रमशः सञ्चार र प्रविधिको पहँचको सुनिश्चित गरिँदै लगिनेछ।

➢ प्रत्येक  आधारभूत तथा माध्यमिक तहका सामुदायिक विद्यालयका प्रधानाध्यपकहरुलाई प्रविधि संग जोड्न क्रमशः ल्यापटपको व्यवस्था गरीदै लगिनेछ।

➢ पालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयहरु विच आ शैक्षिक प्रणाली र सिकाइ प्रक्रियाको आफ्ना ) आदन प्रदान गर्न प्रोत्साहित गरीनेछ।

➢ पालिका भित्रका सामुदायिक विद्यालयहरु मध्ये कार्यसम्पादनका आधारमा उत्कृष्ट विद्यालयलाई क्रमशः उचित मुल्याङ्क गरी पुरस्कृत गर्दै गईनेछ।

➢ जो संग जे सिप छ, त्यहि सिकाइन्छ भन्ने नारालाई सार्थक बनाउन पालिकामा निश्चित कोषको व्यवस्थापन गरी स्थानीय परिवेश र भौगोलिक अवस्था अनुकुलको सिपमुलक तालिम शिक्षकहरुद्वारा  विद्यालयमै संचालन गरीनेछ।

➢ अपाङ्गता भएका बालबालिकाहरुको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर बृद्धि गर्न आवश्यकिय पाठ्यसामाग्री तथा सिकाइ सामाग्रीको विकसा र प्रयोगलाई कार्यान्वयनमा ल्याईनेछ।

➢ राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्दिष्ट गरेअनुसार स्थानीय सरकारको विद्यालय तहमा पाठ्यक्रम कार्यान्वयन पक्षलाई सक्षम बनाईनेछ।

➢ महामारी, विपद तथा संकटको वेला सिकाइलाई निरन्तरता दिन वैकल्पिक सिकाइका आधारहरु पहिचान गरी सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत सक्षमता विकास गरीनेछ। उक्त प्रयोजनका लागि स्थानीय अनलाईन पत्रपत्रिका साथै रेडियोहरुको साझेदारी भूमिकामा सिकाइ समाग्रीहरु उत्पादन गरी छपाई तथा प्रसारण गरिनेछ।

➢ विद्यार्थीहरुको लागि  सिकाइ सामाग्रीहरु तथा सन्दर्भ सामाग्रीहरुको पालिकाबाट विकास गरी सामुदायिक विद्यालयका दक्ष शिक्षकहरुबाट स्थानीय तहको आर्थिक लगानिमा स्थानीय रेडियोको प्रयोग गरी प्रशारण गरीनेछ।

➢ सामुदायिक विद्यालय व्यवस्थापन समिति पदाधिकारीहरु, शि.अ.संघका पदाधिकारीहरु, सरोकारवालाहरु साथै जनप्रतिनिधिहरुको सहभागितामा प्रत्येक वडा भित्र रहेका विद्यालयहरु विच वर्षमा कम्तिमा एक पटक वाड कार्यालयको संयोजकत्वमा पढाई मेला वा सिकाइ प्रतिस्पर्धा आयोजना गरीनेछ।

धनकुटा न.पा. शिक्षा योजना

- प्रत्येक सामुदायिक विद्यालयहरुमा सहपाठी सिकाइ समुह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याई सिकाइ उपलब्धि सुधार गरीनेछ ।
- अतिरिक्त क्रियाकलापलाई प्रथमिकतामा राख्दै पालिकामा कोषको खडा गरी शैक्षक भ्रमण, तथा पालिका स्तरीय शैक्षिक प्रदशनीको आयोजनाको प्रबन्ध मिलाईनेछ ।
- आधारभूत तथा माध्यमिक तहको परिक्षामा अभिभावक तथा स्थानीय तहको प्रतिनिधिहरुलाई अनुगमन गर्ने वातावरण मिलाई परिक्षालाई थप सुधार गरीनेछ ।
- समुदायीक विद्यालयमा तहगत संयोजकको व्यवस्था गरीनेछ भने प्रत्येक विद्यालयका शिक्षकहरुले वार्षिक सिकाइ योजना बनाई विद्यालय प्रशासन र वि.व्य. स. संग सम्झौता गरी सिकाइ उपल्धि प्रति शिक्षकहरुलाई जिम्मेवार तथा जवाफदेयी बनाईनेछ ।

## ३.४.६ उपलब्धि तथा प्रमुख नतिजा

### (क) उपलब्धि

- पालिका भित्रका विद्यालयहरुमा विद्यालय तहको पाठ्यक्रम तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आधारभूत सक्षमतासहित सृजनशिल , सकारात्मक सोच भएको, प्रविधिमैत्री सिप भएको, सिकाइप्रति प्रतिवद्ध रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग मिल्ने ।

### (ख) प्रमुख नतिजा

- पालिका भित्रका विद्यालयहरुमा पाठ्यक्रम र मूल्याङ्कन सुधार सहित कार्यान्वयन हुने ।
- राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार पालिका भित्रका सबै विद्यालयहरुमा पाठ्यक्रम कार्यान्वयनमा आउने ।
- सबै विद्यालयहरुमा एकीकृत पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रमको विकास र समायोजन गरी कार्यान्वयन हुने ।
- प्रारम्भिक बालविकास देखि कक्षा ३ सम्म स्थानीय परिवेश अनुसारको स्थानीय भाषा, बहुभाषा वा मातृभाषाको प्रयोग गरी सिक्षण सिकाइ गरीने ।
- विद्यालय स्तरीय सार्वजानिक परिक्षामा अभिभावकहरुको सहभागीता भई मूल्याङ्कन र सञ्चालनमा सुधार हुने ।
- पाठ्यसामाग्रीहरु अपाङ्गता मैत्री,बालमैत्री ,स्थानीय परिवेश अनुसार सान्दर्भिक र प्रभावकारी हुने ।
- पाठ्यक्रमको कार्यान्वयन विद्यार्थीको सिकाइमा आधारीत भई उत्तरदायीत्वको वहन हुने ।
- पाठ्यक्रमले राखेको उद्देश्य अनुरुप दक्ष प्रविधिमैत्री सिपयुक्त जनशक्ती उत्पादन हुने ।

धनकुटा न. पा. शिक्षा योजना

## ३.४.७ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्रस | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | बाँकी ५ बर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका,सन्दर्भ सामग्रिको विकास प्रवोधिकण , प्रयोग र प्रभावकारी कार्यान्वयन | स्थानीय तह / विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | पाठ्यक्रम, पाठ्यपुस्तकको , प्रवोधिकण , प्रयोग र प्रभावकारी कार्यान्वयन | नियमित | | | | | | | | |
| ३ | नयाँ पाठ्यक्रममा आधारित शिक्षक तालिम तथा सहायता प्रणालीमार्फत् शिक्षकको क्षमता विकास गर्ने | पटक | | | १ | | १ | २ | २ | |
| ४ | आवश्यकताका आधारमा विषयगत प्रयोगशाला, | विद्यालय | | १ | | १ | १ | ३ | ३ | |
| ५ | स्थानीय पाठ्यक्रम निर्माण ,विकास र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | सूचना तथा सञ्चार प्रविधिमा आधारित डिजिटल सामग्री प्रयोग | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | कक्षा १ देखि ३ सम्मको पठनसीप तथा गणितीय सीप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरु सहितको छापायुक्त कक्षाकोठा ब्यवस्थापन सञ्चालन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ८ | निरन्तर विद्यार्थी मुल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | एकीकृत पाठ्यक्रमको प्रवोधिकरण र प्रयोग | पटक | १ | | | | | १ | १ | |
| ९ | मुल्याङ्कन प्रणालिमा सुधार तथा कक्षा ३,५,८ मा स्तरीय परिक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १० | कक्षाकोठामा आधारित कक्षा पठाइ तथा सीप परिक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ११ | विद्यालय तहको मुल्याङ्कन प्रक्रियाको अनुगमन तथा सहजिकरण | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १२ | विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि अनुकूल पाठ्यपुस्तक/पाठ्यसामग्री नि:शुल्क उपलब्धता र अपाङ्गमैत्री संरचना व्यबस्थापन | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| १३ | सिकारुको सिकाइ उपलब्धिप्रति जवाफदेही बनाई गुणस्तर सुधारकालागि शिक्षक संग कार्य सम्पादनमा आधारित करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ३.५ शिक्षक व्यवस्थापन तथा विकास

### ३.५.१ परिचय

शिक्षण सिकाइमा नयाँ नयाँ प्रविधिसँग परिचित हुन ,खोजी र सहकार्य गर्न , संकृतिको विकास गर्न, नयाँ विचार र ज्ञानको खोजी गर्न, नेतृत्व क्षमताको विकास गर्नका लागि प्रजातान्त्रिक एवम् सहयोगात्मक वातावरण निर्माण विद्यालयमा कार्यरत शिक्षकहरुको पेसागत क्षमता र दक्षतामा अभिवृद्धि गर्नका लागि शिक्षक पेसागत सहयोगको आवश्यकता पर्दछ । जसका लागि छलफल, अन्तरक्रिया,तालिम,गोष्ठी,कार्यमूलक अनुसन्धानजस्ता विविध तरिकाका कार्यक्रम सञ्चालन गरी

धनकुटा न.पा. शिक्षा योजना

शिक्षकको पेसागत सहयोगमा टेवा पु¥याउन सकिन्छ । विद्यार्थीको सिकाइ प्रक्रियामा सहजीकरण गर्नका लागि शिक्षकको पेशागत सक्षमताको विकास अपरिहार्य रहेको छ । शिक्षक तथा विद्यार्थी बिचम शिक्षण सिकाइका लागि उच्च अभिप्रेरण र मनोबल कायम राख्नका लागि पनि शैक्षिक गुणस्तरको सुनिश्चितता मागमा आधारित पेसागत विकास कार्यसम्पादनमा सक्षम तथा उत्तरदायी शिक्षक व्यवस्थापन विद्यालय क्षेत्र विकास योजनाको मूख्य सिद्धन्त हो ।

शिक्षा नीति २०७६ अनुसार शिक्षा प्रणलीका विभिन्न अवयवहरुमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्नका लागि उनीहरुको पेसागत योग्यता, सक्षमता ,इमान्दारिता, प्रतिबद्धता, जवाफदेहिता र उतरदायित्व सुनिश्ति गर्दै शौक्षिक सुसाशन कायम राख्नुमा जोड दिएको छ । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ अनुसार शिक्षाको गुणस्तर शिक्षकको गुणस्तर सँग सम्बन्धित हुन्छ । जसका लागि शिक्षक दरबन्दी तयारी , शिक्षक छनोट , शिक्षकपेसा विकास र उपयोग , शिक्षक प्रेत्साहन , संघीय संरचनामा शिक्षक व्यवस्थापन, शिक्षकहरुको अनुभवको प्रयोग जस्ता पक्षहरुमा विषेश जोड दिएको छ । यसका साथै शिक्षकहरुको पेसागत क्षमता विकास र विस्तारका लागि शिक्षक तालिमलाई आधुनिक सूचना प्रविधि तथा प्रणली सँग सम्माहित गराउने कुरामा जोड दिएको छ ।

राज्यको पुनः संरचनाको साथ साथै देशको परिवर्तित अवस्थामा बनाइएको नेपालको संविधानद्वारा प्रदत्त शिक्षाको समान पहुँचको हकलाई कार्यान्वयनमा ल्याउन शैक्षिक संरचनामा भएको परिवर्तनलाई संस्थागत गर्न, नीतिगत र कानुनी व्यवस्थाहरु गरीएका छन् । शिक्षाकै गुणस्तरको सुधारको निमित्त शिक्षक दरबन्दीको पुनरावलोक गर्दै समानुपातिक र समन्यायपूर्ण ढगंले वितरण गर्न निश्चित योजना र कार्यविधि तयार गर्नु आवश्यक रह्यो । विद्यालयहरुको पुनः संरचना गर्ने कार्यलाई हेर्दा प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्मलाई आधारभूत (१–८) र माध्यमिक (९–१२) तहमा वर्गीकरण गरीएको छ । यस्तो परिवर्तित सन्दर्भमा पुरानो मौजुदा व्यवस्थामा राज्यद्वारा श्रोत साधनहरुको समयानुकुल र समतामूलक वितरण गर्नुपर्ने आवश्यकता देखिएको हुँदा नगरपालिकाभित्र पनि विद्यमान शिक्षक दरबन्दी अवस्थाको अध्ययन अनुसन्धान र पुनरावलोकन गरी पुनर्वितरण गर्ने यो योजनाको लक्ष्य रहेको छ । यसको अतिरिक्त वर्तमान अवस्थासम्म आइपुग्दा विद्यमान नीतिगत कानुनी व्यवस्था र शिक्षक दरबन्दी र विद्यालय गर्दा ध्यान दिनुपर्ने विषयहरु र शिक्षक शिक्षक व्यवस्थापन, पेशागत विकासका लागि अपनाउनुपर्ने नीतिगत व्यवस्था समावेश गरीदा योजना कार्यान्वयन गर्ने सन्दर्भमा सहजता हुने देखिन्छ।

## ३.५.२ वर्तमान अवस्था

नेपालको संविधान २०७७ ले सबै नागरिकहरूलाई आधारभूत शिक्षा (प्रारम्भिक बाल विकासदेखि कक्षा ८ सम्म) लाई अनिवार्य र निःशुल्क तथा माध्यमिक तह (कक्षा ९–१२) सम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको रुपमा व्यवस्था गरेको छ । त्यस्तै गरी अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हकको व्यवस्था गरेको छ । शिक्षालाई वैज्ञानिक, प्राविधिक तथा व्यवसायिक सीपमूलक, रोजगारमूलक तथा जनमुखी बनाउने विषय संविधानमा उल्लेख गरीएको छ । नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था नेपालको संविधानले गरेको छ ।

विद्यालयमा विद्यार्थी ल्याउने, टिकाउने, सिकाउने र राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा उपलब्ध अवसर हरुलाई सजिलोसँग लिन सक्ने (बिक्न सक्ने) बनाउने हाम्रो शिक्षा पद्धतिको उद्देश्य रहेको पाइन्छ । मूलरुपमा शिक्षण सिकाइलाई प्रभावकारी बनाउन

शिक्षण पेशामा सक्षम शिक्षक भित्र्याउने, टिकाउने, क्रियाशील तुल्याउने र आफ्नो पेशा र कामको जिम्मेवारीप्रति जवाफदेखी बनाउने योजनाका साथ विद्यालयहरुमा शिक्षक दरबन्दी कायम हुनु आजको आवश्यकता हो । धनकुटा नगरपालिकाको तहगत रुपले वर्तमान अवस्थाको स्वीकृत शिक्षक दरबन्दीको अवस्था निम्न अनुसार रहेको छ ।

धनकुटा नगरपालिकाको तहगत शिक्षक दरवन्दी विवरण २०७६

| क.स | तह | स्थायी | राहत | अस्थायी/अनुदान | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (१-५) | १६४ | २० | २ | १८६ | |
| २ | आधरभूत तह (६-८) | ३७ | १८ | २ | ५७ | |
| ३ | माध्यमिक तह (९-१०) | २७ | १० | २ | ३९ | |
| ४ | माध्यमिक तह (११-१२) | ० | ० | २१ | २१ | |
| ५ | माध्यमिक तह (प्राविधिक धार ९-१२) | ० | ० | ६ | ६ | |
| | | | | | | |

*(स्रोत :ध.न.पा शिक्षा शाखा २०७७)*

## ३.५.३ अवसर र चुनैतिहरु

## (क) अवसर

- स्थानीय सरकारलाई शिक्षाको जिम्मेवारी दिनु,
- योग्यता प्राप्त शिक्षकको उपलब्धता हुनु,
- तालिम प्राप्त शिक्षकको पर्याप्तता रहन,
- योग्य तथा तालिम प्राप्त प्र को .अ.व्यवस्था हुनु,
- स्थानीय शिक्षा ऐन नियम तयार गरी कार्यान्वयन गरीने व्यवस्था हुनु ।

धनकुटा न. पा. शिक्षा योजना

## (ख) चुनौति

- पर्याप्त विषयगत दरवन्दी नहुनु,
- तहगत, योग्यता र तालिम भएको प्रधानाध्यापकको सबै विद्यालयहरुमा दरबन्दीको व्यवस्था नरहनु,
- तहगत शिक्षक दरबन्दी मिलान र व्यवस्थापन गर्न नसक्नु,
- विद्यालय सुपरीवेक्षण र अनुगमन प्राथमिकता नदिनु,
- शिक्षकलाई सेवा प्रवेशको तालिमको व्यवस्था नहुनु,
- हालको संरचनागत तहमा योग्यता र तालिम पुगेका शिक्षकको व्यवस्था नहुनु,
- प्राविधिक तथा व्यवसायिक विषयमा अध्यापन अनुमतिको बाध्यता रहनु ,
- शैक्षिक तथ्याङ्कहरुको व्यवस्थापनमा कमी रहनु ,
- प्रविधियुक्त शिक्षण सिकाइलाई प्रयोगमा ल्याउन उपयुक्त तालिमको व्यवस्था नहुन, ु
- शिक्षामा न्यून बजेट विनियोजन हुनु ,
- संस्थागत रुपमा सञ्चालित विद्यालयका शिक्षकहरुलाई तालिमको व्यवस्था नहुन,

## ३.५.४ उद्देश्य

- शिक्षक पेसागत विकासलाई आवश्यकतामा आधारित र नतिजामुखी बनाइ शिक्षकको दक्षता र उत्प्रेरणमा सुधार गर्नु ,
- विद्यालय सुपरिवेक्षण प्रणालीलाई आपूर्तिमा आधारित नभएर मागमा आधारित बनाउनु ।
- कार्यरत शिक्षकको सक्षमता परीक्षण गर्ने व्यवस्था गरी पेसागत सक्षमता , कार्यसम्पादन स्तर र अनुभवलाई वृत्ति विकास सगँ आवद्धता गर्नु ।
- सबै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्था गर्नु ।
- मागमा आधारित शिक्षक पेसागत सहयोग प्रदान गरी शिक्षकहरुको गुणस्तर तथा सक्षमतामा सुधार गर्नु ।
- विद्यालयको प्रशासनीक , व्यवस्थापकीय तथा शैक्षिक सुधारका लागि सहभागितामूलक संयन्त्र निर्माण गरी शैक्षिक सुशासन कायम राख्ने ।
- प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समीतिलाई विद्यालयको समग्र पक्षको अनुगमन र सुपरिवेक्षणको जिम्मेबारी दिने तथा स्थानीय तहले समन्वय र सहजीकरण गर्नु

धनकुटा न.पा. शिक्षा योजना

## ३.५.५ रणनीति

- विद्यालयमा तहगत तथा कक्षा शिक्षकको पहुचमा सुधार गर्ने,
- शिक्षक सक्षमता अभिवृद्धि गरी विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्ने,
- शिक्षक सक्षमता अभिवृद्धि गरी विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्ने,
- विद्यालय सुपरिवेक्षण प्रक्रियालाई प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समीतिमा आधारित बनाउन जोड दिने ।

## ३.५.६. उपलव्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### (क) उपलव्धी

- यस योजनाको कार्यान्वयन पश्चात सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार हुनेछ ।

### (ख) नतिजा

- स्थानीय स्तरबाट हुने शिक्षक नियुक्ति प्रक्रिया स्वच्छ र पारदर्शी हुने
- विद्यार्थी संख्याको आाधारमा शिक्षक वितरण हुने ,
- शिक्षक पेसा जिम्मेवार र मर्यादित पेसाका रूपमा रुपान्तरण हुने,
- शिक्षक सहायत प्रणाली व्यवस्थित हुने,
- शिक्षकको पेसागत विकासमा स्थानीय तहको सहयोग हुने,
- शिक्षकहरू सूचनातथा सञ्चार प्रविधी प्रति अभ्यस्त हुने र सो को प्रयोग शिक्षण सिकाइ प्रक्रियामा समेत हुने,
- शिक्षक सञ्जालको निर्माण भई अनुभवको आदान प्रदान हुने ।

## ३.५.७. प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्रस | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | बाँकी ५ बर्षको | कैफियत |
|---|---|---|---|---|---|

धनकुटा न.पा. शिक्षा योजना

| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | लक्ष्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आवश्यकताको आधारमा योग्य, सक्षम, सुचना प्रविधी संग परिचित शिक्षक तालिम | जना | | १० | १० | १० | १० | ४० | ४० | |
| २ | मागमा आधारित छोटो अवधिका पेसागत विकास तालिम तथा कार्यशाला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | स्थानिय तहमा विज्ञ समुह गठन तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | विद्यालयमा हुने आन्तरिक तथा बाह्य अनुगमन र सुपरीवेक्षण | निरन्यर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी संख्यको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | बाल विकास सहजकर्ताको लागि ३० कार्यदिने मन्टेश्वरी तालिम | पटक | | | १ | | | १ | १ | |
| ७ | शिक्षकले शिक्षणमा विताउने समयमा प्र.अ. लाई जिम्मेवार बनाउने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | शिक्षकहरूको विषयगत सञ्जाल निर्माण | पलिकागत | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ९ | शिक्षण सिकाइ नियमित र प्रभावकारी बनाउने मापदण्ड विकास | पटक | | | १ | | | १ | १ | |
| १० | पेशागत शैक्षिक अवलोकन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ११ | निश्चित कार्यसम्पादन सूचकका आधारमा प्रत्येक वर्ष प्रत्येक स्थानीय तहबाट उत्कृष्ट शिक्षक पुरस्कारबाट पुरस्कृत गर्ने । | पटक | | | | १ | | १ | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | पाठ्यक्रमका आधारमा आधारभूत तह (कक्षा १-५) मा बहुकक्षा बहुस्तर, कक्षाशिक्षक, आधारभूत (कक्षा ६-८) र माध्यमिक तहमा विषयगत शिक्षक व्यवस्थापन | जना | २ | २ | | | | ४ | | |
| १३ | नियमित शिक्षणसिकाइ सुनिश्चित गर्न मापदण्डको विकास | | | | | | | | | |
| १४ | प्रत्येक विद्यालयमा कम्तिमा एक सुविधायुक्त ICT Lab को प्रबन्ध गर्ने । | विद्यालय | | | १ | | १ | २ | ३ | |
| १५ | सुपरिवेक्षणलाई विद्यालयमा आधारित बनाउन विद्यालयका प्रधानाध्यापक, अनुभवी शिक्षक वा मेन्टर, विषय विज्ञ र समकक्षी शिक्षकबाट सुपरिवेक्षण गराउने गरी ३ दिने क्षमता विकास तालिम सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १६ | विद्यार्थी सिकाइउपलब्धिका आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्न प्रधानाध्यापक र स्थानीय तहलाई जिम्मेवार बनाउने । | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १७ | पालकि स्तरीय शिक्षक सम्मेलन कार्यक्रम | पटक | | | १ | १ | १ | १ | ४ | ४ |

धनकुटा न. पा. शिक्षा योजना

## ३.६अनौपचारिक तथा निरन्तर शिक्षा

### ३.६.१ परिचय

अनौपचारिक शिक्षा प्रणाली भन्दा अलग रुपबाट खास उद्देश्य प्राप्तीका लागि प्रदान गरीने शिक्षा नै अनौपचारिक शिक्षा हो। नेपालमा अनौपचारिक शिक्षा कार्यक्रम अन्तरगत १५ देखि ६० वर्ष उमेर समूहका निरक्षर पौढहरुलाई लक्षित गरी निरन्तर शिक्षा तह १ निरन्तर शिक्षा तह २ कार्यक्रम आ. व २०७२/०७३ देखि निरन्तर सञ्चालन हुँदै आएको छ। अनौपचारिक शिक्षा विशेषत गरेर सिक्ने बानीको विकास गर्नका लागि तथा कार्यमुलक सक्षरताको अभिवृद्धि गर्न तथा पढेर सिक्ने बानिको विकास गर्नु पनिमहत्तपूर्ण रहेको छ। शिक्षा जन्म देखि जिवन पर्यन्त चलिरहने प्रक्रिया हो। यसको अर्थ शिक्षा मानिसको जन्म बाट आरम्भ भई यसको अन्त्य मृत्यु पश्चात मात्र हुने गर्दछ। शिक्षा क्षेत्रमा नयाँ सोचाइ र नयाँ चिन्तनको उजागर गर्नका लागि कुनै विशेष क्षेत्रमा सिप प्रप्त गर्न उत्सुक व्यक्तिहारुका चाहाना परिपूर्ति गर्नका लागि निरन्तर शिक्षा अपरिहार्य रहन्छ।

पन्ध्रौ योजना २०७६/०७७-०८१/०८२ मा राखिएको उद्देश्य सबै नागरिकका लागि जिवन पर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नका लागि अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइ मार्फत बाट सिकेका तथा सिपलाई आयमूलक कार्यक्रम सगँ सम्बद्ध गरी जिवन पर्यन्त शिक्षालाई सुनिश्चित गर्नु रहेको छ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ। यसरी सरकारले साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रमहरूको समन्वयात्मक रूपले विकास, योजना तथा सञ्चालनका लागि स्थानीय सरकारहरूसँग सहकार्य गर्ने अनौपचारिक शिक्षा र औपचारिक शिक्षाको दोहोरो प्रवेशको अवसर प्रदान गरी प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण गर्ने तथा निरक्षर र नवसाक्षरलाई जीवनपर्यन्त शिक्षा दिन सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता स्वयम सेवक परिचालन गर्ने नीति लिएको छ।

निरक्षर जनताहरुलाई साक्षर बनाउने र नव साक्षरलाई निरन्तर शिक्षा दिने राज्यको दायित्व हो। अर्कोतिर उनीहरुका लागि आयमूलक र कार्यमूलक कार्यक्रम दिनु पनि आवश्यक देखिन्छ। जसलाई सार्थक बनाउनका लागि सामुदायिक सिकाइ केन्द्रको अवधारणा कार्यान्वयनमा आएको छ। तर एकातिर संचालनमा रहेका सिकाइ केन्द्रको व्यवस्थापन प्रभावकारी ढंगले हुन सकिरहेको छैन भने साक्षर भएकाहरुपनि निरन्तर शिक्षाको अवसर नपाउदा पुनः निरक्षर बन्नु पर्ने अवस्था टडकारो रुपमा रहेको छ। राज्यले काम दिन नसक्दा र सामुदायिक सिकाइ केन्द्रले काम खोज्न नसक्ने कारणले गर्दा कतिपय सामुदायिक सिकाइ केन्द्रहरु बन्द हुने अवस्थामा छन्।

## ३.६.२ वर्तमान अवस्था

धनकुटा नगरपालिकामा  सामुदायिक सिकाइ केन्द्र  ४ वटा रहेका छन् । स्थानीय तहका सबै वडाहरुमा सामुदायिक सिकाइ केन्द्र खोल्ने सरकारको नीति भए पनि धनकुटा नगरपालिकामा ४ वटा वडामा  मात्रै सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन् ।  निरन्तर सिकाइका लागि सामुदायिक सिकाइ केन्द्रलाई जिम्मेवार बनाउने  केन्दर सरकारको नीति रहेता पनि यस पालिकामा रहेका सामुदायिक सिकाइ केन्द्रहरु आफ्ना नियमित कार्यमा मात्र सिमित रहेका छन् । कक्षा ९ -१० सञ्चालन गर्ने गरी एउटा खुला विद्यालय सञ्चालनमा रहेको छ ।

## ३.६.३ अवसर र चुनौती

### (क) अवसर

- अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा निरन्तर सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमनको अधिकार स्थानीय सरकारलाई हस्तान्तरण भएको छ ।
- सामुदायिक सिकाइ केन्द्र सहकार्यमा साक्षरता कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउने अवसर रहेको छ ।
- सामुदायिक सिकाइ केन्द्रको सहभागितामा विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा ल्याउन, विद्यालय नियमित गराउन र घरमा पठन पाठनको वातावरण बनाउने अवसर रहेको छ ।
- अनौपचारिक शिक्षा र सीप आर्जन गर्ने व्यक्तिलाई संस्थागत विकासमा आवद्ध गरी समुदाय स्तरमा रोजगार र व्यक्तिगत रुपमा स्वरोजगार बनाउने प्रशस्त अवसर रहेको छ ।
- अनौपचारिक शिक्षाबाट साक्षरता कक्षा र निरन्तर शिक्षा पूरा गरी सीप आर्जन गर्ने व्यक्तिलाई सीप परीक्षणमा सहभागी गरी प्रमाणपत्र दिन सकिने अवसर रहेको छ ।
- अरितिक शिक्षा र व्यक्तिगत रुपमा सीप आर्जन गरेका व्यक्तिलाई साक्षरता र निरन्तर शिक्षाको कार्यक्रममा सहभागी गराई सीप परीक्षण गरी समकक्षता निर्धारण गर्ने अवसर रहेको छ ।
- खुल्ला विद्यालयको अवधारणालाई अगाडि बढाएको कक्षा ६, ८ र १० को मात्र नभई कक्षा १२ सम्मको शिक्षा प्राप्त गर्ने अवसरको विकास हुन थालेको छ ।

### (ख) चुनौती

- आवश्यकतामा आधारित निरन्तर शिक्षासगँ सम्बन्धित ढाँचा तथा सिकाइ सामग्री विकास तथा सो को कार्यान्वयन ।
- साक्षर व्यक्तिहरुलाई निरन्तर शिक्षाको कार्यक्रम दिन नसकिएको ।
- साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमलाई समय सापेक्ष प्रविधियुक्त र कार्यमुलक बनाउन नसकिएको ।
- अनौपचारिक शिक्षाका अध्ययन सामग्रीहरु परम्परागत रहेको ।

- साक्षरता कार्यक्रममा सहभागी भएका व्यक्तिहरुले सिकेको ज्ञान र सीपलाई रोजगारसँग जोडन् नसकिनुका साथै सीपको प्रमाणपत्र रोजगारको अवसरसँग नजोडिएको।
- अनौपरारिक शिक्षा तथा निरन्तर सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित गर्न नसकिएको।
- साक्षर भएका लक्षित समुह बाट साक्षरता सीपको प्रयोग र अभ्यास नहुदा पुनः निरक्षर भएको।
- अनौपचारिक शिक्षा र निरन्तर शिक्षा संचालन गर्ने संस्था र सयन्त्र विकास नभएको।
- निरक्षरहरुको सङ्ख्या ठूलो भएको स्थानमा मात्र कार्यक्रम संचालन गर्ने परिपाटीमा परिवर्नत ल्याउन नसकिएको

## ३.६.४ उद्देश्य

- सामुदायिक सिकाइ केन्द्रलाई कार्य सम्पादन गर्न सहजताका लागि प्रत्येक वडाको घरधूरी सर्वेक्षण गर्ने।
- सामुदायिक सिकाइ केन्द्रलाई शैक्षिक सूचना केन्द्रको रुपमा विकास गर्ने।
- निरक्षर व्यक्तिहरुलाई साक्षर बनाउने।
- निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, आयमूलक तथा सीपमूलक जस्ता कार्यक्रमहरु सञ्चालन गरी व्यक्तिका दैनिक जीवनसँग सम्बन्धित आवश्यकताहरुको परिपूर्ति गर्नमा सहयोग गर्ने।
- महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरुलाई जीवनोपयोगी सीपको विकास गरी सिकाइमा निरन्तर सहयोग पु¥याउने।
- विभिन्न कारणले विद्यालयको पहुँच नपुगेका बालबालिकाहरुलाई वैकल्पिक कक्षा मार्फत् सिकाइ गरी, खुल्ला विद्यालयमा समाहित गर्ने।
- प्राथमिक तह पूरा गरी अध्ययन गर्ने मौका नपाएका किशोरकिशोरी, महिलाहरुलाई महिला विद्यालय, खुल्ला विद्यालय, रात्री विद्यालय मार्फत विद्यालयको प्रवाहमा प्रवेश गराउने।
- सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि गरी सो केन्द्रमार्फत् जीवनोपयोगी सीप, आयमूलक कार्यक्रम र सीपमूलक कार्यक्रम सञ्चालन गर्ने गराउने।
- सामुदायिक सिकाइ केन्द्रलाई विद्यालय तहको शिक्षा प्रभावकारी बनाउने सहयोगी संस्थाको रुपमा विकास गर्ने।

## ३.६.३ रणनिति

- सबैका लागि अनौपचारिक तथा निरन्तर शिक्षाको अवसर सुनिश्चित गराउने।
- नगरलाई साक्षर नगरका रुपमा विकसित गर्नु।
- महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरुलाई जीवनोपयोगी सीपको विकास गरी सिकाइमा निरन्तर सहयोग पुऱ्याउने।
- विभिन्न कारणले विद्यालयको पहुँच नपुगेका बालबालिकाहरुलाई वैकल्पिक कक्षा मार्फत् सिकाइ गरी, खुल्ला विद्यालय, रात्री विद्यालय वा साधारण विद्यालयको प्रवाहमा समाहित गर्ने।

धनकुटा न.पा. शिक्षा योजना

- प्राथमिक तह पूरा गरी अध्ययन गर्ने मौका नपाएका किशोरकिशोरी, महिलाहरुलाई महिला विद्यालय, खुल्ला विद्यालय, रात्री विद्यालय मार्फत विद्यालयको प्रवाहमा प्रवेश गराउने ।
- सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि गरी सो केन्द्रमार्फत् जीवनोपयोगी सीप, आयमूलक कार्यक्रम र सीपमूलक कार्यक्रम सञ्चालन गर्ने गराउने ।
- सामुदायिक सिकाइ केन्द्रलाई विद्यालय तहको शिक्षा प्रभावकारी बनाउने सहयोगी संस्थाको रुपमा विकास गर्ने ।

## ३.६.४ उपलब्धि र नतिजा

### (क) उपलब्धि

अनौपचारिक तथा निरन्तर शिक्षाका माध्यम बाट जीवनोपयोगी सीप तथा शिक्षाको अवसर सुनिश्चित हुने ।

### (ख) नतिजा

- आवश्यकतामा आधारित अनौपचारिक तथा निरन्तर शिक्षाको कार्यक्रम उपलब्धि मूलक हुने ।
- सामुदायिक सिकाइ केन्द्रलाई शैक्षिक सूचना केन्द्रको रुपमा विकास गरी निरन्तर शिक्षामा टेवा पुग्ने ।
- अनौपचारीक तथा निरन्तर शिक्षासगँ सम्बन्धित ढाँचा तथा सिकाइ सामग्रीहरुको विकास तथा कार्यान्वयन सहजता हुने ।
- अनौपचारीक तथा निरन्तर शिक्षाको व्यवस्थापनका लागि आवश्यक संरचना तथा संस्थागत विकास हुने ।
- अनौपचारिक शिक्षाका अध्ययन सामग्रीहरु आधुनिक सूचनाप्रविधि सँग परिचित तथा समय सान्दर्भिक हुनु ।
- निरन्तर शिक्षा प्रवाहका लागि परिभाषित ढाँचा र स्तरिकरणका आधारमा सिकाइ अवसरहरुको सृजना हुने ।
- महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरुलाई जीवनोपयोगी सीपको विकास गरी दैनिक जीवनसँग सम्बन्धित आवश्यकताहरुको परिपूर्तिका लागि मार्ग प्रशसत हुने ।

## ३.६.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्रस | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | बाँकी ५ बर्षको लक्ष्य | कैफियत | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |

धनकुटा न.पा. शिक्षा योजना

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अभिमुखीकरण | केन्द्र | ४ | | | | | | ४ | | |
| २ | साक्षररता र निरन्तर शिक्षामा सम्बन्धी कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ३ | विद्यालय शिक्षा भन्दा बाहिर रहेको समूह लाई वैकल्पिक शिक्षाको व्यवस्थापन | | | | | १ | | | १ | | |
| ४ | सामुदायिक सिकाई केन्द्र सञ्चालन तथा व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ५ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास र प्रयोग | पटक | | | १ | | १ | २ | ४ | | |
| ६ | परिचालकको क्षमता विकास | पटक | | १ | | | १ | २ | ३ | | |
| ७ | सामुदायिक अध्ययन केन्द्रहरु मा सूचना तथा सञ्चार प्रविधि आधारित डिजिटल सामग्री व्यवस्थापन | केन्द्र | | १ | १ | १ | १ | ४ | | | |
| ८ | प्रत्येक स्थानीय तहमा एउटा तथा स्थानीय मागका आधारमा वडाहरू सामुदायिक सिकाइ केन्द्र स्थापना/ अध्यावधिक गर्ने | क्रमशः | | | १ | १ | १ | ३ | ३ | | |
| ९ | सामुदायिक पुस्तकालयहरूलाई सामुदायिक केन्द्रसँग आवद्ध गर्ने । | पटक | | | | | १ | १ | | | |
| १० | आजीवन सिकाइका सरोकारवालाहरूको खण्डीकृत तथ्याङ्कको डाटावेस तयार गर्ने । | पटक | | | | १ | | १ | १ | | |
| ११ | मा.वि तहका विद्यार्थीहरु लाई निरन्तर सिकाइका लागि परिचालन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | | |

# परिच्छेद : ४ अन्तर सम्बन्धित क्षेत्रहरु

## ४.१ समावेशी तथा समता

### ४.१.१ परिचय

हाम्रो देश सामाजिक साँस्कृतिक रुपमा विविधता भएको मुलुक हो । यहाँ बहुभाषिक, बहुसंस्कृतिक र बहुजातजाति समुदायको बसोबास रहेको छ। यहि विविधता भित्र विभेद र वञ्चितीकरणमा परेका समुदायहरु पनि रहेका छन्। भौगोलिक क्षेत्रगत, आर्थिक स्तरगत तथा लैंगिक भिन्नताको प्रभाव शैक्षिक पहुँच, सहभागीता र नतिजामा परिरहेको पाइन्छ।

उल्लेखित विविधता भएको हाम्रो समाजमा शारीरिक रुपमा, मानसिक रुपमा, सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक आधारमा, वातावरण भूगोल, रुचि तथा अवसर प्राप्तीका आधारमा वैयक्तिक भिन्नता भएकाहरुलाई उचित सहभागिता गराँउदै शिक्षामा विविधता, समता र समावेशिताको प्रवर्धन गर्नु आवश्यकता छ।

नेपालको संविधान २०७२ ले शिक्षालाई आधारभूत मानव अधिकारको रुपमा परिभाषित गर्दै आएको वर्तमान परिपेक्षमा सबै वर्ग, लिङ्ग, जातजाति, भौगोलिक क्षेत्र लगायत विभिन्न शारीरिक तथा मानसिक क्षमता भएका व्यक्तिहरुको शिक्षामा सहज, सर्वसुलभ र समतामुलक पहुँचको सुनिश्चितता गर्नु राज्यको अहम् दायित्वको रुपमा स्वीकार गरी शिक्षा मौलिक अधिकारको रुपमा स्थापित गरेको छ । सामान्य रुपमा विद्यालयमा आइरहेका वा सेवाक्षेत्रबाट आइरहेका तथा सेवाक्षेत्रमै गएर सेवा दिनुपर्ने सबैका लागि अनुकुल हुने शिक्षा पद्धति नै समावेशी शिक्षा हो।

नेपाल सरकारको पन्ध्रौँ योजना २०७६/७७ — २०८०/८१ ले पनि आर्थिक, समाजिक, राजनैतिक र प्रशासनिक दृष्टिकोणले पछाडी परेका विभिन्न वर्गहरुका लागि सिप विकास तालिम, छात्रवृति, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा देखिएको अन्तरको अन्त्य सम्बन्धी कार्यक्रममहरु संचालन हुँदै आएको उल्लेख छ।

समावेशी शिक्षा तथा समता सम्बन्धी संबैधानिक तथा नितिगत व्यवस्थालाई हेर्ने हो भने दिगो विकास लक्ष्य (२०१५–२०३०) लक्ष्य नं. ४ मा पनि उल्लेख भएको छ। त्यसैगरी समता रणनिति २०७१ ले पनि शिक्षामा समावेशी र समतालाई जोड दिएको पाइन्छ । त्यसै गरेर राष्ट्रिय शिक्षा निति २०७६ ले अपाङ्गता भएका बालबालिकाहरुको अपाङ्गताको



शुक्लागण्डकी नगरपालिका शिक्षा योजना

अवस्था हेरी सम्भव भए सम्म अन्य बालबालिकाहरुसंगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गरेको छ । विविधताको सम्मान र समता तथा समावेशीता अभिवृद्धि गरी शिक्षामा सबैको पहुँच पु¥याई अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारणहरु तथा वाधाहरु पहिचान गरी ती वाधाहरुलाई हटाउन सक्नु पर्दछ ।

## ४.१.२ वर्तमान अवस्था

नेपालमा ३३ विषेश विद्यालय २३ एकिकृत विद्यालय र ३८० सामुदायिक विद्यालयहरु रहेको छ । धनकुटा नगरपालिकामा हाल जम्मा ३९ वटा सामुदायिक विद्यालय, सात स्रोत कक्षाहरु संचालित पाच वटा विद्यालयहरु र १७ संस्थागत विद्यालयहरु संचालनमा रहेका छन् । सामुदायिक विद्यालयहरु मध्ये एक नमुना विद्यालय रहेको छ । यस क्षेत्रमा मुलत स्रोत कक्षा संचालन भइरहेका विद्यालयहरुले अपाङ्गता भएका बालबालिकाहरुलाई विशेष प्रकारले शिक्षा दिइरहेको पाइन्छ । जसमा हाल स्रोत कक्षा संचालित विद्यालयहरुमा जम्मा ९९ विद्यार्थीहरु अध्ययनरत रहेका छन् । त्यसै गरी नगरपालिकामा संचालित स्रोत कक्षा संचालित विद्यालयहरु जस्तै आधारभूत विद्यालय, उत्तरपानी, धनकुटा–१० मा ३५ जना बालबालिकाहरु आवासिय रुपमै अध्ययनरत छन् । त्यसै गरी यस पालिका भित्र नगरपालिकाको व्यवस्थापनमा CCTV वितरण, टिफिन क्यारी व्यवस्थापन, ससर्त अनुदन अन्तर्गत दिवा खजा, निःशुल्क पाठ्यपुस्तक वितण, अपाङ्गता भएका, दलित तथा छात्राहरुलाई छात्रवृत्ति कार्यक्रम, त्यसै गरी प्राथमिक तहमा मातृभाषाको पढाइ हुनु, बालबालिकाको गुनासो तथा सुझावहरु सुन्नका लागि गुनासो सुनुवाइ सम्बन्धी व्यवस्था हुनु आदि गतिविधिहरु संचालनमा रहेका छन् । यस नगरपालिकालाई २०७६ चैत्र मसान्त सम्ममा बालमैत्री नगरपालिका घोषणा गर्ने प्रतिबद्ता जनाइएको थियो । त्यसैगरी पालिका भित्र रहेको HUSADEC Nepal नामक गैरसरकारी संस्था र नेपाल सरकारको साझेदारीमा सबैका लागि पढाइ कार्यक्रम अन्तर्गत पनि समावेशीकरण र समता सम्बन्धी विषयवस्तुलाई समेटी हाल कक्षा–बालविकास देखि कक्षा–३ सम्मका बालबालिकाहरुको प्रारम्भिक पहिचान गर्ने कार्य लगायतका कार्यक्रमहरु कार्यान्वयन भएता पनि विद्यालय शिक्षामा समता र समावेशीतामा अपेक्षित उपलब्धि हुन सकेको छैन् । यस पालिका भित्र २०७७ को आँकडा अनुसार प्रारम्भीक बालविकासमा कुल भर्नादर १४३.१० रहेको छ भने अझै पनि यस पालिका भित्र कक्षा १–८ तर्फ कक्षा दोहो¥याउने दर ३.३ र कक्षा छाड्ने दर २.१ रहेको देखिन्छ । जसका लागि भुगोल, जनसंख्या, वस्ती आदिलाई समेटी विद्यालय वाहिर रहेका, विचैमा विद्यालय छाडी तह पुरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धी प्राप्त गर्न नसकेकाहरुलाई संवोधन गरी समता र समावेशीता अभिवृद्धि गर्नु जरुरी हुन आउँछ ।

## ४.१.३ अवसर र चुनौतिहरु

समतामुलक एवम् समावेशी शिक्षाका लागि नेपालले अपाङ्गता भएका व्यक्तिका लागि समतामुलक अवसर सुनिश्चित गर्ने संयुक्त संघिय प्रमाणिकरण नियम १९९ मा प्रतिवद्धता जनाएको छ । त्यस पछि चरणवद्ध रुपमा समता र समावेशी शिक्षाको क्षेत्रमा संघदेखि स्थानीय तहसम्म सुधारका प्रयासहरु भइरहेका छन् । बालविकासको क्षेत्रमा प्रति विद्यार्थी वार्षिक रु.५०० का दरले विद्यालयले रकम प्राप्त गर्नु, अपाङ्गता भएका बालबालिकाले वार्षिक छात्रवृत्ति पाउनु, दिवा खाजाको व्यवस्था

हुनु, निःशुल्क पाठ्यपुस्तक वितरण हुनु, छात्रा, दलित, तथा सीमान्तकृत बालबालिकालाई छात्रवृत्तिको व्यवस्था हुनु, विद्यालय तहमा लैंगिक व्यवस्थाका लागि महिला शिक्षकको व्यवस्था हुनु, विद्यालय नर्स कार्यक्रम कार्यान्वयनमा आउनु, यस पालिका भित्रका केही विद्यालयमा नगर द्धारा टिफन क्यारी वितरण हुनु, NEGRP द्धारा (कक्षा १–३ सम्मका कक्षाकोठाहरु) १३ वटा र स्थानीय पालिकाद्धारा २६ वटा कक्षाकोठाहरु व्यवस्थित हुनु, सामुदायिक विद्यालयहरुको माध्यमिक तहमा नगरद्वारा CC क्यामेरा वितरण हुनु, स्रोत कक्षा संचालन भएका विद्यालयहरुले वार्षिक २०,०००० र प्रत्येक विद्यार्थीहरुले मासिक ४,००० का दरले आवासिय खर्च रकम प्राप्त गर्नु लगायतका कार्यक्रम कार्यान्वयनमा रहेका छन्।

यस क्षेत्रको चुनौतीका रुपमा अझै पनि कक्षा १–८ तर्फ कक्षा छाड्ने दर २.१ रहनु, कतिपय विद्यालयहरुमा शिक्षक दरवन्दी कम हुनु, खाली भएका ठाउँमा शिक्षक पदपुर्ति हुन नसक्नु रहेका छन्। उल्लेखीत विश्लेषणको आधारमा यस क्षेत्रका मुख्य समस्या तथा चुनौतिहरु देहाय बमोजिम रहेका छन्।

- लक्षित समूह, दलित, जनजाती लोपउन्मुख समुदाय, आर्थिक रुपले विपन्न द्वन्द्व प्रभावित व्यक्तिहरुको शिक्षामा समतामुलक पहुँच पु¥याउनु।
- सबै किसिमका अपाङ्गता भएका हरुका लागि शिक्षामा पहुँच सुनिश्चित गर्नु।
- विद्यालयमा लैंगिक तथा अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्न।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुरव्यवहार, हेपाई नहुने सुनिश्चितता सहितको बालमैत्री बनाउनु।

## ४.१.४ उद्देश्यहरु

- अपाङ्ता भएका, जोखिममा परेका, विपन्न वर्ग, द्वन्द्व प्रभावित, जनजाति, दलित, महिला तथा आर्थिक रुपले विपन्न भएका व्यक्तिहरुलाई शिक्षामा पहुँच पु¥याउने।
- लक्षित समूहका बालबालिकाहरुको सिकाइ उपलब्धी वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने।
- समता एवम समावेशी शिक्षाका मुल्य मान्ता अनुकुल गुणस्तरीय सेवा प्रवाह गर्दै शैक्षिक सुशासन सुनिश्चित गर्ने।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुव्र्यवहार, हेपाइ नहुने सुनिश्चित गर्ने।

## ४.१.५ रणनितिहरु

- पालिका मार्फत टोलवस्तीका घरधुरी सर्वेक्षण गरी पहुँच र सहभागीताको प्रवन्ध मिलाइने छ।
- सबै तहका विद्यालयहरुमा लैंगिक तथा अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरणको विकास गरीनेछ।
- लोप उन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका तथा अपाङ्गता भएका सबै बालबालिकाहरुलाई आवश्यकतामा आधारीत वैकल्पीक शिक्षा कार्यक्रमको सुनिश्चित गरीनेछ।
- दिवा खाजा सहित स्वास्थ्य पोषण, सरसफाइ तथा स्वच्छता सम्बन्धी र किशोरी लक्षित सेवा तथा तालिमको व्यवस्था गरीनेछ।

- आधारभूत तहमा वहु तथा मातृभाषामा सिकाइको अवसर प्रदान गरीनेछ ।
- आवश्यकता अनुसार झोला , पोशाक, शैक्षिक सामग्री, सिकाइ सामग्री तथा छात्रवृत्ति उपलब्ध गराइनेछ ।
- विद्यालयमा अभिभावकको संलग्नता तथा उत्तरदायित्व बढाउन यस पालिकाको प्रत्येक विद्यालयलाई अभिभावक उपस्थिति पुस्तिका राख्न लागाइ उत्कृष्ट उपस्थित अभिभावकलाई पुरस्कृत गर्न विद्यालयलाई आग्रह गरीनेछ ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुव्यवहार, हेपाइ नहुने वालमैत्री वातावरणको सृजना गरीनेछ ।
- विद्यालयका गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध गरीनेछ ।
- पालिका भित्र रहेका सिमान्तकृत बालबालिका, अपाङ्गता भएका बालबालिका र द्वन्द्व प्रभावित बालबालिकाहरुको यकिन गरी विद्यालय शिक्षाको पहुँचमा ल्याउँन प्रयास गरीनेछ ।
- नगर भित्र संचालित स्रोत कक्षा भएका विद्यालयका स्रोत कक्षा शिक्षण गरीरहेका शिक्षकहरुलाई तालिमको व्यवस्था गरीनेछ ।
- जिल्ला बाल संगठन, वडा स्तरीय बाल संजाल र विद्यालयमा गठित बालक्लबहरु मार्फत बालमैत्री वातावरणको सुनिन्चित तथा किशोरी तालिम संचालन गरीनेछ ।
- प्रत्येक सामुदायिक विद्यालयमा शिक्षालाई आवश्यकताको आधारमा जीवनउपयोगी सीप संग आवद्ध गरी परिवेस सुहाउँदो सीपमुलक तालिमको व्यवस्था गरीनेछ ।
- प्रत्येक वडा कार्यालयहरुमा बालबालिकाको क्षेत्रमा आएको रकमलाई स्थानीय विद्यालय तथा सरोकारवालाहरुसंग समन्वय गरी बजेटको कार्यान्वयन गरीनेछ ।
- पालिकाबाट सामुदायिक विद्यालयहरुमा चरणवद्ध रुपमा हरित बाल बगैँचाका लागि प्रोत्साहन गरीनेछ ।
- पालिकाबाट नगर भित्रका विद्यालयमा अध्ययनरत बालबालिकाहरुका अभिभावकलाई आत्मनिर्भरका लागी ससर्त सहयोगको व्यवस्था मिलाइनेछ ।
- न्यूनतम शैक्षिक उपलब्धी हासिल गर्ने बालबालिकाहरुका लागी शिक्षक कर्मचारीलाई विशेष सुविधा प्रदान गरी सुधारात्मक कक्षाको प्रवन्ध मिलाइनेछ ।
- उच्च शिक्षा सम्मका अध्ययनका लागी पालिकामा छात्रवृत्ति कोषको प्रबन्ध मिलाइनेछ ।

## ४.१.६ उपलब्धी तथा प्रमुख नतिजाहरु

### (क) उपलब्धी

- विद्यालय तहको शिक्षामा समतामुलक पहुँच र समावेशी सहभागीता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

### (ख) नतिजा



शुक्लागण्डकी न. पा. शिक्षा योजना

- पालिका भित्र रहेका दलित, जनजाति, अपाङ्गता भएका बालबालिका र द्वन्द्व प्रभावित, सिमान्तकृत बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन् ।
- पालिका भित्रका लक्षित समूहका बालबालिकाहरुको सिकाइमा सहभागीता बढ्न गई सिकाइ उपलब्धीको सुधार हुने ।
- समता तथा समावेशी शिक्षाको मूल्य मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह हुने ।
- विद्यालयमा बालमैत्री वतावरणको सिर्जना हुने ।
- शिक्षण सिकाइ प्रक्रिया तथा शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि हुनेछ ।
- विद्यालयहरुमा अपाङ्ग तथा लैंगिकमैत्री वातावरण सृजना हुनेछ ।
- पालिका भित्रका विद्यालयबाट माध्यमिक शिक्षाको अन्त्यमा चरणवद्ध जीवनोपयोगी सीपयुक्त शक्तिको उत्पादन हुनेछ ।
- विद्यालयहरुमा हरित बाल बगैँचा चरणवद्ध रुपमा स्थापना हुनेछ ।

## ४.१.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

| क्रस | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | बाँकी ५ बर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अभिमुखीकरण | केन्द्र | ४ | | | | | | ४ | |
| २ | साक्षररता र निरन्तर शिक्षामा सम्बन्धी कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | विद्यालय शिक्षा भन्दा बाहिर रहेको समूह लाई वैकल्पिक शिक्षाको व्यवस्थापन | | | | | १ | | | १ | |
| ४ | सामुदायिक सिकाई केन्द्र सञ्चालन तथा व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास र प्रयोग | पटक | | | १ | | १ | २ | ४ | |

धनकुटा न.पा. शिक्षा योजना

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | परिचालकको क्षमता विकास | पटक | | १ | | | १ | २ | ३ | | |
| ७ | सामुदायिक अध्ययन केन्द्रहरु मा सूचना तथा सञ्चार प्रविधि आधारित डिजिटल सामग्री व्यवस्थापन | केन्द्र | | १ | १ | १ | १ | ४ | | | |
| ८ | प्रत्येक स्थानीय तहमा एउटा तथा स्थानीय मागका आधारमा वडाहरू सामुदायिक सिकाइ केन्द्र स्थापना/ अध्यावधिक गर्ने | क्रमशः | | | १ | १ | १ | ३ | ३ | | |
| ९ | सामुदायिक पुस्तकालयहरूलाई सामुदायिक केन्द्रसँग आवद्ध गर्ने। | पटक | | | | | १ | १ | | | |
| १० | आजीवन सिकाइका सरोकारवालाहरूको खण्डीकृत तथ्याङ्कको डाटावेस तयार गर्ने। | पटक | | | | १ | | १ | १ | | |

धनकुटा न. पा. शिक्षा योजना

# ४. २ दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रम

## ४.२.१ परिचय

खाना भोक हटउन मात्र नभई शारिरलाई  आवश्यक पर्ने पोषक तत्व र बृहत पोषक तत्व आपुर्तिका लागि आवश्यकता पर्दछ ।बालबालिकाको वद्धि र विकासका लागि खाना अनिवार्य तत्व हो । पोषणयुक्त खाना खाएमा मात्र स्वास्थ्य जिवनको सुरुवात हुन्छ । विद्यालयमा आएका बालबालिकाहरुको पोषणयुक्त खाजा व्यवस्थापन गर्न प्रारमभिक बलविकास देखि कक्षा पाँच सम्म पढिरहेका विद्यार्थीहरुका लागि नेपाल सरकारले बजेटको व्यवस्था गरेको छ । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत रहेको शिक्षा तथा मानव स्रोत विकास केन्द्र बाट स्थानीय तहमा दिवा खाजाको रकम ससर्त अनुदानका रुपमा निकासा हुन्छ । विद्यालयले स्थानीय तहमा बजेट माग गरी विद्यार्थीहरुलाई खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने हुन्छ। दिवा खाजा व्यवस्थापनका लागि संघिय एवम् प्रदेश सरकार, स्थानीय तह, विद्यालय , अभिभावक लगायत सबै पक्षको सहयोग एवम् समन्वय आवश्यक पर्दछ। पोषणयुक्त दिवा खाजाबाट बालबालिकाको शारीरिक र मानसिक विकास भई मानवपुँजि विकासमा योगदान पुग्दछ

नेपालमा सन १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयहरुमा विश्व खाद्य कार्यक्रमको खाद्यन्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम आरम्भ भएकोमा आर्थिक वर्ष २०७७/२०७८ मा सामुदायिक विद्यालयका पुर्व प्राथमिक देखि कक्षा पाँच सम्मका सबै बालबालिकालाई दिवा खाजाको व्यवस्था गरीएको छ ।  विद्यार्थीको स्वास्थ तथा पोषणको अवस्थाले उनिहरुको संज्ञानात्मक क्षमता , शैक्षिक उपलब्धि , गुणस्तरिय जिवन , तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकोले उनिहरुको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो वनाईनु पर्दछ।

सन २००४ मा सरकारको स्वास्थ तथा जनसंख्या मन्त्रालयले तयार पारेको राष्टिय पोषण रणनितिमा १३ वटा स्वास्थ तथा पोषण सम्बन्धी रणनितिहरु तयार गरेकोमा त्यसमध्ये एउटा रणनिति स्वास्थ तथा पोषण सम्बन्धी थियो । यसले विद्यालयका बालबालिकाहरुमा कुपोषण हटाउने र विद्यार्थीहरुको बृद्धि , विद्यालय भर्ना र उपस्थिति बढाई सिकाइ उपलब्धि सुधार गर्ने लक्ष लिएको थियो। नेपाल सरकारले संविधानको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, सबैका लागि खाद्य सम्प्रभुताको हक, दिगो विकासको गरीबि उन्मुलन तथा भोक उन्मुलन र सबैका लागि गुणस्तरीय पहँच सुनिश्चितता सम्बन्धमा भएका कानुन तथा सम्झौता कार्यान्वयन गर्न वाल कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाको दिवा

खाजा संचालनार्थ  धनकुटा नगरपालिकाले प्राप्त वजेट बाट नगर भित्रका सबै समुदायीक विद्यालयहरुमा रकम हस्तानत्रण गर्ने कार्य गरेको छ।

## ४.२.२ वर्तमान अवस्था

धनकुटा नगरपालिकामा जम्मा ३९ वटा सामुदायिक विद्यालयहरु रहेका छन् जस मध्य ९ वटा माद्यमिक र बाँकि आधरभुत तह रहेका छन्  । ४८ वटा बालविकास केन्द्रहरु संचालनमा रहेकाछन् । शैक्षिक सत्र २०७७/७८ मा बालविकास देखि कक्षा ५ सम्म २६२९ विद्यार्थीहरु अध्ययनरत रहेका थियो । यस पालिका भित्रका संस्थागत विद्यालयहरुले  आफ्नै मापदण्ड अनुसारको स्वास्थ्य  तथा पोषणयुक्त खाजाको व्यवस्थापन गरेको  भएतापनि विभिन्न  सामुदायिक विद्यालयहरुले भिन्न भिन्न तरिका अपनाएर खाजाको व्यवस्थापन गरीरहेको पाईन्छ। कुनै कुनै विद्यलयहरुले वडा कार्यलयको आर्थिक सहयोगमा आर्थिक वर्ष २०७७/०७८  आगाडि देखि खाजाको उचित व्यवस्थापन गरीरहेको पनि पाइन्छ। नेपाल सरकारको कार्यक्रम कार्यान्वयन पुस्तिकामा दिवा खाजा सम्बन्धी जम्मा तीन वटा मोडालिटी उल्लेख गरीएको छः (विद्यालय बाट दिवा खाजा व्यवस्थापन, विद्यालयको चमेना गृहबाट दिवा खाजा व्यवस्था गर्ने  र घरै वाट तयार गरी पठाउने व्यवस्थापन) जस मध्य यस क्षेत्रका धैरैजसो विद्यालयहरुले तेस्रो विकल्प अवलम्वन गरीरहेको पाईन्छ।

## ४.२.३ अवसर र चुनौतिहरु

नेपालको संविधानले प्रत्यभुत गरेको शिक्षा , स्वास्थ्य खाद्य सम्बन्धी अधिकारहरु , खाद्य सम्प्रभुत्ता सम्बन्धी कानुन , राष्ट्रिय स्वास्थ्य नीति २०७६ लागु हुनु, नेपाल सरकारले आर्थिक वर्ष २०७७/०७८ देखि सामुदायिक विद्यालयहरुमा वालकक्षा देखि कक्षा ५ सम्मका सवै वालबलिकाहरुलाई रु १५ का दरले खाजा व्यवस्थापनका लागि रकम उपलब्ध गरउनु,  संघिय सरकार  शिक्षा ससर्त अनुदान अन्तर्गत WASH सहितको सौचालय र स्यानिटरि प्याड उपलब्ध हुनु, प्रदेश सरकार बाट खानेपानीका कार्यक्रम उपल्ध हुनु, स्थानीय सरकारद्वारा खाजा व्यवस्थापनका लागि टिफिन क्यारीको व्यवस्थापन गरीनु , खाजाको कारण वालबालिकाहरुमा विद्यलय नियमितताको सुधार हुनु, अभिभावकहरुमा पोषणयुक्त खाना तथा बालबलिकाको स्वास्थ्य सम्बन्धी जनचेतना बढ्नु, ग्रामिण क्षेत्रका बालालिकाहरु  लामो समय पैदल यात्राका कारण भोको पेट रही अध्ययन गर्नु पर्ने अवस्थाको अन्त्य भई सिकाइ उपब्धिमा सुधार आउनु,  विद्यालय स्तरिय आमा समुहरु  गठन हुनु लगायतका गतिविधिले यस क्षेत्रको सुधारको प्रत्याभुत गर्दछ ।

यस पक्षको चुनौतिका रुपमा खाजाको कार्यक्रमका लागि नेपाल सरकारबाट उपलब्ध हुने रकम वर्तमान परिपेक्षमा एकदमै कम हुनु, बालबलिकाहरुले घरै बाट लिएर आएको खाजा बासी हुनु, ग्रामिण भेगका अभिभावकहरुलाई पोषणयुक्त खानाको ज्ञानको कमी हुनु आदि रहेका छन् । यस क्षेत्रका मुख्य समस्या तथा चुनौतिहरुलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ।

- खाजा व्यवस्थापनका लागि यस क्षेत्रका सबै सामुदायिक विद्यालयहरुमा छुटै कक्षा व्यवस्थापन प्रबन्ध मिलाउनु।
- विद्यालयहरुले पोषणयुक्त खाजाका लागि विद्यालय मै पकाउने र खुवाउने व्यवस्थाको वातावरण मिलाउनु ।
- प्राप्त रकम कदमै न्युन भएकोले रकम थप गरी व्यवस्थापन गर्ने चुनौति हुनु ।
- कतिपय विद्यालयहरु खाने पानी कै समस्या बाट गुज्रिरहेको अवस्थामा उचित पिउने पानीको व्यवस्थापनमा कमी ।

- घरैबाट खाजा बनाएर लिएर आउँदा खाजा चिसिने ।
- आमा समुहहरुलाई पोषण सम्बन्धी जागरणमा कमी ।
- ग्रामिण भेगका अभिभावकहरुमा पोषणयुक्त खानाको जानकारीमा कमी हुनु ।
- वालबालिकाहरुमा साथिहरुले वेग्ला बेग्लै खाजा ल्याउँदा मनोविज्ञानमा विचलन आउनु ।

## ४.२.४ उद्देश्य

दिवा खाजा स्वास्थ्य सहित पोषणा कार्यक्रमका उद्देश्य देहाय वमोजिमको रहेका छन् ।

- विद्यालय खाजासँग सम्बन्धित सेवाहरुमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पोषणयुक्त खाजाको सुनिश्चित गर्नु ।
- विद्यालयमा बालबालिकाको सरसफाई तथा स्वच्छतासम्बन्धी व्यबहारलाई प्रोत्साहन गर्नु।
- बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्न स्थानीय सरकार , सरोकारवालाहरु र अभिभावकहरु सँग समन्वय गर्नु
- विद्यालय उमेर समुहका बालबालिकाहरुको विद्यालय भर्ना दर वृद्धि गर्नु
- पोषणयुक्त खाद्यान्नको अभाव भएका विशेष क्षेत्रका बालबालिकाहरुलई लक्षित गरी शिक्षामा सुधार ल्याउनु
- कक्षा दोहृयाउने र विद्यालय छाड्ने प्रवृत्तिमा कमी ल्याउनु
- सामुदायिक विद्यालयमा विद्यार्थीहरुको आकर्षण बढाउनु

## ४.२.५ रणनिति

यस योजनाका उद्देश्यहरु हासिल गर्न निम्न रणनितिहरु अवलम्बन गरीनेछ ।

- नगरपालिका भित्रका विद्यालयहरुमा पोषणयुक्त दिवा खाजा व्यवस्थापन कार्यक्रम सञ्चालनार्थ तोकिएको मापडण्ड अनुरुप स्थानीय मापदण्ड र स्तर निर्धारण गरीने छ ।
- बालबालिकाको लागि सम्भव भए सम्म विद्यालयमा नै पोषिलो खाजा तयारीको आवश्यक प्रबन्ध मिलाउन विद्यालयहरुलाई आग्रह गरीनेछ ।
- दिवा खाजा कार्यक्रमलाई विस्तार गर्दै आगामि दिनमा थप व्यवस्थित गरीने छ ।
- विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सरसफाई सहितको हातधुने ठाउँ, स्च्छ खाने पानी र विद्यालय परिसर सरसफाई प्रबन्ध मिलाइनेछ ।
- विद्यालयहरुमा प्राथमिक किट वितरण तथा प्रतिस्थापन, बालबालिकाको आवधिक स्वास्थ्य जाँचलाई नियमित र प्रभावकारी बनाईनेछ।

- किशोरिहरुका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी शिक्षा दिन स्थानीय स्वास्थ्यको समन्वय र सहयोगमा कार्यक्रम बनाइ कार्यन्वयन गरीने छ।
- दिवा खाजाको लागि चाहिने खाद्य समाग्रिका लागि स्तथानिय स्तरमा उत्पादित समाग्रीलाई प्राथमिकता दिन प्रोत्साहन गरीने छ।
- वर्तमान परिप्रेक्षमा उपलब्ध भईरहेको खाजा रकमलाई बढाउन प्रयत्न गरीनेछ
- विद्यलयहरुमा गठित आमा समुहहरुलाई पोषण तथा स्वच्छता सम्बन्धी तालिमको ब्यबस्था गरीने छ।
- प्रत्येक विद्यलयका सम्पुर्ण बालविकास देखि कक्षा ५ सम्मका बालबलिकाहरुलाई स्थानीय तहको समन्वयमा टिफिन क्यारी उपलब्ध गरीने प्रबन्ध मिलाईने छ।
- घरमा जे पाकाईन्छ त्यहि ल्याईन्छ भन्ने अबधाराणालाई प्राथमिकताका साथ अबलम्बन गर्ने गरी प्रत्येक विद्यालयमा वाडा कार्यालयको एक जना प्रतिनिधि र नजिकैको स्वास्थ्य चौकीको प्रतिनिधि पर्ने गरी एक अनुगमन टोलि गठन गरीने छ।
- आमा समुहको टोलि बनाई बेला बेलामा दिवा खाजा तथा सरसफाई अनि स्वच्छताको अवस्थाको अवलोकनको विद्यालयद्वारा व्यवस्था मिलाईने छ ।
- मापदण्ड, अनुसार विद्यालयहरुमा खाजा आपुर्ति भए नभएको अनुगमन गरीने छ
- प्रत्येक विद्यालयमा कम्तिमा वर्षको एक पटक विद्यालय अभिवावक सचेतना कार्यक्रम सञ्चालन गररिने छ ।

## ४.२.६ उपलब्धि तथा प्रमुख नतिजा

### (क) उपलब्धि

- नगर भित्रका विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार भई मनोसामाजिक कुसलता अभिबृद्धि तथा सिकाइमा सुधार सहित रमाईलो वातावरणमा सिकाइको पहुँच तथा सहभागिता हुने ।

### (ख) प्रमुख नतिजाहरु

- विद्यालयमा दिवा खाजा सहित स्वास्थ्य तथा पोषण र स्वच्छतासम्बन्धी स्पष्ट जिम्मेवारी निर्धारण र कार्यान्वयन हुने ।
- विद्यलय खाजालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न सहयोग मिल्ने
- दिवा खाजा रकम बृद्धि भई वर्तमान परिप्रेक्ष्य सुहाउँदो पोषणयुक्त खानाको विद्यालयमा उचित व्यवस्थापनमा टेवा पुग्ने
- सामुदायिक विद्यालयका प्राथमिक तह तथा क्रमशः आधारभूत तहमा पौष्टिक तथा स्वस्थकर स्थानीय स्तरमा उत्पादित खाजाको व्यवस्थापनमा सहयोग मिल्ने

- सामुदायिक विद्यालयहरुमा बालविकास देखि कक्षा ५ सम्मका सम्पुर्ण विद्यार्थीहरुले अभिभावकको सहभागितामा खाजा प्राप्त गर्ने
- दिवा खाजाको सम्बन्धमा विद्यालय , वडा कार्यालय र पालिकाको उचित सहभागिता र अनुगमन हुने
- विद्यालयमा आवश्यक मात्रामा पिउने पानी, हात धुने साबुन र पर्याप्त पानीको व्यवस्थापनमा टेवा पुग्ने
- विद्यालयमा प्रथमिक उपचार किड वितरण तथा बालबालिकाहरुको आवधिक स्वास्थ्य जाँचमा नियमितता हुने
- विद्यालयहरुमा गठित आमा समुहरुको पोषणयुक्त खजा सम्बन्धी तालिमको व्यवस्थापन हुने
- विद्यालयहरुमा विद्यार्थी भर्ना दर बढ्ने , नियमितता हुने , सिकाइ उपलब्धि दरमा सुधार आउने र शिक्षामा दिगो पन हुने

## ४.२.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | दिवा खाजा कार्यक्रम कार्यावयन सहजिकरण पुस्तिका विकास र वितरण | दस्तावेज सङ्ख्या | | १ | - | | - | १ | १ | संघीय, प्रादेशिक र स्थानीय सरकार |
| २ | स्थानीय तह र समुदायको साझेदारीमा आधारभुत तहमा दिवा खाजा कार्यक्रम संचालन | तह<br>सञ्चालन निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | संघीय, प्रादेशिक र स्थानीय सरकार |
| ३ | खाजा कार्यक्रम तथा स्वास्थ्य कार्यक्रम सम्बन्धि अभिमुखिकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह तथा विद्यालय |
| ४ | स्वास्थ्य पोषण सम्बन्धित सचेतनामुलक कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ | प्रदेश र स्थानीय तह |

धनकुटा न.पा. शिक्षा योजना

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | दिवा खाजा वितरण तथा स्वास्थ्य सम्बन्धि कार्यहरुको प्रभावकारितको लागि विद्यालय स्तरमा अनुगमन संयन्त्रको विकास र परिचालन | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ र स्थानीय तह |
| ६ | एक विद्यालय एक स्वास्थ्य किट व्यबस्थापन | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.३ छात्रवृत्ति

### ४.३.१ परिचय

बालबालिकाहरुको विद्यालय शिक्षामा पहुँच तथा सहभागिता अभिवृद्धि गराउने उद्देश्यका साथ न्यून आय भएका परिवार, सुविधाविहिन तथा कठिन परिस्थितिमा रहेका, अपाङ्ग एवम् द्वन्द पिडित विद्यार्थीहरुलाई वर्षेनी छात्रवृति प्रदान गर्ने गरीन्छ। नियमित छात्रवृत्ति वितरणका कारण विद्यालयमा नियमित उपस्थित हुन र सिकाइमा सक्रियता पुर्वक सहभागी हुने उत्प्रेरणा प्राप्त हुने भएकोले बालबालिकाको सिकाइमा सुधार भई शिक्षाको गुणस्तर सुधारमा योगदान  पुग्दछ।

नेपालको संविधान तथा अन्य विभिन्न नीति तथा कार्यक्रमहरुले शिक्षामा समता तथा समावेशी ढंगवाट पहुँच अभिवृद्धिका लागी विभिन्न लक्षित समुदायहरुलाई छात्रवृति वितरणको प्रावधान गरेको छ । लक्षित समुदायहरुमा विशेषत: गरीव, अपाङ्ग, सुविधाविहिन तथा विभिन्न किसिमले कठिन परस्थितिमा रहेका बालबालिकाहरुलाई छात्रवृति लगायत अतिरिक्त सहयोग गर्ने गरीन्छ। विद्यालय मार्फत विद्यार्थीलाई प्रदान गरीने यस्ता सहयोग विद्यार्थीको सिकाइ सहभागितासँग सम्वन्धित रही शिक्षाको गुणस्तर सुधार गर्नु नै हो। धनकुटा नगरपालिकामा रहेका सामुदायिक विद्यालयहरुले दलित, छात्रा, अपाङ्ग र जेहेन्दार छात्रवृति हरेक साल नीति नियमानुसार प्रदान गर्दै आएको छ भने संस्थागत विद्यालयहरुले पनि लक्षित समुदायका बालबालिकाहरुलाई छात्रवृति लगायत अतिरिक्त सहयोग प्रदान गर्दै आएको छ।

### ४.३.२ वर्तमान अवस्था

नेपाल सरकारले विद्यालय तहका लक्षित समुदायका बालबालिकाहरुका लागि नीति नियमानुसार विभिन्न किसिमका छात्रवृतिहरु प्रदान गरीरहको छ। विद्यालय तहका सम्पुर्ण विद्यार्थीहरुलाई वार्षिक रुपमा तपशिलको शिर्षकमा विद्यालय मार्फत छात्रवृत्ति वितरण भइरहेको छ :

१) छात्रा छात्रवृत्ति प्रति विद्यार्थी - रु ४००/-

धनकुटा न.पा. शिक्षा योजना

२) दलित छात्रवृत्ति प्रति विद्यार्थी - रु ४००/-
३) अपाङ्ग छात्रवृत्ति प्रति विद्यार्थी - रु १०००/-
४) द्वन्दपीडित छात्रवृत्ति (गैरआवसीय)
   क) प्राथमिक तह प्रति विद्यार्थी - रु १२०००/-
   ख) निम्नमाध्यमिक तह प्रति विद्यार्थी - रु १४०००/-
   ग) माध्यमकि तह प्रति विद्यार्थी - रु १६०००/-
   घ) प्रमाण तह वा उच्च माध्यमिक तह प्रति विद्यार्थी - रु १८०००/-
५) सहिदका छोराछोरीलाई - तोकिए कमोजिम
६) क्रियागत क्षमता भएका विद्यार्थी प्रति विद्यार्थी - रु ४०००/-

विद्यालयमा भर्ना भएका धेरैजसो विद्यार्थीहरुले कुनै न कुनै किसिमको छात्रवृत्ति प्राप्त गरीरहेकै छन तर ति छात्रवृति रकम अति नै न्यून रहेकोले यसवाट जति सहयोग हुनुपर्ने हो त्यति हुन नसकेको र विद्यालय शिक्षाका गतिविधहरुलाई निरन्तरता दिन नसकेको देखिन्छ । यस नगरपालिका क्षेत्रभित्र क्रियागत क्षमताका बालबालिकाहरुका लागि स्रोतकक्षा विद्यालय तपशिल अनुसार सञ्चालित छन :-

| क्र.स. | स्रोतकक्षा विद्यालयको नाम | ठेगाना | समुह |
|---|---|---|---|
| १. | श्री मार्गदेवी प्रा.वि. | धनकुटा-१०, डुम्रेसान्ने, धनकुटा | दृष्टिविहिन |
| २. | श्री हिले मा.वि. | धनकुटा -१, हिले, धनकुटा | वहिरा तथा सुस्त श्रवण |
| ३. | श्री मार्गेश्वरी आ.वि. | धनकुटा -४, छारागाँउ, धनकुटा | वहिरा तथा सुस्त श्रवण |
| ४. | श्री कौशिका आ.वि. | धनकुटा -९, मुलघाट, धनकुटा | वहिरा तथा सुस्त श्रवण |
| ५. | श्री सुस्त मनस्थिति स्रोत केन्द्र | धनकुटा - १०, उत्तरपानी , धनकुटा | वौद्धिक अपाङ्गता |

## ४.३.३ अवसर र चुनौतिहरु

विद्यालय शिक्षामा विगतका अभ्यासहरुका सकारात्मक पक्षहरुलाई निरन्तरता दिदै अव शिक्षाको गुणस्तरीयता तथा दक्षताको सुधारमा ध्यान केन्द्रित गर्नु पर्ने समयको माग रहेको छ । विद्यमान शिक्षा क्षेत्रका चुनौतिहरुलाई अवसरको रुपमा परिणत गर्नु जरुरी छ । समयानुकुल कार्यन्वयनमा आएका विभिन्न योजना, नीति तथा कार्यक्रमहरुले विद्यालय शिक्षामा अवसरका आधारशिला स्थपना गरी थप अवसरका मार्ग प्रसस्त गरेको छ । वर्तमान संघिय संरचना अनुरुप नेपालको संविधान, २०७२ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ ले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यन्वयन, अनुगमन र मूल्याङ्कनको जिम्मेवारीका साथै माध्यमिक शिक्षा सम्म अनिवार्य र निशुल्क शिक्षाको व्यवस्था समेत गरेको छ । यसको साथै विद्यार्थी प्रोत्साहनको व्यवस्थालाई झनै ठुलो अवसरको रुपमा लिन सकिन्छ । फलस्वरुप स्थानीय शिक्षा ऐन तथा नियमावली स्थानीय तहमा नै निर्माण भई आइरहेको छ ।

लक्षित समुह नीति तथा कार्यक्रमवाट शिक्षाका धैरै उपलब्धिहरु भएतापनि शिक्षाको गुणस्तर , सिकाइ उपलब्धि तथा सक्षमता जस्ता कतिपय क्षेत्रका उद्धश्यहरु पूर्णरुपले हासिल गर्न सकेका छैनन । सवैका लागि गुणस्तरीय शिक्षाका अवसर सुनिश्चत गर्ने महत्वपुर्ण प्रयत्नका अतिरिक्त अझैपनि कतिपय लक्षित समुदायका बालबालिकाहरु अवसरवाट वञ्चित रहेका

धनकुटा न.पा. शिक्षा योजना

छन । विद्यालयमा विद्यार्थी टिकाउ दरमा वृद्धि नहुनु प्रमुख चुनौतीका रुपमा रहेका छन । ति चुनौतीहरुलाई निम्नानुसार वुँदागत रुपमा पहिचान गरीएका छन :

१) छात्रवृति वितरणको कुनै निश्चित आधार र आवश्यकतामा आधारित नभई वितरणमुखी हुनु ।
२) प्रदान गरीने छात्रवृतिको रकम अति न्यून रहनु ।
३) अधिकांश छात्रवृत्ति गरीव केन्द्रित नभई जातजाति र लिङगमा आधारित भएकोले यसको औचित्यमा प्रश्न उठनु ।
४) छात्रवृत्ति वितरण र यसको प्रभावकारिता तथा उपयोगिताको अनुगमन तथा मूल्याङकनलाई प्रभावकारी वनाउनु ।
५) आवासीय छात्रवृत्ति जस्तै अन्य छात्रवृत्तिको उद्देश्य र उपयोगिता स्पष्ट पार्नु ।
६) छात्रवृत्ति अक्षयकोष स्थापना गर्नु ।

## ४.३.४ उद्‌देश्य

यस नगरपालिकाको छात्रवृत्ति सम्बन्धी निम्नलिखित उद्देश्यहरु रहनेछन :

१) आर्थिक रुपले विपन्न, सुविधाविहिन, अपाङ्गता र कठिन परिस्थितिमा रहेका बालबालिकाहरुलाई विद्यालयमा पहुँच अभिवृद्धि गरी उनीहरुको सहभागिता र उपलब्धि वृद्धि गर्ने ।
२) विद्यालय शिक्षामा विद्यार्थी टिकाउ दर वृद्धि गर्ने ।
३) सवै बालबालिकाका लागि सिकाइ सुनिश्चित गरी शैक्षिक गुणस्तर वृद्धि गर्ने ।

## ४.३.५ रणनितिहरु

१) हालका छात्रवृत्तिहरुका किसिम र छनौटका आधारहरुको पुनरावलोकन तथा परमार्जन गरी लक्षित र बवश्यकतामा आधारित छात्रवृत्ति पद्धतिको विकास गरीनेछ । छात्रवृत्तिका लागि मुलत: गरीवीलाई केन्द्रित गरी आर्थिक रुपले विपन्न, सुविधाविहिन, कठिनल परिस्थितमा रहेका र अपाङ्गता भएका बालबालिकाहरु सहभागी हुने व्यवस्था मिलाईनेछ ।
२) छात्रवृत्ति उद्देश्यमुलक वनाउन छात्रवृत्ति छनौट तथा वितरण निर्देशिकाको निर्माण गरीनेछ ।
३) छात्रवृत्ति छनौटका लागि मुख्य आधार सहित एकमुष्ठ अनुदान रकम विद्यालयमा पठाईनेछ र वि.व्य.स.लाई समेत जिम्मेवार वनाईनेछ ।
४) छात्रवृत्ति रकम पुनरावलोकन गरी उद्धेश्यानुश्रप पर्याप्त हुने गरी व्यवस्था गरीनेछ ।
५) स्थानीय तह एवम विद्यालय स्वयमले आवश्यक स्रोत व्यवस्था गरी थप विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान सक्नेछन ।

## ४.३.६ उपलब्धि तथा नतिजाहरु

### (क) उपलब्धि

- विद्यालय तहको शिक्षामा सवैको पहँच र सहभागिता सुनिश्चित गरी सिकाइ गुणस्तर वृद्धि गर्ने ।

### (ख) नतिजा

धनकुटा न.पा. शिक्षा योजना

- गरीव, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङगता भएका बालबालिकालाई केन्द्रित गरी एकीकृत छात्रवृत्ति प्रणालीको विकास र कार्यन्वयन गर्ने ।
- उद्देश्य र आवश्यकतामा आधारित छात्रवृति वितरण गर्ने ।
- लक्षित समुहका विद्यार्थीले विद्यालयमा भर्ना हुने, टिकिरहने र सिकाइ सहभागिता दरमा वृद्धि भई सिकाइमा सुधार हुने ।

### ४.३.७ प्रमुख क्रियापलाप तथा लक्ष्यहरु

| क्र .स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य-५वर्ष | | | | | भौतिक लक्ष्य-१० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | छात्रावृत्ती दिवश कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | माध्यमिक तथा उच्च शिक्षामा विज्ञान प्रविधि जस्ता प्राविधिक विषय अध्ययनको लागि छात्रावृति कार्यक्रम | जना | ८ | १० | ९ | १० | १२ | ५० | |
| ३ | विद्यालय तहका वालवालिकाहरुको सिकाईका लागि प्रोत्साहन कार्यक्रमका पहिचान तथा कार्यक्रम कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ४.४ आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा

### ४.४.१ परिचय

सहस्राब्दी विकास लक्ष्यमा विभिन्न ६ ओटा उद्देश्यहरु राखिएका छन । यीनीहरु मध्ये सार्वभौम प्राथमिक शिक्षा सबैभन्दा महत्वपूर्ण हो , किनकी यो उद्देश्यको प्राप्ति बाटै अरु उद्देश्यहरु प्राप्ति सहज हुन्छन् । यस परिप्रेक्षमा जुनसुकै अवस्थामा पनि विद्यालय उमेर समुहका बाल बालिकाहरुले शिक्षा प्राप्त गर्ने कुरा सुनिश्चित हुनुपर्दछ । कृत्रिम र  प्राकृतिक कारणले हामीलाई बिभिन्न संकट वा प्रकोपको अवस्था आईपर्दछ । यिनीहरु यूद्ध, द्वन्द,जस्ता मानव सिर्जित तथा बाढी,पहिरो आगलागि जस्ता प्राकृतिक प्रकोपहरु हुन । यस्तो अवस्थामा समेत बालबालीकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चितता गर्दै सिकाइलाई निरन्तरता दिने सिकाइको बैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई संकटपूर्ण अवस्थामा शिक्षा भनिन्छ । यस प्रकारको शिक्षाको मुख्य उद्देश्य भनेको उल्लेखित जुन कुनै कारणले सिर्जित संकटपूर्ण अवस्थामा पनि बाल अधिकारको संरक्षण गर्दै, जिबनको रक्षा गर्ने तथा समूदाय, घरपरिबार,समाज तथा शिक्षा सँग सरोकारवाला सबै पक्षलाई सम्लग्न गराई संकटको व्यवस्था पन गर्ने,सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकाहरुको सूरक्षा राख्नुका साथै सिकाइलाई निर्बाध रुपमा संचालन गर्नु हो । यस धारणा अन्तरगत संभाबित संकटको पूर्व तयारी, आपतकालिन अवस्थाको व्यवस्था पन तथा संकट पश्चात क्षतिको आपुरण गर्ने कुरा समेटिएको हुन्छ ।

धनकुटा न.पा. शिक्षा योजना

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरीए पछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो। अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ–आफ्नो नीति, कानुन तथा योजनाहरूमा आपतकालीन अवस्थामा शिक्षा (Education in emergency) लाई समावेश गर्ने गरेका छन्। नेपालमा पनि प्रकोप व्यवस्थापन तथा सकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक राष्ट्रिय योजना, शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरीदै आएको छ। विशेषतः लामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड–१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजना (२०२१—२०३०) मा आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरीएको छ।

धनकुटा नगरपालिकाको परिबेश पनि नेपालको समग्र परिबेश भन्दा फरक छैन। बजार क्षेत्रका विद्यालयहरुमा खुल्ला स्थान कम रहेको छ भने कति विद्यालयहरु नदि किनारामा छन। केहि विद्यालयहरु जंगलको बिचमा वा छेउमा छन्। एउटै नगरपालिका भित्रको परिबेश पनि विद्यालय अनुसार फरक पाईन्छ। जंगलको नजिक रहेका विद्यालयहरुमा सुख्खा मौसममा आगजनी तथा डढेलोको जोखिम हुन्छ। नदि किनारामा भएका विद्यालयहरुमा बर्षायाममा बाढीको जोखिम हुन्छ। खुल्ला तथा सुरक्षीत स्थान कम भएका विद्यालयहरुमा भूईचालो आएमा जोखिम हुन्छ। यी सबैखाले समस्याहरुको समयमा बालबालिकाहरुको सिकाइ सूनिश्चित गराउन परिवेश अनुसार फरक फरक योजना बनाउनु पर्ने देखिन्छ।

धनकुटा न.पा. शिक्षा योजना

## ४.४.२ वर्तमान अवस्था

### क) नीतिगत अवस्था

नेपालको संबिधानमा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ,निशुल्क माध्यमिक शिक्षा, सूविधा बिहिनहरुको लागि निशुल्क शिक्षाको ब्यबस्था गरीएको छ। अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५,शिक्षा नियमावली २०७७, दिवा खाजा , छात्रवृत्ति,सुबिधा बिहिनहरुका लागि विशेष सहयोग,मातृभाषमा शिक्षा , भय रहित शिक्षण सिकाइ निर्देशिका २०६७,विद्यालय शान्तिक्षेत्र निर्देशिका २०६८ , बाल मैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ को व्यवस्था केन्द्रिय स्तरमा भई कार्यान्वयनमा रहनुले यो धनकुटा नगरपालिका भित्रका विद्यालयहरु समेत समेटिएको छ। यो बिपत वा संकटपूर्ण अवस्थामा सिकाइ संचालन गर्नमा नीतिगत अवस्था पर्याप्त रहेको छ। त्यसैगरी बृहत विद्यालय सूरक्षा न्यूनतम प्याकेज (२०१८) ले सुरक्षित विद्यालय संचालमा मार्गदर्शन प्रदान गर्दछ। पन्ध्रौ योजनामा समेत निःशूल्क शिक्षाको मापदण्ड को बारेमा उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ मा पनि सूरक्षीत सिकाइ वातावरणका लागि भौतिक तथा मानबीय व्यवस्था पन तथा कार्यान्वयन गर्नुपर्ने कुरा उल्लेख गरेको छ। धनकुटा नगरपालिकाले पनि आफ्नै शिक्षा ऐन निर्माण गरीसकेको छ।

### ख) नगरपालिकामा आईपरेका बिपत्ति तिनीहरुको संबोधन

२०७२ सालमा आएको बिनाशकारी भुकम्प तथा २०७७ सालबाट सूरु भएको कोभिड—१९ को प्रकोप बाट धनकुटा नगरपालिका पनि प्रभाबित भयो। २०७२ सालको बिनासकारी भूकम्पले केहि विद्यालयहरुमा आंशिक तथा पुर्ण रुपमा क्षती पूगेकोमा पूननिर्माण प्राधिकरणबाट विद्यालयहरु निर्माण भईरहेकेका छन्। त्यसैगरी कोभिड—१९ को प्रभावले करीब ८ महिना विद्यालयहरु बन्द रहे त्यस अवस्थामा प्रभावकारी तथा सूरक्षीत शिक्षाको बैकल्पिक माध्यम प्रयोग गर्न नसक्दा विद्यालय तहका बाल बाल बालिकाहरु प्रत्यक्ष सिकाइ बाट बन्चित रहे। विद्यालय तहको पाठ्यक्रमलाई आधार मानी केन्द्रिय स्तरमा बिभिन्न बिषयमा अनलाईन तथा अफलाईन सिकाइ सामग्रीहरु तयार गरी वेबसाईमा राखिएको छ। नेपाल सरकारले २०७७ असार १ गते बाट बैकल्पिक माध्यम बाट कक्षा संचालनका लागि सार्बजनिक रुपमा आब्हान गरीएकोमा नगरपालिका स्तरमा प्रभावकारी रुपमा सिकाइ संचालन गरीएको पाईएन। विभिन्न विद्यालयमा फरक-फरक अभ्यास गरेको पाईयो। नगरपालिकाले यस सम्बन्धमा कुनै ठोस आधार तयार गरी सम्बन्धित पक्षलाई निर्देशन गर्न सकेन।

उल्लेखित अवस्थाहरुले आगामी दिनहरुका लागिशिक्षाको संरचना, भौतिक पूर्बाधार, सिकाइ वातावरण, सिकाइका लागि आवश्यक पर्ने स्रोत साधन, आपत कालीन अवस्थामा सिकाइ निरन्तरताका लागि आवश्यक हुने व्यवस्था पकीय तथा पेशागत क्षमता र आपतकालीन अवस्थाको तयारी, प्रतिकार्य र पुनरुत्थानको भरपर्दो प्रणाली विकास गर्नुपर्ने आबश्यकता समेत देखिएको छ।

## ४.४.३ अवसर तथा चुनौतिहरु

धनकुटा नगरपालिका पहिलेको पूर्वाञ्चल विकास क्षेत्रको सदरमुकाम रहेको तथा शिक्षाका विभिन्न योजना कार्यान्वयनमा अग्रणी भएकाले यँहाका धैरै विद्यालयहरुको भौतिक अवस्था सामान्य नै रहेको छ । नगरपालिका भित्र कार्यरत शिक्षकहरुले बिभिन्न तालिमको अवसर बढि पाउनु,समशितोष्ण हावापानी पाईनु, यातायातको हिसावले तराई तथा अन्य पहाडी र हिमाली जिल्ला जोड्ने प्रबेशमार्ग नगरपालीका भएर जाने भएकोले यातायातको सूबिधा राम्रो छ । हरेक विद्यालयले विद्यालय सूधार योजना निर्माण गर्दा जोखिम व्यवस्था पन को पनि सम्बोधन गर्नुपर्ने भएकाले त्यसको केहि अभ्यास भएको हुनुपर्दछ

प्राकृतिक प्रकोप, महामारी वा अन्य कारणले उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान परिबेश र अवस्था अनुसार केहि पूर्बानुमान गर्न सकिए तापनि समय स्वरुप र मात्राको एकिन भबिश्यबाणी गर्न सकिदैन। त्यसैगरी कतिपय प्रकोप, महामारी तथाआपतकालको पूर्बानुमान गर्न नसकिने पनि हुन्छ। एउटै नगरपालिका भित्रका विद्यालयहरु भएपनि सबैका लागि एकै प्रकारको योजना बनाउनु सान्दर्भिक नहुन सक्छ

### चुनौति र अवसरहरु

- आपतकालिन अवस्थामा शिक्षाको योजना बनाउदा अन्य योजना सँगै एकीकृत गर्ने वा छुट्टै बनाउने।
- प्राकृतिक प्रकोप तथा सो को बिषयमा मात्र केन्द्रित हुने वा अन्य महामारी तथा सामाजिक तथा राजनितिक द्वन्द समेतको योजना बनाउने।
- अनुमान गर्न नसकिने बिपदको योजना कस्तो बनाउने।

## ४.४.४ उद्‌देश्यहरु

यस पालिकाको बिपदको अवस्थामा शिक्षाको उद्देश्य निम्न बमोजिम हुने छ।

- संकटको संभावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने।
- संभावित संकटको सामना गर्ने अर्थात उत्थानशिल प्रणालीका लागि भौतिक मानविय र आर्थिक स्रोतको तयारी गर्ने।
- संकटको प्रतिकार्यको संयन्त्र र कार्यढाँचा तयार गर्ने

## ४.४.५ रणनीति

योजनाको उद्देश्यहरु हासिल गर्न निम्न अनुसारका रणनीतिहरु अबलम्बन गरीनेछ।

- संघिय सरकारले  कार्यान्वयनमा ल्याएका बिभिन्न नीति नियम तथा ऐन कानुनहरुको पूर्ण पालना गरीने छ।
- संकटासन्नताको मूल्यांकन तथा बिश्लेषण गरीने छ।
- संकटासन्नताको मूल्यांकनको आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना र विद्यालयहरुले आ—आफ्ना विद्यालयको योजना तयार पार्नेछन्।
- बिपद प्रतिरोधि भौतिक पूर्वाधारको निर्माण तथा पूनस्थापना गरीनेछ।
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण औषधि खाद्यान्न पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरीने छ।
- विद्यार्थी ,शिक्षक अभिभावक तथा अन्य सरोकारवालाहरुको तयारी,रोकथाम, प्रतिकार्य र पुनस्थापनाका लागि क्षमता विकास गरीनेछ।
- बिपद व्यवस्था पनका लागि परम्परागत ज्ञान सीपको समेत खोजी तथा संरक्षण सम्बर्धन गरीनेछ।
- बिपद व्यवस्था पन तथा संकटकालमा अन्य पालिकाहरुमा भए गरीएका असल अभ्यासहरुको अनुसरण गर्ने संयन्त्र विकास गरीने छ।
- विद्यालय शान्ति क्षेत्रको अवधारणालाई सार्थकता दिन स्थानीय राजनैतिक दल,पेशागत संगठनहरु,विद्यार्थी संगठन तथा क्लबहरु सामाजिक सांस्कृतिक समूह तथा समाजहरु समन्वय र सहकार्य गरी यसप्रति सबैलाई जिम्मेवार बनाईने छ।
- प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणकालागि हरीत विद्यालय अभियान,जलबायू परिवर्तन शिक्षा तथा दिगो विकाससका अवधारणा समेतलाई कार्यान्वयनमा ल्याईने छ।

## ४.४.६ उपलब्धि   र नतिजा

(क) उपलब्धि

धनकुटा न.पा. शिक्षा योजना

- आपतकालिन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाहरुको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकार सूनिश्चित हुने।

(ख) नतिजा

- पालिकाका विद्यालयहरुमा प्राकृतिक प्रकोप व्यवस्था पनका लागि पूर्वतयारी प्रतिकार्य तथा पुनर्उत्थानको योजना तथा क्षमता विकास हुने।
- आवश्यक भौतिक,मानविय र आर्थिक स्रोतको व्यवस्था पन सहित विद्यालय सक्षम हुने।
- संकटपूर्ण अवस्थामा समेत शिक्षण  सिकाइ निरन्तर संचालन हुने।

## ४.४.७ प्रमुख क्रियापलाप तथा लक्ष्यहरु

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य-५वर्षे | | | | | भौतिक लक्ष्य-१० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | मनोसामाजिक परामर्श तालिम सञ्चालन | पटक | | | १ | | | १ | |
| २ | विपद सम्वन्धी विद्यालय विपद योजना निर्माण तथा परिमार्जन | पटक | | १ | | १ | | २ | |
| ३ | पालिकास्तरिय विद्यालय शिक्षा सहयोग विपदकोष कार्यक्रम | पटक | १ | | | | | १ | |
| ४ | विद्यालयको भौगोलिक अवस्था र परिस्थिति अनुसार वैकल्पिक सिकाईको | विद्यालय | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |

छत्रकुटा न. पा. शिक्षा योजना

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन कार्यक्रम | | | | | | | | |
| ५ | उद्दार कार्यक्रममा खटिने संवयंसेवकका लागि तालिम सञ्चालन | पटक | १ | | १ | | १ | ३ | |
| ६ | प्रतिकार्य कार्यदलको गठन र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | आपतकालिन तथा संकटपूर्ण सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |

धनकुटा न. पा. शिक्षा योजना

## ४.५ विद्यालयको भौतिक पुर्वाधार विकास

### ४.५.१ परिचय

विद्यालयमा विद्यार्थी भर्ना हुनका लागि बालबालिकाले सुरक्षित महसुस गर्नु पर्दछ जसका लागि सुरक्षित विद्यालय हुनु आवश्यक छ। सुरक्षित विद्यालय हुनका लागि मापदण्ड अनुसारको कक्षाकोठा, खेल्ने खेलमैदान, चमेनागृह, शौचालय तथा सफा खाने पानी जस्ता भौतिक संरचनाहरु हुनुपर्दछ । शिक्षा नियमावली २०५९ मा सुविधाजनक रुपमा पठनपाठनमा सहभागी हुनका लागि वालविकास तथा आधारभूत तहलाई ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहलाई १.०० वर्ग मिटर क्षेत्रफल प्रति विद्यार्थीका लागि आवश्यक पर्ने उल्लेख गरीएको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरुमा विपद जोखिममुक्त भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, शौचालय, पुस्तकालय, वुक कर्नर जस्ता भौतिक पुर्वाधार तयार गरी हरित र वालमैत्री विद्यालयको रुपमा विकास गर्ने नीति लिएको छ। मुलुक संघियतामा गइसकेपछि राष्ट्रिय शिक्षा नीति तथा कार्यक्रम अनुसार धनकुटा नगरपालिकाले विद्यालयको सम्पुर्ण भौतिक पुर्वाधार विकासका लागि तोकिए कमोजिम कार्यक्रमहरुलाई निरन्तरता दिइरहेको छ भने वि.स. २०७२ को भुकम्पले नगर क्षेत्रभित्रका क्षतिग्रस्त विद्यालयहरुको पुननिर्माणका लागि नेपाल राष्ट्रिय पुन:निर्माण प्राधिकरण अन्तर्गत जिल्ला आयोजना कार्यन्वयन इकाई (शिक्षा) धनकुटाले विपद जोखिममुक्त विद्यालयहरु निर्माण कार्य गरेको छ ।

### ४.५.२ वर्तमान अवस्था

धनकुटा नगरपालिकामा हाल ३९ सामुदायिक विद्यालय, ५ स्रोतकक्षा विद्यालय र १७ संस्थागत विद्यालय सञ्चालित छन। विद्यालयहरु मध्ये एक नमुना विद्यालय रहेको छ। सामुदायिक विद्यालयहरुमा पक्की भवनको सुविधा आंशिक रुपमा मात्रै छन्। केही-केही आधारभूत विद्यालयहरु भने अझै पनि ट्रस छानावाट निर्मित पुराना भवनमा नै सञ्चालित छन। कक्षा १-३ सम्मका कक्षाकोठाहरु NEGRP (National Early Grade Reading Program) अन्तर्गत विद्यालय व्यवस्थापन अनुदान (SMC grant) सहयोग कार्यक्रमवाट १३ वटा र स्थानीय पालिकाको सहयोगमा २६ वटा विद्यालयमा छापायुक्त कक्षाकोठा व्यवस्थापन गरीएको छ । धनकुटा नगरपालिकाको अनुदानमा आ.व. २०७६/०७७ मा ९ वटा माध्यमिक विद्यालयहरुमा सिसिटिभि क्यामेरा जडान गरी सकिएको छ । यस पालिकाको नियमित कार्यक्रम बमोजिम शैक्षिक तथा भौतिक निर्माणका कार्यक्रमहरु सम्पन्न हुँदै आएका छन् :-

प्रत्येक वर्ष योजना मुताविक भौतिक निर्माणका योजना तथा कार्यक्रम सम्पन्न गरीदै आए पनि विद्यालयहरुमा व्यवस्थित शौचालय, प्रयोगशाला, खानेपानी जस्ता आधारभूत मापदण्डहरुको अभाव भने खड्केकै छ । विद्यालयहरुको भौतिक पुर्वाधार विकासका अन्य सरोकारवाला संस्थाहरुसँग आपसि समन्वय गरीदै कार्यक्रमहरु सम्पन्न भइरहेका छन । जस अन्तर्गत जिल्ला आयोजना कार्यन्वयन इकाई (DLPIU) (शिक्षा) धनकुटा द्वारा ४ कोठे पक्की भवन, २ कोठे र ३ कोठे ट्रस भवनका साथै खानेपानी र शौचालय निर्माणको कार्य भएको छ । विद्यालयमा पूर्वाधारको आवश्यकता बमोजिम हालसम्म सम्बोधन हुन सकिरहेको छैन ।

## ४.५.३ अवसर र चुनौतीहरु

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयका भौतिक पुर्वाधार विपद जोखिममुक्त वनाउनुका साथै सबै विद्यालयहरुलाई सुरक्षित एवम हरित विद्यालयको रुपमा विकास गर्ने नीति अवलम्वन गेरेको छ । यसको साथै सार्वजनिक विद्यालयहरुको पूर्वाधार निर्माण, मर्मतसम्भार, सञ्चालन र व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई जिम्मेवारी प्रदान गरेको छ जुन स्थानीय निकायका लागि स्थानीय आवश्यकताका आधारमा पूर्वाधारको काम गर्ने अवसर प्राप्त हुन्छ ।

संघियता कार्यन्वयन भन्दा अगाडी शिक्षा विभागमा भौतिक निर्माण तथा पुर्वाधार विकास सम्बन्धी काम गर्ने शाखा वेग्लै र प्रत्येक जिल्ला शिक्षा कार्यलयहरुमा प्राविधिक सहितको व्यवस्थापनमा विद्यालय शिक्षामा भौतिक निर्माणको काम हुदै आएको थियो तर निर्माणको मापदण्द तथा आधार संघिय तहवाट हुदै आइको छ । यसवाट योजना र कार्यन्वयनमा तालमेल मिलाउन र सूचनाआदनप्रदान गर्न चुनौती भइरहेको छ । यसका अलावा विद्यालय पुर्वाधार विकासमा निम्नलिखित चुनौतीहरु देखिन्छन :

१) आवश्यकतानुसार कक्षाकोठा, शौचालय, विभिन्न प्रयोगशाला आदिको प्रबन्ध नहुनु ।
२) सुरक्षित विद्यालय पूर्वाधार विकासका लागि गुरुयोजनाको विकास गर्नु ।
३) पूर्वाधार विकासका लागि स्रोत व्यवस्थपन गर्नु ।
४) पुर्वाधारहरुलाई अपाङ्गमैत्री र लैङ्गिकमैत्री वनाउनु ।
५) पूर्वाधार विकासका विधि तथा प्रक्रियाहरुलाई गुणस्तरीय, पारदर्शी र जवाफदेही वनाउनु ।
६) व्यावसायिक र प्राविधिक(रोजगारमुखी) शिक्षाको लागि आधारभूत शिक्षा पूर्वाधारको रुपमा नहुनु ।
७) कक्षाकोठाहरुलाई प्रयोगशालाको रुपमा परिणत गर्नु ।
८) विद्यालयमा मनोरञ्जनात्मक वातावरण सिर्जना गर्नु ।
९) एक चोटी निर्माण भएसकेका संरचनाका लागि मर्मत समय समयमा नहुने र जिर्ण अवस्थामा पुग्ने ।
१०) विद्यालय घेरावारा रहित सञ्चालन हुनु ।

## ४.५.४ उद्देश्य

१) सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा प्रदानमा सहयोग गर्नु ।
२) विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्डको विकास र कार्यान्वयन गर्नु र स्रोत पहिचान गर्नु ।
३) भौतिक पूर्वाधार विकास एवं विस्तारका लागि पारदर्शी तथा जवाफदेही प्रणालीको विकास गर्नु ।

## ४.५.५ रणनीतिहरु

१) पालिकामा सञ्चालित विद्यालय तह र विद्यार्थी संख्याका आधारमा पूर्वाधारको पुनःपरिभाषित गरीनेछ ।

धनकुटा न.पा. शिक्षा योजना

२) विद्यालय पूर्वाधारका विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरीनेछ।
३) पूर्वाधार विकासका लागि वार्षिक रुपमा तोकिएका ससर्त अनुदान वापतका योजना तथा कार्यक्रमहरु माग र आवश्यकताका आधारमा वितरण गरीनेछ।
४) विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न संघ संस्था एवं निकायसँग लागत साझेदारी गरीने छ।
५) स्थानीय सरकार तथा अन्य सरोकारवाला निकायविच आपसि समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधार एवं जनशक्तिको उपयोग सम्बन्धी नीति तयार गरी कार्यन्वयन गरीने छ।
६) पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवं वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरीने छ।
७) रमाइलो वातावरणमा शिक्षण सिकाइ सञ्चालन गर्न प्रशस्त मात्रमा शैक्षिक सामाग्रीका साथै खेलसामाग्रीयुक्त वालउधान निर्माणको कार्यक्रमलाई प्रोत्साहन गरीने छ।
८) कक्षाकोठाहरुलाई प्रयोगशालाको रुपमा परिणत गर्न मापदण्ड अनुसारको आवश्यक सामाग्रीहरुको व्यवस्थापन गर्न प्रोत्साहन गरीने छ।

## ४.५.६ उपलब्धि तथा नतिजाहरु

(क) उपलब्धि

- सवै विद्यार्थीहरुलाई सुरक्षित र उपयुक्त भौतिक सुविधा युक्त विद्यालयमा अध्ययन गर्ने अवसर हुने।

(ख) नतिजा

- भौतिक पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी सहित कार्यन्वयन हुने।
- पूर्वाधार विकासको आवश्यकता पहिचान र वितरणको मापदण्ड तयार हुने।
- विद्यालयहरुमा अपाङ्गमैत्री एवं लैङ्गिकमैत्री संरचनाको व्यवस्था गरीने।
- विद्यार्थीहरुलाई रमाइलो वातावरणमा शिक्षण गर्न विभिन्न प्रयोगशालाहरुको निर्माण गरीने।
- कक्षाकोठाहरु शैक्षिक सामाग्रीयुक्त हुने।
- स्वच्छ वातावरण, सुविधायुक्त शौचालय तथा सफा खानेपानीको प्रवन्ध हुने।
- विद्यालय तथा कक्षाकोठाहरुको समय समयमा मर्मत सम्भार गरीने ।

धनकुटा नं.पा. शिक्षा योजना

## ४.५.७ प्रमुख क्रियापलाप तथा लक्ष्यहरु

| **क्र.सं.** | **प्रमुख क्रियाकलापहरु** | **इकाइ** | **भौतिक लक्ष्य (पहिलो ५ वर्ष)** | | | | | | **भौतिक लक्ष्य (१० वर्ष)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | भौतिक पूर्वाधार विकास योजना निर्माण | पटक | | १ | - | | - | १ | १ | |
| २ | विज्ञ समुहद्वारा सम्पूर्ण विद्यालयको स्थलगत अध्ययन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | निर्माण भएका संरचनाहरुको सम्बर्धन तथा मर्मत | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | विनियोजित रकमको शिर्षक अनुसार कार्यान्वयन, अनुगमन तथा मूल्याङकन | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |

धनकुटा न.पा. शिक्षा योजना

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | हामि बनाउछौं हाम्रो विद्यालय कार्यक्रम सञ्चालन | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | बालमैत्री, प्रविधिमैत्री र समतामुललक कक्षाकोठा व्यबस्थापन | विद्यालयकक्षाकोठा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | नछोडौं विद्यालय परिसर खाली, बनाऔं वगैचा हरियाली कार्यक्रम | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

# ४.६ शिक्षामा सूचना र प्रविधि

## ४.६.१ परिचय

विश्वमा  सूचना र प्रविधिको विकासले अत्यन्तै  चाँडो फड्को मारेको छ। ज्ञानको बिस्फोटन गराएको छ। यसबाट एकातिर ज्ञान आर्जन गर्न सहज भएको छ भने अर्का तर्फ हाम्रा शिक्षण सिकाइका विधि तथा तौर तरिकामा आमूल परिवर्तन ल्याएको छ। शिक्षामा सूचना तथा प्रविधिको अत्यधिक प्रयोगले अवसर तथा चुनौति दुबै सिर्जना गरेको छ। सूचना तथा सञ्चारको प्रभावकारी प्रयोगले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शैक्षिक गुणस्तरको अभिबृद्धि गर्नमा महत्वपूर्ण भूमिका खेल्दछ। यसले विद्यालय तहको शिक्षण सिकाइमा सहजता ल्याउनुको साथै  परीक्षा मूल्यांकन,विद्यालयको व्यवस्थापकीय पक्ष तथा आर्थिक पारदर्शिता र सुशासन कायम गर्नमा समेत मद्दत गर्दछ। आजको बिश्वमा आर्थिक तथा शैक्षिक भिन्नताका कारण बर्गीय समाज निर्माण भईरहेको अवस्थामा सूचना र प्रविधिको कुशल प्रयोगले धनी  गरीब वर्ग बिचको खाडल कम गराउन मद्दत गर्दछ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना सन २०१३-२०१७ निर्माण गरीएको थियो। यो गुरु योजना अहिलेको अवस्थामा पनि सान्दर्भिक छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नुका उद्देश्यहरुमा सबै विद्यार्थीहरुका लागि सूचना तथा सञ्चार प्रविधिलाई आधारभूत साक्षरताका रुपमा विकास गरी डिजीटलाइज्ड गर्ने, शिक्षामा समतामूलक पहुँच पु¥याई गुणस्तर अभिवृद्धि गर्ने र शिक्षाको सेवा प्रबाह तथा प्रणालीमा सूधार गरी सुशासनको प्रत्याभूति गर्ने रहेका छन्। गुरु योजनाले पहिचान गरेका चारओटा क्षेत्रहरुमा सूचना तथा संचारका लागि संरचना तयार गर्ने, मानबीय स्रोत विकास गर्ने,डिजिटल सामग्री विकास गर्ने र शैक्षिक पद्धति तथा व्यवस्था पन सूधार गर्ने रहेका थिए। हालको परिवेशमा अनुकुल रणनीति,क्रियाकलाप तथा लक्षहरु अध्यावधिक तथा परिमार्जन गरी यो पालिका स्तरीय योजनामा समाबेश गर्नुपर्ने देखिएको छ।

कोभिड–१९ को महामारीले शिक्षामा सूचना तथा संचारको महत्वलाई अझै उजागर गरेको छ। यी र यस्तै प्रकारका महामारीहरुमा सूचना तथा सूचना तथा सञ्चार शिक्षाले सिकाइलाई निरन्तरता दिनमा महत्वपूर्ण भूमीका खेल्दछ। महामारीको समयमा अनलाइन र अफलाईन दुबै माध्यमको प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि मानबीय क्षमता तथा संरचनाको अभाबले सबैलाई समेट्न सकिएको छैन ( Poudel ,kafle) । यस्तो अवस्थामा सबैका लागि पहुँच पुग्ने   गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु चुनौतिपूर्ण कार्य रहेको छ।

## ४.६.२ वर्तमान अवस्था

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी संघीय सरकार सँग प्रस्सत कानुनी आधारहरु छन । यस अन्तरगत बोर्ड बैंक नीति २०७१, नेपालको सूचना तथा प्रविधि नीति २०७२, डिजिटल नेपालको कार्यढाँचा २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजना २०१३—२०१७ समेतले शिक्षा क्षेत्रमा सूचना तथा सचार प्रविधिको स्थापना,संचालन, व्यवस्था पन,अनुगमन तथा मूल्यांकन गर्ने कुराको व्यवस्था गरेको छ । यस नगर पालीकामा भने आफ्नै नीति वा कानुनको व्यवस्था भने छैन । संघिय सरकारकै नीति बमोजिम नै सञ्चालन भईरहेको अवस्था छ

विद्यालय क्षेत्र सूधार विकास कार्यक्रम अन्तरगत बिभिन्न विद्यालयहरुमा पूर्वाधार विकास गर्ने,सूचना प्रविधि व्यवस्था पन प्रणालीको स्थापना तथा संचालन गर्ने जस्ता कार्यहरु भएका छन् । यस अन्तरगत नरपालिकाका चार ओटा माध्यमिक विद्यालयहरुमा इ—लाईब्रेरी स्थापना गर्ने,ती विद्यालयहरुमा प्रदेश सरकारको डिजीटलाइज गर्ने योजना अन्तरगत साधनहरु समेत जडान गरी सूचारु भई रहेको छ । पालिकाको आफ्नै स्रोत बाट समेत सूचना तथा संचार क्षेत्रमा लगानी भएको छ । प्रदेश सरकार तथा पालिकाको संयूक्त लगानीमा शिक्षकहरुका लागि प्रविधि सम्बन्धी तालिम संचालन गरी सकिएको छ ।

## ४.६.३ अवसर र चुनौति

- सबै विद्यालयहरुको भौतिक अवस्था फरक फरक भएकोले विद्युत,इन्टरनेट कनेक्टिभीटि आदिको विस्तार गर्न कठीनाइ छ ।
- सूचना तथा संचार प्रविधिको प्रयोगको लागि आवस्यक अन्य पूर्वाधारहरुको प्रभावकारी व्यवस्था हुन नसक्नु ।
- सूचना तथा संचार प्रविधि प्रयोगको लागि क्षमताको विकास गराउन सकिएको छैन ।
- सेवा प्रदायक संस्थाहरु सँग समन्वयको अभाव रहेको छ ।

## ४.५.४ उद्देश्यहरु

- सिकाइलाई प्रभावकारी गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा संचार प्रविधिको प्रयोग विस्तार गर्ने ।
- सूचना तथा संचार प्रविधिको प्रयोगलाई समतामूलक ढंगले सबै लक्षीत समूह सम्म विस्तार गर्ने ।
- शिक्षा सम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी सहज,छिटो छरितो र सस्तो बनाउने
- शिक्षाको समग्र व्यवस्था पनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल,पारदर्शी र समतामूलक बनाउने ।

## ४.६.५ रणनीतिहरु

- सबै विद्यालयहरुमा सूचना तथा संचार प्रविधिका आधारभूत संरचनाहरु तथा उपकरणको प्रबन्ध गरी सूरक्षीत भौतिक र प्राविधिक प्रबन्ध मिलाईने छ ।

- कार्यरत सबै शिक्षकहरुको क्षमता विकास गरीने छ। अब प्रवेश हुने शिक्षकहरुका लागि प्रविधि प्रयोगको सीप आवश्यक सर्त हुनेछ।
- पालिका स्तरमा प्राविधिक सहायताका लागि सक्षम शिक्षकहरुको छनौट गरी विषयगत समिति बनाइने छ। सो समितिलाई आवश्यकता अनुसार डिजीटल सामग्री निर्माणमा जिम्मेबार बनाइने छ।
- केन्द्र, प्रदेश तथा अन्तरपालिका समन्वय गरी तालिम सञ्चालन गरी शिक्षकहरुको क्षमताको विकास गरीनेछ।
- शिक्षक सहायता तथा पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रणालीको प्रयोग गरीनेछ।
- विश्वव्यापी रुपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरुमा विद्यालय, शिक्षक एवम् विद्यार्थीको पहँचमा पुऱ्याईने छ।
- IEMIS को प्रयोगलाई थप विस्तार तथा व्यवस्थित गराईने छ।
- नगरपालिका भित्र रहेका सामुदायिक अध्ययन केन्द्र तथा सामूदायिक पुस्तकालयहरुमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सेवालाई सहज र प्रभावकारी बनाईने छ।

## ४.६.६ उपल्बधि र नतिजा

### (क) उपलब्धि

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी,गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नाका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार भइ सुशासन कायम हुने।

### (ख) नतिजा

- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि पालिका स्तरमा सूचना तथा सञ्चार प्रविधि स्रोतकेन्द्रको स्थापना हुने छ।
- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको विकास भई सबैको पहँुच हुने।
- सबै विद्यालयहरु र विद्यार्थीहरुमा सूचना र सञ्चार प्रविधि सम्बन्धी पहुँच हुने।
- सबै विद्यालयहरुमा शिक्षण सिकाइ तथा अन्य व्यवस्था पकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग हुने।
- पालिका स्तरमा सूचना तथा सञ्चार शिक्षक सहायता प्रणालीको विकास हुने।
- पालिका स्तरमा रहेका सामुदायिक अध्ययन केन्द्र तथा पुस्तकालयहरुमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग हुने।
- अनुगमन,मूल्यांकन तथा प्रतिबेदन प्रणालीमा सुधार भई लागत,जनशक्ति र समयको बचत हुने।

## ४.६.७ प्रमुख क्रियापलाप तथा लक्ष्यहरु

| क.सं. | क्रियाकलाप | | पहिलो पाँच बर्षको लक्ष | जम्मा | १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|

धनकुटा न.पा. शिक्षा योजना

| | | इकाइ | १. | २ | ३ | ४ | ५ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | बिद्यालयमा ICT LAB बिस्तार | विद्यालय | २ | २ | २ | २ | २ | १० | १० | |
| २. | सबै बिद्यालयमा इन्टरनेट कनेक्टिभीटि व्यवस्थापन | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५ | |
| ३. | सबै शिक्षकहरुलाई ICT को आधारभूत तालिम कार्यक्रम | जना | १०० | १०० | ५० | ५० | | ३०० | | |
| ४. | IEMIS सम्बन्धि तालिम | जना | ३९ | | | **३९** | | **७८** | **३९** | |
| ५. | विद्यालयमा ई लाइब्रेरी सञ्चालन | विद्यालय | ३९ | | | | | | | |
| ६. | पलिका स्तरमा नमुना  ICT LAB स्थापना | वटा | | | | | | | १ | |
| ७. | पलिका स्तरमा विद्यालयलाई प्रविदिमैत्री  शिक्षक  सहायता समूहको निर्माण र परिचालन | पटक | | | | | | | १ | |
| ८. | संचालनमा रहेका सामूदायिक  अधययन केन्द्र तथा पुस्तकालयहरुमा ICT बिस्तार | केन्द्र | २ | २ | | | | | | |

धनकुटा न. पा. शिक्षा योजना

# परिछेद ५ विद्यालय  सुशासन तथा व्यवस्थापन

## ५.१ परिचय

सुशासन भनेको असल वा राम्रो ढंगले गर्ने  शासन व्यवस्था हो । शिक्षाप्रति  निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई बुझाउँछ । विद्यालयमा योजनाको प्रभावकारी ढंगले कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाहरूको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचनाले, भूमिका तथा कार्यप्रक्रियाहरुले सहभागिता तथा सहमतिमा निर्णय गर्न वा निर्णय कार्यनयन गर्दै विधिको सर्वोच्चता  तथा समतालाई प्रोत्साहन गरी विद्यार्थीलाई सिकाइप्रति जवाफदेही बनाइ सुशासनको प्रत्याभूति दिलाउन सकिन्छ । यसमा नेपाल सरकारका तीनै तहका सरकार, सरकारी तथा गैर सरकारी संस्था, विद्यालय सबैको भूमिका प्रमुख हुन्छ । यसका लागि शैक्षिक योजना कार्यान्वयन गर्न संस्थागत क्षमता विकास,योजना कार्यान्वयनको जिम्मेवारी,प्रभावकारी अनुगमन तथा मूल्यांकन प्रणाली स्थापित गर्नुपर्छ। यसरी सुशासन तथा व्यवस्थापनका लागि योजनाका उद्देश्य ,अपेक्षित नतिजा, कार्यक्रमहरूको स्वरुप संवैधानिक प्रावधानका साथै संघीय संरचनामा विभिन्न तहका सरकारका दायित्व,ज्ञान,प्रविधि,मूल्यमान्यता तथा दृष्टिकोणमा आएका परिवर्तनलाई विचार पुर्याउनु पर्दछ । नेपालको संविधानमा तीन तहका सरकारहरूको एकल तथा साझा अधिकारका सूचीसहित शिक्षकको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ ।

यस परिच्छेदमा सुशासन प्रबन्धहरू गरी शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्न आवश्यक पर्ने, संस्थागत संरचनाका क्षमता विकास योजना, कार्यान्वयन, अनुगमन मूल्यांकन तथा प्रतिवेदन प्रणालीको बारेमा चर्चा गरीएको छ ।

### ५.१.१ संस्थागत संरचना र क्षमता विकास

नेपालको शिक्षा क्षेत्रको वर्तमान परिप्रेक्ष्यमा तीनै तहका सरकारमा कर्मचारी व्यवस्थापन र संगठनात्मक स्वरुपमा केही परिवर्तन गरी व्यवस्थापन गरीएको छ । आजको सूचना तथा प्रविधीको युगमा शैक्षिक गतिविधिलाई प्रभावकारी बनाउन शासकीय संरचना, प्रक्रिया र क्षमतामा सुधार गर्दै सुशासनको प्रत्याभूति प्रदान गर्नुका साथै संस्थागत संरचना र क्षमता विकास गर्न अवश्यक छ ।

यस योजनामा नगरभित्रका प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, र माध्यमिक शिक्षामा सबै नगरवासी विद्यालय उमेर समूहका बालबालिकाहरूको पहुँच र सहभागितामा सुनिश्चित गरी गुणस्तरमा सुधार,अनौपचारिक तथा जीवनपर्यन्त अवसरहरूको विस्तार, समता तथा समावेशीताको प्रवर्द्धन गरी जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ । शिक्षामा सुधार ल्याउन त्यससंग सरोकारवाला सबैको क्षमता विकास गर्न आवश्यक रहेकाले यस खण्डमा नगरभित्र सञ्चालित शिक्षा विकास कार्यक्रमहरूको कार्यान्वयनका लागि भएका प्रयासहरूको समीक्षा गर्दै विद्यालय क्षेत्रको योजना प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता तथा प्रक्रियामा देखिएका चुनौतीहरु पहिचान गर्दै तिनीहरूको समाधानका लागि सुशासन प्रवर्द्धन गरी आवश्यक परिवर्तनको प्रस्ताव सहित संरचना, क्षमता र प्रक्रियाको विकासका बारेमा चर्चा गरीएको छ ।

## ५.१.२ वर्तमान अवस्था

हालको संघीय संरचना अनुसार शिक्षा क्षेत्रको विकासका लागि संघ, प्रदेश, स्थानीय तहमा, तथा स्वायत्त निकायमा विभिन्न सरकारी संस्थाहरु रहेका छन् । संघमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। यसका मातहतमा केन्द्रीय तहमा पाठ्यक्रम विकास केन्द्र ,शिक्षा तथा मानवस्रोत विकास केन्द्र ,शैक्षिक गुणस्तर परीक्षणकेन्द्र रहेका छन भने शिक्षक सेवा आयोग र राष्ट्रिय परीक्षा बोर्ड स्वायत्त निकायका रूपमा रहेका छन् ।

आजसम्म संघीय शिक्षा ऐन जारी हुन नसकेकोले विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन अन्योलताको अवस्था रहेको छ । संघीय ,प्रादेशिक र स्थानीय तहमा ऐन तथा नियमावली नबनेका कारण प्रदेश र स्थानीय कानुनहरु बन्न सकेका छैनन् यसले शिक्षा क्षेत्रलाई अन्योलग्रस्त बनाएको गुनासो आइरहेको छ ।

प्रदेश स्तरमा प्रदेश शिक्षक तालिम केन्द्र क्रियाशील भए पनि स्थानीय तहमा कुनै पनि शिक्षा तालिम प्रदान गर्ने संस्था नहुनु र स्रोतकेन्द्र पनि खारेज हुनुले शैक्षिक गतिविधि तथा एकरुपता ल्याउनका साथै पुनर्ताजगी तालिम तथा शैक्षिक तालिमका कार्यक्रम सञ्चालनमा आउन सकेका छैनन् । प्रदेशमा रहेको सामाजिक विकास मन्त्रालय अन्तर्गतका शिक्षा विकास निर्देशनालय र शिक्षा विकास तथा समन्वय इकाई रहेका छन् ।

संघमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ भने स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षाको काम नगरपालिकाको शिक्षा शाखा नगर शिक्षा समिति मार्फत सहजीकरण हुने गरेको छ । नगरभित्र सञ्चालित सामुदायिक तथा निजी विद्यालयमा संचालन भइरहेका प्राविधिक धार तथा साधारण धारका साथै प्राविधिक तथा व्यवसायिक तालिम परिषद् बाट सम्बन्धन प्राप्त कार्यक्रमहरुलाई व्यवस्थित गर्न नीतिगत कठिनाइका बाबजुत पनि सहजीकरण र समन्वयात्मक काम स्थानीय सरकारबाट हुँदै आएको छ ।

देश सङ्घीयतामा गएपनि सरकारका विभिन्न तहहरु बीच समन्वय हुन नसक्नु, कानून निर्माणमा भएको ढिलाइ जस्ता कारणले स्थानीय स्तरमा संस्थागत व्यवस्था, क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्न भिन्नभिन्न विशेषता र क्षमतालाई सम्बोधन हुन आवश्यक देखिन्छ ।

## ५.१.३ उद्देश्य

यस योजनामा संस्थागत संरचना र क्षमता विकाससम्बन्धी समग्र उद्देश्य स्थानीय संरचना बमोजिम सबै वडाहरु सञ्चालित सामुदायिक, संस्थागत तथा CTEVT बाट सञ्चालित शैक्षिक संस्था सिकाइ केन्द्र तथा बालक्लबहरुमा शिक्षाको शासकीय प्रबन्ध लाई थप सुदृढ गर्दै नतिजामुखी व्यवस्थापन गर्न रहेको छ । यसका उद्देश्यहरु निम्न अनुसार रहेका छन् ।

- नगरक्षेत्रमा सञ्चालित शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको अनुगमन, मूल्याङ्कन गर्दै सहकार्य,सहअस्तित्व, समन्वय र सहकार्यको माध्यमद्वारा स्थानीयस्तरको शैक्षिक संयन्त्र निर्माण गरी संस्थागत विकास गर्ने ।
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अनुसन्धानात्मक कार्य र विद्यार्थीहरूको सिकाइ उपलब्धिका आधारमा सुधार गर्नुपर्ने पक्षको पहिचान गरी गुणस्तर सम्वोधन गर्ने संरचना तथा जनशक्ति तयार गर्ने ।
- शिक्षामा सुशासन कायम गर्न उत्तरदायीपूर्ण कार्य सम्पादन, जवाफदेही नतिजाका साथै शिक्षामा पहुँच, समता तथा समावेशीतालाई प्रोत्साहन गर्ने ।

- नगरभित्रका विद्यालय तथा शिक्षासँग सम्बद्द क्षेत्रमा काम गर्ने शिक्षक, प्रधानाध्यापक, कर्मचारीहरु र संस्थाहरुको क्षमता विकास गर्ने ।

## ५.१.४ रणनीतिहरु

- सङ्घ तथा प्रदेशको ऐन तथा नियमवाली भित्र रहि स्थानीय तहको शिक्षा ऐन तथा नियमवली बनाई कानुनि प्रबन्धको व्यवस्था गर्ने ।
- नगर शिक्षा समितिलाई प्रभावपूर्ण बनाउने
- स्थानीय स्तरको शिक्षा समितिलाई शिक्षा समन्वय तथा विकास इकाइका तथा शिक्षा विकास निर्देशनालयसँग समन्वयात्मक सम्बन्ध स्थापना गर्ने।
- नगरमा नगर शिक्षा तालिम केन्द्र तथा रोष्टर प्रशिक्षकको व्यवस्था गर्ने ।
- नगर शिक्षक छनोट समिति बनाइ नगर भित्रका शिक्षकहरुबाट विज्ञ सूची तयार गर्ने ।
- समुदायमा साक्षरता अभिवृद्धि गर्न प्रौढ शिक्षा ,अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका लागि वार्ड स्तरमा आवश्यक संयन्त्र निर्माण गर्ने ।
- आधारभूत तह अन्तर्गत कक्षा ३, कक्षा ५ र कक्षा ८ मा पालिका स्तरको परीक्षा लागि नगरपालिका स्तरीय परीक्षा बोर्डको अवधारणा विकास गरी कार्यान्वयन गर्ने ।
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता अभिवृद्धि गर्ने ।
- नगरभित्रका शैक्षिक संस्था तथा त्यससँग सम्बन्धित कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने ।
- स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना तथा संचालन गर्ने ।

## ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

### (क ) उपलब्धि

- नगरभित्र सञ्चालित शैक्षिक संस्थाहरुमा सुशासनको प्रवर्द्धन हुने र बालबालिकाहरूको सिकाइप्रति रुचि बढ्ने ।

### (ख) प्रमुख नतिजाहरु

- नगरशिक्षा को शासकीय तथा व्यवस्थापकीय कार्यको लागि आवश्यक पर्ने दक्ष जनशक्ति तथा संरचना तयार हुने ।
- नगरभित्रका सबै वार्डहरुमा शिक्षाको विकासका लागि आवश्यक योजना तथा योजना कार्यान्वयन संयन्त्र तयार हुने ।
- शिक्षाको शासकीय तथा व्यवस्थापकीय क्षेत्रमा काम गर्ने जनशक्तिको क्षमता विकास गर्ने पद्धतिको विकास भई क्षमता अभिवृद्धि हुने ।

धनकुटा न.पा. शिक्षा योजना

- नगरभित्र शिक्षा प्रवाह गर्ने संस्थाहरुमा आवद्ध हुने सबैको आ  आफ्नो दायित्व, जिम्मेवारी, अधिकारपत्रको बारेमा स्पष्ट हुने ।

## ५.१.६ प्रमुख क्रियाकलापहरु र लक्ष्यहरु

| **क्र.सं.** | **प्रमुख क्रियाकलापहरु** | **इकाइ** | **भौतिक लक्ष्य (पहिलो ५ वर्ष)** | | | | | | **भौतिक लक्ष्य (१० वर्ष)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | सबै विद्यालयमा गुनासो सुन्ने अधिकारी र गुनासो पेटिकाको ब्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | सबै विद्यालयहरूमा सूचना अधिकारीको व्यवस्था | जना | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | सामाजिक परीक्षण | पटक | २ | २ | २ | २ | २ | १० | १० | |
| ४ | वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | प्रधानाध्यापक सँग कार्य सम्पादन करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | सबै प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापनमा संलग्न जनशक्तिलाई व्यवस्थापकीय तालिम | पटक | १ | | १ | | १ | ३ | ३ | |
| ७ | सबै विद्यालयहरूले सम्पादन गरेका कार्यलाई मासिकरुपमा सार्वजनिक कार्यक्रम | पटक | १० | १० | १० | १० | १० | ५० | ५० | |

धनकुटा न.पा. शिक्षा योजना

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | लेखा व्यवस्थापनमा विद्युतीय प्रणालीको विस्तार | विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ | १९५ | १९५ | |
| ९ | विद्यालय सँग सरोकार राख्ने पदाधिकारीहरूको आचार संहितामा परिमार्जन र कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १० | सबै विद्यालयहरूमा आमा समूह गठन गरी विद्यालयको नियमित अनुगमन | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| ११ | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनको लागि पूर्व विद्यार्थी समाज गठन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १२ | वार्षिक विद्यालय कार्य सम्पादन परीक्षण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १३ | सार्वजनिक विद्यालयको जग्गा जमिनलाई दिगो उपयोग गर्ने कार्यविधि निर्माण | पटक | | | १ | | १ | २ | २ | |

धनकुटा न. पा. शिक्षा योजना

# परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी समृद्ध राष्ट्र निर्माण गर्नमा शिक्षाको अहम भूमिका हुन्छ। भविष्यका लागि गुणस्तरीय मानव संशाधनको विकास गर्न शिक्षामा लगानी गर्नु आवश्यक छ। शिक्षामा गरीने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ। राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरीएको छ। शिक्षामा गरीने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दिगो विकासको लक्ष्यको लागि कार्य गर्नु पर्दछ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ।

शनकुटा न.पा. शिक्षा योजना

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हो । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको  योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरु उल्लेख गरीएको छ । पहिचान गरीएका चुनौतीहरुको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरु प्रस्तुत गरी स्रोतको आँकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरीएको छ ।

## ६.२ वर्तमान अवस्था

नगरपालिकाको कूल वजेट मध्ये धैरै कमको वजेट  शिक्षामा विनियोजन गरेको छ ।  शैक्षिक क्षेत्रमा गरिएको लगानीले समग्र नगरको शैक्षिक गतिविधिमा थप उर्जा प्रदान गर्ने निश्चत छ । तर शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रुपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरुमा सिमित देखिन्छन् । सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ । नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय वजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्लेख गरीएको छ । भावि दिनमा शिक्षा क्षेत्रको वजेट वृद्धिमा राज्य र सरकारको ध्यान जानु अनिवार्य रहेको छ ।

### शिक्षामा राज्यको लगानीको अवस्था

नेपालमा वि.सं. २०४९/५० मा शिक्षामा राज्यको लगानी कूल राष्ट्रिय वजेटको करिब ८.५ प्रतिशत मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन् १९९० को दशक) सँगै आ.व. २०६७/६८ मा आइपुग्दा यो प्रतिशत १७.१ पुगेको थियो । कूल ग्राह्स्थ उत्पादनसँग शिक्षा क्षेत्रको वजेट तुलना गर्दा वि.सं. २०५५ देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कूल गार्हस्थ वजेटको औसत ३.७ प्रतिशत रहेको थियो । विगत एक दशक अवधिमा सरकारबाट कूल राष्ट्रिय वजेटको औषत १३.२ प्रतिशत वजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ । नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको पनि महत्वपूर्ण अंश रहेको छ । विगत ५ वर्षको शिक्षा क्षेत्रको वजेटको औषत १०.६८ प्रतिशत वैदेशिक सहायताको रहेको छ । विगत ५ वर्षको शिक्षा क्षेत्रको वजेट देहाय अनुसार रहेको छ।

| आ.व | शिक्षा बजेट | बैदेशिक सहायता रकम | बैदेशिक सहायता प्रतिशत | वार्षिक बजेट वृद्धि प्रतिशत | शिक्षा बजेटमा गार्हस्थ उत्पादनको प्रतिशत | कूल संघीय बजेटमा शिक्षा बजेटको अंश | शिक्षा बजेटमा गार्हस्थ उत्पादनको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| २०७३/७४ | ११,६३६ | १०३४ | ८.८८ | १७.९६ | ४.१ | ११.१ | ४.१ |
| २०७४/७५ | १२,६६४ | १०९६ | ८.६५ | ८.८४ | ४.२ | ९.९ | ४.२ |
| २०७५/७६ | १३,४५१ | १२८७ | ९.५७ | ६.२१ | ४.१ | १०.२ | ४.१ |
| २०७६/७७ | १६,३७६ | १७४६ | १०.६६ | २१.७४ | ४.४ | १०.६ | ४.४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०७७/७८ | १७,१७१ | २४५१ | १४.२८ | ४.८६ | ४.३ | ११.७ | ४.४ |

स्रोतः अर्थ मन्त्रालय (सम्बन्धित आ.व. को वजेट पुस्तिका)

माथिको तालिका अनुसार कूल वजेट वार्षिक रुपमा वृद्धि हुँदै गएको देखिन्छ । विगत ५ वर्षमा औसत ११.९ प्रतिशतका दरले शिक्षाको वजेट वृद्धि भएको देखिन्छ तापनि वार्षिक मूल्य वृद्धि दरसँग तुलना गर्ने हो भने औषत वास्तविक वजेट वृद्धि दर ५ प्रतिशतको हाराहारीमा मात्र देखिन्छ । कूल राष्ट्रिय वजेटमा शिक्षा क्षेत्रको ५ वर्षको वजेटको अंश ९.९ प्रतिशतदेखि ११.७ प्रतिशतसम्म रहेको देखिन्छ । आ.व. २०६७/६८ भने यो प्रतिशत १७.१ पुगेको थियो ।

### शिक्षामा निजी लगानी

नेपालमा निजी क्षेत्रबाट सञ्चालित संस्थागत विद्यालयमा पढ्ने विद्यार्थी सङ्ख्याको २५ प्रतिशतभन्दा बढी रहेको छ । प्रारम्भिक बालविकास शिक्षामा ५० प्रतिशत भन्दा बढी बालबालिका निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थामा सरकारी लगानी प्रत्यक्ष रुपमा नभए पनि प्रशासनिक र व्यवस्थापकीय कार्यमा सहयोग तथा सहजीकरण र नियमनका पक्षमा सरकारको भूमिका रहेको छ । यहाँ प्रति विद्यार्थी सार्वजनिक खर्च विभिन्न तहका सरकारले सम्बन्धित तहले शिक्षामा गरेको खर्चका आधारमा निकालिएको छ भने प्रति विद्यार्थी निजी लगानीले सामुदायिक विद्यालयमा अभिभावकले गर्ने विभिन्न प्रत्यक्ष तथा अप्रत्यक्ष खर्च र निजी विद्यालयमा पढाउने अभिभावकले तिरेको शुल्क लगायत सबै खर्चहरु समावेश छन् ।

| शिक्षाको तह | प्रति विद्यार्थी लगानी रु. | | कैफियत |
|---|---|---|---|
| | सार्वजनिक | निजी | |
| बालविकास शिक्षा | ३६०२ | १७,३३६ | |
| प्राथमिक तह (१-५) | ११,५३६ | २०,२५४ | |
| आधारभूत तह (६-८) | ११,२५१ | १९,९८४ | |
| माध्यमिक तह (९-१०) | १०,६८१ | ३१,६९६ | |
| माध्यमिक तह (११-१२) | १६,५५६ | ३५,७५२ | |

स्रोतः NCE Nepal (Cited from UNESCO/ILEP and MOE, 2018)

## ६.३ अवसर र चुनौति

उल्लिखित जानकारी तथा विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरु पहिचान गरीएको छः

१. शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रुपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगानी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्ने ।

२. संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तह विचको शिक्षाको लगानी मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तिनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने ।

३. संवैधानिक मार्गदर्शन तथा नीति अनुरुप निजी क्षेत्रबाट शिक्षामा गरीने लगानीको व्यवस्थापन र स्वरुप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रुपम विकास गर्ने ।

४. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिबद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने ।

५. वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसको दिगोपना सुनिश्चित गर्ने ।

६. आधुनिक प्रविधि विशेष गरी सूचना तथा सञ्चार प्रविधि मैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने ।

७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरुः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्ने ।

८. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्ने ।

९. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रुपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरुको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने ।

१०. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने ।

११. वित्तीय व्यवस्थापन कार्यकुशल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने

१२. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्ने ।

## ६.४ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरु देहाय अनुसार रहेको छन् ः

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।

२. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरीएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत वजेट निर्धारण गर्नु ।

४. खर्चको प्रक्रिया, तिनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ।

५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्टा गर्नु ।

धनकुटा न.पा. शिक्षा योजना

## ६.५ रणनीतिहरु

योजनाको वित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरु देहाय बमोजिम हुनेछन् ः

१. विद्यालय शिक्षाको लागि कानूनमा तोकिए अनुसारको आर्थिक दायित्व तिनै तहका सरकारहरु विचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आ आफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरीने ।

२. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने ।

३. सरकारबाट प्रदान गरीने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ ।

४. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कूल वजेटको वार्षिक रुपमा २० प्रतिशत पु¥याइनेछ ।

५. नेपालको वैदेशिक सहायता नीति अनुरुप शिक्षाको वजेटमा हुने न्यूनता पूरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरीनेछ ।

६. उपागमको अवधारणा अनुसार कार्यक्रम खर्च तथा सेवामूलक व्यवसायका रुपमा विकास गरीनेछ ।

७. सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रुपमा विकास गरीनेछ ।

८. मापदण्डका आधारमा शिक्षामा नीजि तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरीनेछ । भने निजी क्षेत्रले सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रुपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरीनेछ ।

९. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, शसर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरीनेछ ।

१०. मापण्डमा आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरीनेछ ।

११. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइने छ ।

## ६.६ स्रोतको अनुमान र विश्लेषण

सामान्यतया स्रोतको अनुमान र विश्लेषण गर्दा अपेक्षा र नीतिका आधार तथा स्रोत उपलब्धताको अनुमान जस्ता दुई मूलभूत प्रक्रिया विचमा सामान्जस्य गर्ने प्रयास हुन्छ । नागरिक अपेक्षा, राष्ट्रिय प्रतिबद्धता, संवैधानिक प्रत्याभूति, शिक्षाका राष्ट्रिय नीति तथा कार्यक्रमलाई उचित रुपमा सम्बोधन गर्न कति छ त्यो पनि सँगसँगै विश्लेषण गरीन्छ । सामान्यतया राष्ट्रिय सामर्थय के कति छ त्यो पनि सँगसँगै विश्लेषण गरीन्छ । यस प्रकार आवश्यकता र सामर्थयको विचमा सामाञ्जस्य कायम गरी योजनाका कार्यक्रमहरु र तिनको प्राथमिकता निर्धारण गरीन्छ ।

## ६.७ प्रस्तावित कार्यक्रम तथा वजेट अनुमान

नगरपालिकाले विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रमअनुसार १० वर्षका लागि तयार गरेको शिक्षा योजनाको (२०७८–२०८७) वजेट अनुमान गरीएको छ । वजेट अनुमान गर्दा सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता सहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम् सक्षमताका मापदण्ड पूरा गरी गुणस्तरीय सेवा सुनिश्चित गर्न लगानी बढाइएको छ । बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालयका सहयोगी कर्मचारीलाई दिँदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिने, सामुदायिक विद्यालय सुधार कार्यक्रम अभियानलाई सञ्चालन गरीने छ। माध्यमिक शिक्षालाई निःशुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना वृद्धि तथा टिकाउ दर बढाउन र व्यावसायिक सिप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न आवश्यक पर्ने वजेट समावेश गरीएको छ। आधारभूत तहमा ५ वर्षमा सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम् सक्षमताका मापदण्ड पूरा गर्ने भने माध्यमिक तहमा १० वर्ष भित्र सबै विद्यालयमा यो मापदण्ड पुरा गर्ने गरी वजेट प्रस्ताव गरीएको छ। विद्यालयको भौतिक अवस्था सुधार र गुणस्तर सुधारका लागि शिक्षक विकासमा पनि लगानी उल्लेख्य रहेको छ । पाठ्यक्रमको सान्दर्भिकता बढाउने, पाठ्पुस्तक सुधार गर्ने, शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने, आधारभूत तहसम्म दिवा खाजाको प्रबन्ध गर्ने, समता र समावेशितामा सुधार गर्न अपाङ्गता भएका, आर्थिक रुपमा विपन्न तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरुमध्ये केहीलाई आवासीय प्रबन्ध सहित शिक्षा प्रदान गर्ने र अन्यलाई छात्रवृत्तिका लागि पनि उल्लेख्य वजेट प्रस्तावित गरीएको छ।

यसका साथै देहाय बमोजिमका कार्यहरुलाई पनि निरन्तरता दिइनेछ ः

१. विद्यार्थी भर्ना अभियानलाई थप प्रभावकारी ढङ्गबाट सञ्चालन गरी विद्यार्थीको कक्षा छाड्ने दरलाई न्यूनीकरण गर्ने तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आधारभूत तहबाट नै सुधारका प्रयासहरु थप गरीने छ।

२. "धनकुटा नगरपालिकाको इच्छा, गुणस्तरीय र सिपमूलक शिक्षा" भन्ने नारा सहित प्राविधिक, व्यावसायिक र सिपमूलक शिक्षालाई प्राथमिकता दिँदै प्राविधिक शिक्षण संस्थालाई सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

३. नगर भित्रको सामुदायिक विद्यालयहरु मध्ये एस.ई.ई परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई पुरस्कार प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।

४. सबै विद्यालयहरुमा कक्षा सञ्चालन परीक्षा सञ्चालन विदाहरुमा एकरुपता ल्याउनको लागि वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरीनेछ।

५. शैक्षिक सुधारका लागि सबै विद्यालयका प्र.अ.हरुको नियमित बैठकलाई निरन्तरता दिँदै विद्यालय अनुगमन तथा सुपरिवेक्षणमा जोड दिइनेछ।

६. विद्यार्थीहरुमा रहेका प्रतिभालाई उजागर गर्न सहयोग पु¥याउने उद्देश्यले शैक्षिक मेला मार्फत हाजिरी जवाफ साँस्कृतिक कार्यक्रम, पठन प्रतियोगिता आदि सञ्चालन गरीने छ।

### विद्यालय क्षेत्र अन्तर्गत विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट

| क्र.स. | शिर्षक वा क्षेत्र | अनुमानित | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०७७/७८ | बजेट स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|

| | वा क्रियाकलाप | कुल आवश्यक बजेट | | | | | | देखि २०८१/८२ | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागिता | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | 120000000 | 12000000 | 12000000 | 12000000 | 12000000 | 12000000 | 60000000 | | | | | | |
| २ | आधारभुत शिक्षा | 130000000 | 13000000 | 13000000 | 13000000 | 13000000 | 13000000 | 65000000 | | | | | | |
| ३ | माध्यमिक शिक्षा | 140000000 | 14000000 | 14000000 | 14000000 | 14000000 | 14000000 | 70000000 | | | | | | |
| ४ | पाठ्यक्रम तथा मूल्यांकन | 90000000 | 9000000 | 9000000 | 9000000 | 9000000 | 9000000 | 45000000 | | | | | | |
| ५ | शिक्षक ब्यवस्थापन तथा विकास | 110000000 | 11000000 | 11000000 | 11000000 | 11000000 | 11000000 | 55000000 | | | | | | |
| ६ | अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ | 70000000 | 7000000 | 7000000 | 7000000 | 7000000 | 7000000 | 35000000 | | | | | | |
| ७ | शिक्षासमावेशि तथा समता | 75000000 | 7500000 | 7500000 | 7500000 | 7500000 | 7500000 | 37500000 | | | | | | |

धनकुटा न.पा. शिक्षा योजना

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रम | 100000000 | 10000000 | 10000000 | 10000000 | 10000000 | 10000000 | 50000000 | | | | | | |
| ९ | छात्रवृति | 50000000 | 5000000 | 5000000 | 5000000 | 5000000 | 5000000 | 25000000 | | | | | | |
| १० | आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा | 90000000 | 9000000 | 9000000 | 9000000 | 9000000 | 9000000 | 45000000 | | | | | | |
| ११ | विद्यालयको भौतिक पुर्वधार विकास | 160000000 | 16000000 | 16000000 | 16000000 | 16000000 | 16000000 | 80000000 | | | | | | |
| १२ | सुचना र प्रविधि | 56000000 | 5600000 | 5600000 | 5600000 | 5600000 | 5600000 | 28000000 | | | | | | |
| १३ | विद्यालय सुशासन तथा ब्यवस्थापन | 30000000 | 3000000 | 3000000 | 3000000 | 3000000 | 3000000 | 15000000 | | | | | | |

धनकुटा न.पा. शिक्षा योजना

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | कार्यान्वयन अनुगमन तथा मुल्यांकन समन्वय तथा सहजीकरण | 40000000 | 4000000 | 4000000 | 4000000 | 4000000 | 4000000 | 20000000 | | | | | | |
| | कुल बजेट रु. | 1261000000 | 126100000 | 126100000 | 126100000 | 126100000 | 126100000 | 630500000 | | | | | | |

# परिच्छेद ७ : कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समन्वय तथा सहजीकरण

## ७.१ परिचय

स्थानीय स्तरमा सञ्चालित शैक्षिक कार्यक्रमहरुमा स्रोत र साधनहरूको विनियोजन र वितरण के कसरी भइरहेको छ ? शैक्षिक क्रियाकलापहरु निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भइ लक्षित उपलब्धि हासिल गर्न सफल भएका छन् वा छैन भन्ने सुनिश्चितताको लागि एउटा सयन्त्र निर्माण गरी कार्यकम कार्यन्वयनको लक्ष तथा प्रगतिका बारेमा समयतालिका अनुसार निरिक्षण,पर्यबेक्षण,निगरानी,पूर्ननिरीक्षण, रेखदेख,जाँचबुझ भौतिक रुपमा वा अन्य कुनै साधनको प्रयोग गरी गर्ने गराउने काम अनुगमन हो। यसले कार्यक्रमको प्रगति तथा वर्तमान अवस्थाको जानकारी गराउँछ। यसरी नै मूल्यांकनले शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता,उपयुक्तता, सान्दर्भिकताको, लेखाजोखा तथा जाँचबुझ गरी उक्त

धनकुटा न. पा. शिक्षा योजना

कार्यक्रमहरूको प्रतिफल तथा प्रभावको बारेमा जानकारी प्राप्त गरीन्छ। अनुगमन कार्यक्रम कार्यन्वयनको चरणमा गरीन्छ भने मुल्यांकन सम्बन्धी कार्यक्रमहरूको कार्यक्रम सञ्चालनका चरणहरु साथसाथै कार्यसपन्न भएपछि पनि गरीन्छ। स्थानीय स्तरमा संचालन भएको शैक्षिक कार्यक्रमहरुमा भएको लगानीलाई जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायी पूर्ण बनाउनको लागि अनुगमन तथा मूल्यांकन अनिवार्य छ।

यसमा धनकुटा नगरपालिकाको दशवर्षे शैक्षिक योजनाहरूको निर्माण तथा कार्यान्वयनका क्रममा आवश्यक ऐन तथा नियमावलीका आधारमा अनूगमन तथा मूल्यांकनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू,उद्देश्य रणनीति एवं यस शिक्षा क्षेत्रको योजनामा स्थानीय स्तरमा अनुगमन तथा मुल्यांकन प्रणालीको विकासका लागि नगरपालिका भित्रका सवै वडाहरुमा संचालित सामुदायिक विद्यालय,संस्थागत तथा निजी विद्यालयहरु, बालविकास तथा सिकाइ केन्द्रहरुमा संचालित सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन,ढाँचा,साधन,विषय र प्रतिवेदन प्रस्तुत गरीएको छ।

## ७.२ वर्तमान अवस्था

अनुभव तथा मूल्यांकनलाई योजनाको अभिन्न अंगका रुपमा लिदै हाल विद्यमान अवस्थामा रहेको नगर शिक्षा संयन्त्रलाई आवश्यकता अनुसार चुस्त र दुरुस्त बनाउँदै आवश्यक मानवीय तथा भौतिक व्यवस्थापनमा जोड दिंदै नगर प्रमुखको अध्यक्षतामा रहेको नगर शिक्षा समितिबाट आवश्यक रूपमा बैठक बसी कार्य प्रगति समीक्षा हुने गर्दछ । यसरी नगरपालिकाका शिक्षा शाखाबाट पनि शैक्षिक गतिविधि तथा नगरभित्र रहेका समुदायक,निजी, संस्थागत विद्यालयहरूको अनुगमन र मूल्यांकन भइरहेको छ। अनुगमन तथा मूल्यांकनका लागि विद्यालय क्षेत्र विकास योजना,चालु आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रमलाई आधार लिई सो को विवरण आवश्यकताका आधारमा शिक्षा विकास तथा समन्वय इकाई,शिक्षा विकास निर्देशालय ,सामाजिक विकास मन्त्रालय,शिक्षा तथा मानव श्रोत विकासकेन्द्र तथा शिक्षा विज्ञान तथा प्राविधिक मन्त्रालयमा पुर्याउने प्रबन्धमा गरीएको छ। शिक्षाको वार्षिक कार्यक्रम स्थानीय नगर शिक्षा ऐनमा व्यवस्था भएर अनुरूप नगर शिक्षा समितिबाट निर्णय गराई कार्यपालिकाले तयार गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुरूप हुने प्रवन्ध गरीएको छ। शैक्षिक व्यवस्थामा सूचना प्रणाली(IEMIS) मार्फत विद्यालय,विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा अन्य पूर्वाधार सम्बन्धी सूचनालिइ विद्यार्थीहरूको शैक्षिक उपलब्धिहरु, शिक्षक तथा विद्यार्थीहरूको सामाजिक तथा भाषिक पृष्ठभूमि तयार गर्दै नगरको शैक्षिक पाश्वचित्र निर्माणको थालनी भएको छ । हाल आएर स्रोतकेन्द्र र स्रोत व्यक्ति नभएको अवस्था र नगरशिक्षा योजनामा आवश्यक मानवस्रोत व्यवस्थापन हुन नसकेकोले योजनामा अनुगमन तथा मुल्यांकन कार्यमा केही राम्रा अवसरहरुका साथमा चुनौतीहरु रहेका छन्।

शैक्षिक कार्यक्रमहरुमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यान्वयन प्रक्रियामा त्रुटिहरु छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरु निर्धारित कार्य तालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्ति तर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रुपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण्, पर्यवेक्षण एवम् जाँबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ । शैक्षिक कार्यक्रमहरुको सान्दर्भिकत, उपयुक्तता, दक्षता प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरीन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरीन्छ।

धनकुटा न.पा. शिक्षा योजना

## ७.३ चुनौति र अवसर

उल्लिखित विश्लेषणका आधारमा प्रमुख यस योजनामा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित चुनौतीहरु पहिचान गरीएको छ।

### (क) चुनौतीहरु

- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको विकास, स्थानीय एवम् राष्ट्रिय रुपमा उपयोगी मापनयोग्य सूचकहरुको निर्धारण, मापनयोग्य सूचकको निमार्ण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्नु।
- अनुगमनलाई मागमा आधारित बनाउनु, अनुगमनमा नियमितता र एकरुपता कायम गर्नु,अनुगमन कार्यमा दोहोरोपना हटाउनु, अनुगमनलाई योजनाबद्ध गर्नु, पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु,
- अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास,
- संघीयता कार्यान्वनका क्रममा भएको संरचनागत परिवर्तन पश्चात् विद्यालय निरीक्षण सुपरिवेक्षणको काम पुनर्संगठन गर्नु,
- अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु,
- सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता गर्नु, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।
- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय तथा वडा स्तरमा उपयोगी हुने मापनयोग्य सूचकहरूको निर्धारण, निर्माण तथा सो संग सम्बन्धित दक्षता र सीप भएका जनशक्ति तयार गर्नु।
- अनुगमन कार्यलाई नियमित, एकरुपता दिन र पर्याप्त स्रोत साधनको प्रबन्ध गर्नु।
- अनुगमन तथा मूल्यांकनबाट प्राप्त जानकारीहरूको प्रतिवेदन तयार गरी पृष्ठभूमि प्रदान गर्न आवश्यक जनशक्ति अभाव।
- अनुगमन तथा मूल्याङ्कनका लागि सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।
- अनुगमन तथा मूल्याङ्कनलाई निष्पक्ष,नियमित, भरपर्दो र विश्वसनीय बनाउन।

### (ख) अवसर

- पालिकाबाट नजिकको शिक्षा विकास समन्वय एकाइ तथा शिक्षा विकास निर्देशनालय भएकाले आवश्यकता अनुसारको जनशक्तिलाई अनुरोध गरी अनुगमन तथा मूल्यांकन गर्न सकिने।
- पालिक भित्र रहेका विद्यालयबाट योग्य तथा दक्ष शिक्षकहरूको सहयोगमा कार्यक्रम गर्न सकिने।

धनकुटा न.पा. शिक्षा योजना

- जनप्रतिनिधिहरु शिक्षा र शैक्षिक कार्यका लागि सकारात्मक हुनु ।
- पालिकाबाट वार्ड स्तरीय कार्यक्रम बनाइ सहजै अनुगमन तथा मूल्यांकन गर्न सकिने ।
- प्रविधिहरूको विकास हुँदै जानु ।
- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय तथा वडा स्तरमा उपयोगी हुने मापनयोग्य सूचकहरूको निर्धारण, निर्माण तथा सो संग सम्बन्धित दक्षता र सीप भएका जनशक्ति तयार गर्नु ।
- अनुगमन कार्यलाई नियमित, एकरुपता दिन र पर्याप्त स्रोत साधनको प्रबन्ध गर्नु ।
- अनुगमन तथा मूल्यांकनबाट प्राप्त जानकारीहरूको प्रतिवेदन तयार गरी पृष्ठभूमि प्रदान गर्न आवश्यक जनशक्ति अभाव ।
- अनुगमन तथा मूल्याङ्कनका लागि सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु ।
- अनुगमन तथा मूल्याङ्कनलाई निष्पक्ष,नियमित, भरपर्दो र विश्वसनीय बनाउन ।

## ७.४ उद्देश्य

- विश्वसनीय एवं प्रभावकारी अनुगमन प्रणालीको विकास गर्नु ।
- नतिजामा आधारित अनुगमन र मूल्यांकन प्रणाली विकास गर्नु ।
- कार्यक्रम कार्यान्वयनका क्रममा आएका समस्याहरुलाई समयमै पहिचान गरी आवश्यक पृष्ठपोषणका साथ अपेक्षित उपलब्धि प्राप्त गर्नु ।
- आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग प्रदान गर्नु ।
- शैक्षिक कार्यक्रमहरुको स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु ।
- अनुगमन तथा मूल्याङ्कनलाई नतिजामुखी बनाउनु ।
- नयाँ योजना तथा कार्यान्वयन कार्यक्रम तय गर्न सिकाइ प्रणाली विकास गर्नु ।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।
- योजनाको लगानीदेखि प्रभव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु ।

## ७.५ रणनीतिहरु

- प्रविधिको प्रयोग गरी अनुगमन तथा आम मूल्यांकनलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाइने छ ।
- एकीकृत शैक्षिक अनुगमन तथा मुल्यांकन प्रणाली उपयोग गरीनेछ ।
- स्थानीय आवश्यकता अनुसार सूचकहरु तयार गरी तिनिहरुलाई सूचना प्रणालीमा समावेश गरीनेछ ।

धनकुटा न.पा. शिक्षा योजना

- नगरभित्रका विद्यालयहरुलाई प्राविधिक सञ्जालभित्र  जोडेर Online अनुगमन तथा मूल्यांकनको शुरुवात गरीनेछ ।
- वार्षिक बजेटको  निश्चित  हिस्सा शिक्षा क्षेत्रको अनुगमन तथा मुल्यांकनलाई  छुट्याई नियमित तथा नतिजामूलक बनाउने प्रणालीको विकास गरीनेछ ।
- प्रत्येक  शैक्षिक सत्रमा  सञ्चालित शैक्षिक योजना,कार्यक्रम तथा परियोजनाहरुको नियमित , आवधिक ,मध्यावधिक तथा अन्तिम मुल्यांकन प्रणाली स्थापित गरीनेछ ।
- अनुगमन तथा मुल्यांकनलाइ  प्रतिवेदनमा आधारित बनाई पुरस्कार र दण्ड गर्ने प्रणाली विकास गरीनेछ ।
- संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारविच समन्वयात्मक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको व्यवस्था लागु गरी शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरीने छ ।
- नगरका प्रमुख ज्यूको संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन  समिति गठन गरीने छ ।
- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सुचक सहित कार्यान्वयन गरीने छ ।
- वर्षको कम्तीमा २ पटक जननिर्वाचित पदाधिकारी बाट विद्यालयको अनुगमन गरीने छ भने युवा तथा खेलकुद शाखाबाट नियमित रुपमा अनुगमन गरीने छ ।
- विद्यालय तहमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी कार्यान्वयन गरीने छ ।
- नगर शिक्षा योजनाको कार्यान्वयनको प्रभावकारिता अध्ययन तथा प्रतिवेदन प्रकाशित गरीने छ  । यसका लागि नगर स्तरमा विज्ञहरुको अध्ययन टोली गठन गरी परिचालन गरीने छ ।

## ७.६ उपलब्धि ,नतिजा

**(क) उपलब्धि (Out comes)**

- योजना कार्यान्वयनका क्रममा आएका समस्या तथा चुनौतीलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने ।
- आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने ।

**(ख) नतिजाहरु (key results)**

- नतिजामा आधारित अनुगमन प्रणाली हुने ।
- अनुगमनका आधारमा नतिजा सुधार हुने ।
- अनुगमन तथा  मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमता विकास हुने ।
- विद्यार्थी उपलब्धि परिक्षण तथा विद्यालय कार्यसम्पादन परिक्षणलाई थप  व्यवस्थित र  नियमित भई त्यसका नतिजाका आधारमा सुधार गर्ने परिपाटी विकास हुने ।

## ७.७ समन्वय र सहजीकरणः

नगरपालिकाको शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, नगर शिक्षा फोकल पर्सन, नगर कार्यपालिका, नगर शिक्षा समिति तथा आवश्यक विभिन्न उपसमितिहरु गठन गरी नीति तथा योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको संयन्त्र तयार गरीने छ ।  यसका साथै नगरपालिका अन्तर्गतका विद्यालयहरुमा नगरपालिकाको तर्फबाट नियमित अनुगमन तथा निरीक्षण प्रणाली स्थापना गरीने छ । नगर शिक्षा योजनाको कार्यान्वयनका लागि तथा विद्यालयका आवश्यकता र समस्या पहिचान, तिनिहरुको प्राथमिकीकरण, विद्यालयको कार्यसम्पादन, अनुगमन तथा मूल्याङ्कन र परीक्षण, विभिन्न बाह्य परीक्षण सञ्चालन, विभिन्न तालिम, कार्यशाला सञ्चालन लगायतका कामका लागि नगरपालिकाको शिक्षा शाखा, नगर शिक्षा समितिका पदाधिकारीहरु जिम्मेवार हुनेछन् ।

विद्यालयको आन्तरिक स्रोत पहिचान र परिचालन, विद्यालयका आवश्यकता र प्राथमिकता निर्धारण, शिक्षकहरुलाई कक्षाकोठामै सहयोग पु¥याउने पद्धति विकास गर्न संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा क्रियाकलाप सञ्चालन गरीनेछ । नगरपालिकाले शिक्षा सहजकर्ताको व्यवस्था मिलाउनेछ । शिक्षा सहजकर्ताहरु विद्यालयमा आवश्यक कुनै पनि क्षमता विकासका क्रियाकलाप सञ्चालन तथा संयोजन गर्नेछन् । नगरपालिका अन्तर्गतका विद्यालयहरुमा नगरपालिकाको तर्फबाट नियमित अनुगमन तथा निरीक्षण प्रणाली स्थापना गरीने छ । नगर शिक्षा योजनाको कार्यान्वयनका लागि तथा विद्यालयका आवश्यकता र समस्या पहिचान, तिनिहरुको प्राथमिकीकरण, विद्यालयको कार्यसम्पादन अनुगमन तथा मूल्याङ्कन र परीक्षण, विभिन्न बाह्य परीक्षण सञ्चालन, विभिन्न तालिम, कार्यशाला सञ्चालन लगायतका कामका लागि नगरपालिकाको शिक्षा शाखा, नगर शिक्षा समितिका पदाधिकारीहरु जिम्मेवार हुनेछन् ।

विद्यालयको आन्तरिक स्रोत पहिचान र परिचालन, विद्यालयका आवश्यकता र प्राथमिकता निर्धारण, शिक्षकहरुलाई कक्षाकोठामै सहयोग पुर्याउने पद्धति विकास गर्न संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा क्रियाकलाप सञ्चालन गरीने छ । नगरपालिकाले शिक्षा सहनकर्ताको व्यवस्था मिलाउनेछ । शिक्षा सहजकर्ताहरु विद्यालय आवश्यक कुनै पनि क्षमता विकासका क्रियाकलाप सञ्चालन तथा संयोजन गर्नेछन् । विद्यालयको अनुगमन तथा मूल्याङ्कन र योजना कार्यान्वयनको लागि देहाय बमोजिमका कार्यहरु गर्न सकिन्छ ः

१. शिक्षा सहजकर्ताले प्रत्येक २ महिनामा हरेक विद्यालयको अनुगमन गर्नेछन् ।

२. विद्यालयका समस्याहरु समाधानका लागि संयुक्त प्रयास गरी समस्या समाधानमा कसको के भूमिका हुने पहिचान गरी नगरपालिकामा समष्टिगत प्रतिवेदन हरेक २ महिनामा पेस गरी छलफल तथा अन्तरक्रिया गर्नेछन् ।

३. प्रत्येक तिन महिनामा नगरपालिकाले योजनाको कार्यान्वयन अवस्था, समस्या र भावी क्रियाकलापका सम्बन्धमा छलफल गर्न वि.व्य.स. अध्यक्ष, प्रअ सहितको सहभागितामा समीक्षा गर्नेछ ।

४. शिक्षा सहजकर्ताहरुले शिक्षक, प्रअ तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तथा अन्य शिक्षाका प्राविधिक कामहरु गर्नेछन् ।

## ७.८ मुख्य क्रियाकलाप र लक्ष्य

| क्रम सं | क्रियाकलाप | एकाइ | लक्ष्य पहिलो ५ वर्ष | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | एकिकृत शैक्षिक अनुगमन तथा मुल्यांकन | | १ | १ | १ | १ | १ | ५ | |
| २. | नतिजाका आधारमा अनुगमन प्रणाली लागि सूचकहरु तयार गर्ने र अद्यावधिक गर्ने | | १ | १ | १ | १ | १ | ५ | |
| ३. | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा प्रतिवेदन | | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ४. | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | | ३ | ५ | ८ | | | | |
| ५. | विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने | | - | २५% | २५% | २५% | २५% | | |
| ६. | वडा स्तरीय अनुगमन प्रणाली विकास तथा कार्यान्वयन | | १० | १० | १० | १० | १० | | |
| ७. | विद्यालय सामाजिक परीक्षण प्रभावकारी तथा नियमित | | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ८. | विद्यालयहरूको लेखापरीक्षण | | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ९ | नियमित रुपमा शिक्षा, युवा खेलकुद शाखाबाट अनुगमन | पटक | ४० | ४० | ४० | ४० | ४० | | स्थानीय तह |
| १० | संयुक्त रुपमा विद्यालय अनुगमन जन प्रतिनिधि शिक्षा शाखा | पटक | २ | २ | २ | २ | २ | | स्थानीय तह |
| ११ | नगर कार्यालयबाट नियमित विद्यालयको अनुगमन | पटक | १० | १० | १० | १० | १० | | स्थानीय तह |
| १२ | नगर शिक्षा योजनाको कार्यान्वयनको प्रभावकारीता अध्ययन | पटक | | १ | | १ | १ | | |

धनकुटा न.पा. शिक्षा योजना

द्रष्टव्य

- माथिको तालिकाको क्रम संख्या १ सँग सम्बन्धित अनुगमन तथा मूल्याङ्कनका लागि धनकुटा नगरपालिका र १० वटै वडाहरुको संयुक्त प्रयासमा अनुगमन तथा मूल्यांकन सम्बन्धी  विशिष्ट जिम्मेवारी पहिचान गरीएमा दोहोरोपन हटेर सबै पक्ष समाबेश भई प्रभावकारी अनुगमन तथा मूल्यांकन हुन सहयोग पुग्दछ।
- भौतिक संरचना, शिक्षकको पर्याप्तता तथा योग्यता, समुदायको सहभागिता, प्रविधि मैत्री वातावरण निर्माण, शिक्षक विद्यार्थीमैत्री शैक्षिक वातावरण, पाठ्यपुस्तक तथा  छात्रवृत्ति वितरण जस्ता कार्यक्रमहरूको अनुगमन गर्ने मुख्य जिम्मेवारी धनकुटा नगरपालिकाको हुने छ।
- शिक्षण सिकाइ क्रियाकलाप, विद्यार्थी मूल्याङ्कन, नेतृत्व र व्यवस्थापन, विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान लगायतका कार्यक्रम कार्यान्वयनको प्रक्रियाको मुख्य जिम्मेवारी पालिकाको हुनेछ।
- शिक्षक विद्यार्थी  नियमितता प्रतिशत, सिकाइमा प्रविधिको प्रयोग, भर्नादर, विद्यार्थी टिकाउ, कक्षा दोहोर्याउने दर र तालिमप्राप्त शिक्षक, प्राविधिक तथा नमुना विद्यालय संख्या तथा अवश्यकता लगायतका जस्ता कार्यक्रमको परिमाण अनुगमन पालिका मार्फत हुनेछ।

धनकुटा न. पा. शिक्षा योजना

# परिच्छेद ८ : योजनाको नतिजा खाका

## ८.१ परिचय

कुनै पनि कार्य सम्पन्न गर्न गरीने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तह सम्म पु¥याउन प्रतिफल दिने प्रक्रियाहरूको समिश्रण योजना हो । योजना आफैमा निर्मित हुने होइन, यसलाई निमार्ण गर्नु पर्छ त्यसैले योजना निमार्ण गर्न त्यति सहज छैन । यो एउटा जटिल र चुनौतिपूर्ण कार्य पनि हो । विगतको अनुभव , वर्तमानको कार्यशैलि र भविष्यको दृष्टिकोण नै योजना भएकोले सवै तथ्यगत वस्तुको आधारमा स्थानीय तहमा शिक्षा योजना निमार्ण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम्म पु¥याई मिठो प्रतिफल दिन आफैमा कठिन र चुनौतिपूर्ण छ । यद्दपि यो नगर शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भिरतापूर्वक अवलम्वन र अनुसरण गरीएको छः

- धनकुटा नगरपालिकाको नगर शिक्षा योजना निमार्णका लागि कार्यादिशा सहितको ५ सदस्यीय निर्माण कार्यदलको गठन भएको हो ।
- योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरीएको ।
- योजनाको खाका तयार गरी विषयवस्तु माथि छलफल भएको ।
- योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी सर्वप्रथम तथ्याङ्क फारामहरूको निर्माण गरीएको ।
- स्रोत केन्द्रमा विद्यालयका प्रधानाध्यापक, वि .स.व्य. अध्यक्ष, शि संघ .अ.अध्यक्ष र अन्य शैक्षिक सरोकारवालाहरूसंग लिखित सुझाव संकलन ।
- आवश्यक प्रश्नावली तथा तथ्याङ्क संकलन फाराम तैयार गरी स्थानीय तह र सम्बन्धित स्थानमा पुगी सरोकारवाला पक्षहरू जस्तै वडा कार्यालय, अपाङ्गताको क्षेत्र, भिन्न प्रकृतिका विद्यालयहरू, सामुदायिक सिकाइ केन्द्र, वालकल्याण गृह, धार्मिक विद्यालय, प्राविधिक विद्यालय तथा प्रतिष्ठान, जनप्रतिनिधिहरू, लक्षित वर्गहरुसँग सुझाव संकलन गरीएको ।
- आम सारोकारवाला पक्षहरू र शिक्षाप्रेमी बुद्धिजीवीहरूसँग सहयोग एवं लिखित सुझाव माग गरीएको
- धनकुटा नगरपालिकाको नगर पार्श्वचित्र २०७५, शिक्षा तयार पारिएका स्रोत सामग्री तथा प्रदेश सरकारको वस्तुस्थिती र अन्य आधार पत्रहरूको समेत अध्ययन गरीएको ।
- जिल्ला शिक्षा योजना तथा अन्य तथ्याङ्कहरूलाई आधार बनाइएको ।
- २०६८ को जनसंख्याको वृद्धिदरको आधार मानी प्रक्षेपण गरीएको ।
- तथ्याङ्क संकलन, प्रक्षेपण, विश्लेषण र प्रमाणिकरण गरीएको ।
- विभिन्न प्रकारका सुझाव, खेस्रा तयारी, टिपोट र पृष्ठपोषण, संकलन गरीएको ।

धनकुटा न.पा. शिक्षा योजना

- नगर कार्यपालिका तथा नगरसभाबाट परिमार्जित तथा अनुमोदन सहित तथ्याङ्क लिएको ।
- अध्ययन अनुसन्धान शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको , पन्ध्रौ योजना अध्ययन गरीएको
- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ को अध्ययन गरीएको ।

| क्रस | तह | सुचांक | आधार वर्ष २०७७ | लक्ष्य | | | | | २०८२ | २०८७ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | | |
| 1.1 | प्रारम्भिक बाल विकास | प्रारम्भिकबालविकास र शिक्षामा कूल भर्ना दर* (%) | १४३.१ | १४०. | १३७. | १३४. | १३०. | १२५. | १२५.० | ११०.० |
| 1.2 | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | ८६.६ | ८७. | ८८. | ८९. | ९०. | ९१. | ९१ | ९५.० |
| 1.3 | | न्यूनतम योग्यता पुरा भएका शिक्षकको प्रतिशत | ९०. | ९२. | ९४. | ९६. | ९८. | १००. | १००.० | १००.० |
| 1.4 | | आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत | ९५. | ९६. | ९७. | ९८. | ९९. | १००. | १०० .० | १००.० |
| 1.5 | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्नाभएका बालबालिका* (%) | ८४. | ८५. | ८७. | ९०. | ९१. | ९२. | ९२. | १००.० |
| 2.1 | आधारभूत तह | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९८. | ९८.५ | ९९.२ | ९९.५ | ९९.८ | १००. | १००. | १००.० |
| 2.2 | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १०८.३ | १०८. | १०७.४ | १०७. | १०६. | १०५. | १०५.० | १००.० |
| 2.3 | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९७.५ | ९५.५ | ९६. | ९६.५ | ९७. | ९७.५ | ९८.० | १००.० |
| 2.4 | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | १२४. | १२२. | १२०. | ११८. | ११४. | ११०. | ११०.० | १००.० |
| 2.5 | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर* (%) | ९६.६ | ९६.९ | ९७.२ | ९७.६ | ९८.८ | ९८. | ९८.० | १००. |
| 2.6 | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | ९८.१ | ९८.३ | ९८.७ | ९८.२ | ९८.५ | ९९. | ९९.० | १००.० |
| 2.7 | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९७.१ | ९७.३ | ९७.५ | ९७.९ | ९८. | ९८.५ | ९८.५ | १००.० |
| 2.8 | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | ११२.८ | ११०. | १०९. | १०७. | १०६. | १०५. | १०५. | १००.० |
| 2.9 | | आधारभूततह(कक्षा १-८) खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | १.०० | १.०० | १.०० | १.०० | १.०० | १.०० | १.०० | १.०० |
| 2.1 | | आधारभूततहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ८६.८ | ८७.५ | ८९. | ९०. | ९१. | ९२. | ९२.० | १००. |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 2.11 | | आधारभूततहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | N/A | ७५ | ७९ | ८५ | ९० | ९३ | ९३.० | १००. |
| 2.12 | | विद्यालयवाहिर रहेका बालबालिका* (%) कक्षा १-८ | ०.५ | ०.३ | ०.१ | ०. | ०. | ०. | ० | ० |
| 3.1 | | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | ८४.९ | ८६. | ८८. | ९०. | ९२. | ९४.५ | ९४.५ | १००.० |
| 3.2 | | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर* (%) | १२१.८ | ११९. | ११६. | ११४. | ११२. | ११०. | ११०.० | १००.० |
| 3.3 | | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर* (%) | ३२.२ | ३४. | ३६. | ३९. | ४२. | ४५. | ४५ .० | ६०.० |
| 3.4 | | माध्यमिक तह (कक्षा ११-१२) मा कूल भर्ना दर* (%) | ६९.९ | ७२ | ७३ | ७५ | ७६ | ७७.५ | ७७.५ | ८४.० |
| 3.5 | **माध्यमिक तह** | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ५८.६ | ६०. | ६३. | ६६. | ६८. | ६९.५ | ६९.५ | ८२.५ |
| 3.6 | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | ८५.४ | ८७. | ८९. | ९१ | ९२. | ९३.६ | ९३.६ | ९७.० |
| 3.7 | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने टिकाउदर (%) | ७९. | ८०. | ८१. | ८२. | ८३. | ८४. | ८५ .० | ९०.० |
| 3.8 | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने टिकाउ दर (%) | ६७.६ | ६८. | ६८.५ | ६९. | ६९.५ | ७१. | ७१.० | ८४.० |
| 3.9 | | कक्षा १-१२को खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | १.०१ | १.०१ | १.०१ | १.०१ | १.०१ | १.०१ | १.०१ | १.०१ |
| 4.1 | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | ५ वर्षमाथिको साक्षरता दर | ८१.७३ | ८२. | ८२.५ | ८३. | ८४. | ८५. | ८५ .० | ९०.० |
| 4.2 | | ५-२४वर्षको साक्षरता दर | ७८. | ७८.५ | ७९. | ७९.५ | ८०. | ८१. | ८१.० | ८६.० |
| 4.3 | | १५ वर्षमाथिको साक्षरता दर | ७४. | ७५. | ७६. | ७७. | ७८. | ७९. | ७९.० | ८४.५ |
| 5.1 | **महिला शिक्षक प्रतिशत** | आधारभूत तह (कक्षा १-८) | ५० | ५० | ५० | ५० | ५० | ५० | ५०.० | ५०.० |
| 5.2 | | माध्यमिक तह (कक्षा९-१२) | १८ | २० | २२ | २४ | २७ | ३० | ३०.० | ५०.० |
| 6.1 | **PMEC पुरा गरेका विद्यालय को प्रतिशत** | बालविकास | ६५. | ६६. | ६७. | ६८. | ६९. | ७०. | ७०. | ९०.० |
| 6.2 | | आधारभूत | ८०. | ८२. | ८४. | ८६. | ८८. | ९०. | ९० .० | १००.० |
| 6.3 | | माध्यमिक | ९०. | ९१. | ९२. | ९३. | ९४. | ९५. | ९५. | १००.० |
| 7 | **स्थानीय तहमा शिक्षाको वजेट प्रतिशत** | कूल वजेटको शिक्षा क्षेत्रमा विनियोजित वजेट*(%) | १. | ३. | ५. | ७. | ९. | १२. | १२.० | १६.० |

धनकुटा न. पा. शिक्षा योजना

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 8.1 | **छोड्नेदर** | आधारभूत तह (कक्षा१-८) | २. | १.९ | १.८ | १.७ | १.६ | १.५ | १.५ | १.० |
| 8.2 | | माध्यमिकतह (कक्षा ९-१०) | १.५ | १.४ | १.३ | १.२ | १.१ | १. | १.० | ०.५ |
| 9.1 | **दोर्याउनेदर** | आधारभूत तह (कक्षा १-८) | ३.३ | ३. | २.८ | २.७ | २.६ | २.५ | २.५ | १.२ |
| 9.2 | | माध्यमिकतह (कक्षा ९-१०) | १. | १. | १. | ०.९ | ०.९ | ०.८ | ०.८ | ०.५ |
| 10.1 | **सिकाइ उपलब्धी दर** | कक्षा ८ मा३.२ बाट ३.६ ग्रेड ल्याउने % | ९.२ | ९.५ | १०. | १०.५ | ११. | १२. | १२ | १५.५ |
| 10.2 | | कक्षा ८ मा३.६ बाट ४.० ग्रेड ल्याउने % | ३.५ | ४. | ४.५ | ४.८ | ५. | ५.५ | ५.५ | १० |
| 10.3 | | कक्षा SEE मा ३.२ बाट ३.६ ग्रेड ल्याउने % | ३.६ | ४. | ४.४ | ४.७ | ५. | ५.५ | ५.७ | १०.५ |
| 10.4 | | कक्षा SEE मा ३.६ बाट ४.० ग्रेड ल्याउने % | १.४ | १.९ | २.५ | २.९ | ३.३ | ३.६ | ३.६ | ७.० |
| 11.1 | **प्रारम्भिक कक्षाको पठनसीप** | CB EGRA कक्षा १ समग्र | ७८.५ | ७९. | ८०. | ८१. | ८२. | ८३.६ | ८३.६ | ८६.८ |
| 11.2 | | CB EGRA कक्षा २ समग्र | ७१. | ७२. | ७३. | ७४. | ७५. | ७७. | ७७.० | ८०.० |
| 11.3 | | CB EGRA कक्षा ३ समग्र | ७४. | ७५. | ७६. | ७७. | ७८. | ७९. | ७९.० | ८४.३ |